फागुन २४, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



# माओवादी दादागिरी

## छायाँमा निर्वाचन र शान्ति प्रक्रिया

मूल्य रु. २५






नेपालगन्जमा आयोजित सभामा आएका माओवादी हतियारधारीहरू

डी भण्डारी





वर्ष ३, अंक १४६, फागुन १८–२४, २०६३





आवरण : राजधानीको सडकमा खुँडा बोकेर दादागिरीमा उत्रिएका माओवादी कार्यकर्ता। *तस्बिर : रवि मानन्धर*

**आवरण :** पछिल्लो समयमा माओवादी दादागिरी निकै हदसम्म बढेको छ। राजधानीमा खुँडा लिएर सर्वसाधारणमाथि आक्रमण गर्दै हिँड्न पछि नपर्ने मात्र होइन, माओवादीका एक विधायकले सिंहदरबारभित्र भएको सर्वदलीय कार्यक्रममै 'मसँग पेस्तोल छ, कारबाही गर्न सक्छौ ?' भनेर सरकारलाई चुनौती दिए। उता दाङमा प्रचण्डले भने, 'कि प्रचण्ड छन् कि ज्ञानेन्द्र !' मुलुकलाई कता डोऱ्याउन चाहिरहेका छन्, माओवादीले ? २८

## विशेष रिपोर्ट

दुई महिनाभन्दा लामो समयदेखि मुलुक बन्द–राजनीतिको सिकार भइरहेको छ। बन्दले मुलुकका कुनै पनि गाउँ अप्रभावित छैनन् २४

## शिक्षा

मन्टेस्वरी स्कुलमा अब सर्वसाधारणको पनि पहुँच पुग्न थालेको छ १६

## समाज

अन्तरजातीय विवाह सबैले स्विकार्दै गएका छन् २०

## अन्तर्वार्ता

संघीय राज्यबारे भूगोलशास्त्रका प्राध्यापक डा. पीताम्बर शर्माको धारणा २२

## रिपोर्ट

तराईमा आन्दोलनरत फोरम र जनतान्त्रिकका घटिया क्रियाकलापहरू ३८

## आर्थिक

डडेलधुराका तरकारी किसानहरूले बजार पाए ४४



**रंग :** नेपाली सिनेमाका नायिकाहरू बिस्तारै बिहेप्रति आकर्षित भइरहेका छन्। बिहे भएका खुसी, नभएकाहरू पनि गर्न आतुर छन् ५४

ज्योति देवकोटा


सम्पादकीय ............ ५
चसक ............ ६
डाँक ............ ८
मुलुक ............ १२
आर्थिक टिपोट ............ ४६
साहित्य ............ ५१
अनुहार ............ ५७
शून्य समय ............ ५८

समय
राष्ट्रिय साप्ताहिक
का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**सहायक सम्पादक**
राजेश घिमिरे
मनोज दाहाल
**विशेष संवाददाता**
विश्वमणि पोखरेल
**प्रमुख संवाददाता**
किरण भण्डारी
**वरिष्ठ संवाददाता**
सुवास देवकोटा
मधुसूदन पौडेल
नवीन अर्याल
छत्र कार्की
**संवाददाता**
गोविन्द परियार
ज्योति देवकोटा
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**लेखा**
गोपाल भट्टराई
राजकुमार श्रेष्ठ
**वितरण**
दीपक श्रेष्ठ
मिलन लम्साल
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा

**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा
प्रकाशित तथा
मिलेनियम प्रेस, हात्तीवन,
ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@vianet.com.np
**प्रमुख वितरक**
काष्ठमण्डप डिष्ट्रिव्यूसन प्रा. लि.
टेकु काठमाडौं
फोन नं. २०१०८२१, २२२०३२२


# गम्भीरताको खाँचो

शान्ति प्रक्रियाले सात दल र माओवादीबीच भएका सहमति र समझदारीका विभिन्न चरणहरू पार गरेको छ । अन्तरिम संसद्को गठन र अन्तरिम संविधान जारी भएको घोषणापछि अन्तरिम सरकारको निर्माण अर्को स्वभाविक र महत्त्वपूर्ण विन्दु हो, त्यो प्रक्रियामा । यसै पनि माओवादीसहितको अन्तरिम सरकार गठन निर्धारित समयभन्दा दुई महिना ढिलो हुनु शान्ति प्रक्रियाका हिसाबले सुखद लक्षण हैन ।

तर, अन्तरिम सरकारको निर्माण र त्यसमा माओवादीको प्रवेशलाई एउटा राजनीतिक औपचारिकताका रुपमा लिइनु उपयुक्त हुनेछैन । जवाफदेहिता र सामूहिक उत्तरदायित्वको सिद्धान्तमा त्यस्तो मन्त्रिपरिषद् आधारित हुनुपर्ने त न्यूनतम संसदीय मर्यादा नै हो । र, त्यो मर्यादा प्रदर्शन गर्न माओवादी तयार हुनेछन् भन्ने अपेक्षा गर्नु असान्दर्भिक नहोला । तर, माओवादीले अहिले संयुक्त राष्ट्रसंघ लगायत अन्तर्राष्ट्रिय जगत् र त्योभन्दा ज्यादा नेपाली जनतालाई आफू शान्ति प्रक्रियामा पूर्णतया इमानदार भएको सन्देश दिनु आवश्यक छ । उनीहरूको विश्वसनीयतामा आएको ह्रासले यो मुद्दा अझ बढी महत्त्वपूर्ण हुन पुगेको छ ।

हतियार पञ्जीकरण (रजिस्ट्रेसन)मा हतियार संख्या अपेक्षाभन्दा कम र लडाकुहरूको संख्या बढी देखाइएको मात्र हैन, त्यसमा माओवादीको इमानदारीलाई प्रधानमन्त्रीलगायत विविध पक्षले आशंका व्यक्त गरेका छन् । हतियारलाई 'खोलाले बगायो' भन्ने प्रचण्डको भनाइलाई सम्भवतः आवश्यक जिम्मेवारीबोध र गम्भीरताका साथ भोलि प्रचण्डले नै स्पष्टीकरण दिएमा त्यसले शान्ति प्रक्रियामा उनीहरूको गम्भीरताबारे आशंका बढाउनेछ ।

## सम्पादकीय


चितवनमा शिविर छोडेर निस्केका माओवादी

विनोद त्रिपाठी

संविधानसभाको निर्वाचन प्रक्रिया विश्वसनीयता र पारदर्शी हुनासाथै आतंक र भयको छायाँबाट उन्मुक्त अवस्थामा जनताले मत दिने वातावरण बनेमा मात्र त्यो निर्वाचनले जनादेशको प्रतिनिधित्व गरेको हुन्छ । अन्तरिम संसद्समेत हतियारको त्रासबाट मुक्त भइनसकेको वर्तमान अवस्थामा के एउटा सामान्य नागरिकले आफ्नो मत अभिव्यक्त गर्न सक्ला र ? संसद्मा हतियारसहित अवस्थित हुनु संसद् र शान्ति प्रक्रियाको उपहास हो । त्यसले माओवादीप्रति अविश्वास बढाउनेछ । के निर्वाचनका लागि आवश्यक अरू सर्तहरू पूरा भइसकेका छन् ? तराई, जनजाति र दलित लगायत तराई, पहाड र हिमालका प्रतिनिधित्व, स्रोत तथा संसाधनमाथि नागरिकहरूको अधिकार र शक्ति विकेन्द्रीकरणका साथै निर्वाचनको स्पष्ट मोडेलले नीतिगत ढाँचा नपाएको वर्तमान अवस्थामा यी मामिलाहरूलाई कसरी सत्ता, माओवादी र अन्य दल तथा सरोकारवाला समूहहरूले सम्बोधन गर्ने वातावरण बनाउन सकिएला र ? त्यो ज्यादा महत्त्वपूर्ण कुरा हो ।

यी सबै विषयका साथै हतियार व्यवस्थापन पूर्णरूपमा हुनु अझ आवश्यक भएको छ, विगत केही दिनका गतिविधिहरू नियाल्दा । यी सबै मामिलाहरूलाई गम्भीरता र जवाफदेहिताका साथ नलिने हो भने माओवादीको अन्तरिम सरकारमा प्रवेश अर्थहीन अभ्यास हुनेछ । हिंसाको प्रयोग, गैरकानुनी तथा जबरजस्ती चन्दा असुली, लुट, अपहरण र आन्तरिकरुपमा विस्थापित मतदाताहरूको व्यवस्थापन नगरी न चुनाव हुन सक्छ न अन्तरिम सरकारकै अस्तित्वले खासै वैधानिकता पाउनेछ, मुलुकभित्र र बाहिर । ■




## समय साता

### मृत्यु

काठमाडौंबाट वीरगन्जतर्फ जाँदै गरेको यात्रुवाहक बस पृथ्वीराजमार्गको कुरिनघाट नजिक दुर्घटना, १५ यात्रुको मृत्यु, १८ घाइते ।

### तयार
निर्वाचन आयोगद्वारा राजनीतिक दलको सञ्चालन, आम्दानी र स्रोत पारदर्शी गर्न र जनचाहनाअनुसार संविधानसभाको निर्वाचन सम्पन्न गर्न दलसम्बन्धी कानुनको विधेयक मस्यौदा प्रस्ताव तयार ।

### सम्झौता
भारत र पाकिस्तानबीच बढ्दै गएको तनाव कम गर्न भारतीय विदेशमन्त्री प्रणव मुखर्जी र तथा पाकिस्तानी समकक्षी खुर्सिद कसुरीबीच परमाणु जोखिम कम गर्ने सम्झौता ।

### आग्रह
सरकारले माओवादी जनमुक्ति सेनाको शिविर व्यवस्थापनमा कुनै कमी हुन नदिने भन्दै गृहमन्त्री कृष्ण सिटौलाद्वारा शिविर माओवादी सेनालाई शिविर नछाड्न आग्रह ।

### झडप
माओवादीको कार्यक्रमका लागि आमसभाको तयारी गरिरहेका बेला भैरहवामा मधेसी जनाधिकार फोरम र माओवादीबीच झडप, नौजना घाइते । भैरहवा दिनभर तनावग्रस्त ।

### दाबी

माओवादी अध्यक्ष प्रचण्डद्वारा प्रतिगामी तत्त्वहरूद्वारा आफू र आफ्ना पार्टीका उच्च नेताहरूको हत्या गर्ने षड्यन्त्र भइरहेको दाबी ।

### निर्णय
राजा ज्ञानेन्द्रको सम्पत्तिलाई राष्ट्रियकरण गर्न र राजा वीरेन्द्रसहितको परिवारको सम्पत्तिको नाममा कोष स्थापना गर्ने र आठ दलको सहमतिमा राजालाई कारबाही गर्ने मन्त्रिपरिषद्को निर्णय ।

### पुर्जी काटियो
पद तथा अधिकारको दुरुपयोग गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा विघटित शाही सरकारका चार मन्त्री कमल थापा, दानबहादुर शाही, टंक ढकाल र श्रीसशम्शेर राणालाई पुर्जी काटियो ।

### दर्ता
परिवर्तित परिस्थितिअनुसार राजनीतिक दलहरूले बन्द आह्वान गर्न नपाउने उद्देश्यले बनेको राजनीतिक दलसम्बन्धी नयाँ ऐन फागुन १५ गते संसद्मा दर्ता ।

### कब्जा
सुनसरीमा रहेको गोल्डेन हिल रिसोर्ट माओवादीका जनवर्गीय संगठनद्वारा कब्जा, रिसोर्टको आयव्यय निर्णयमा आफ्नो पनि सहभागिता हुनुपर्ने दाबी ।

### घेराउ
राजधानीमा ग्याँसको कृत्रिम अभाव सृजना । यसलाई सहज बनाइनुपर्ने मागसहित ग्याँस व्यवसायीद्वारा नेपाल आयल निगम घेराउ ।

### अवरोध
माओवादीद्वारा अन्नपूर्ण संरक्षण क्षेत्र परियोजना संचालनमा अवरोध ।

### मुक्त
भैरहवा घटनामा माओवादीले कब्जामा लिएका ४१ जना राष्ट्रसंघीय प्रतिनिधिको रोहवरमा मुक्त ।




## अस्थिर सरकार

*समय* (वर्ष ३, अंक १४५)को आवरण 'भुमरीमा सरकार' पढ्ने मौका पाइयो। जनआन्दोलनको बलपछि बनेको शक्तिशाली सरकारको अवस्था हेर्दा आफैंमा दयालाग्दो पाइएको छ। मुलुकमा भएका घटनालाई सबैले घुसपैठको संज्ञा दिएका छन् र त्यसप्रति कुनै दल जिम्मेवार नरहेको दलहरूका गतिविधिले देखाएका छन् भने तराईको आन्दोलनलाई एकलौटी बनाएको तराई जनअधिकार फोरम र तराई मुक्तिमोर्चाको मागलाई समेत सरकारले खासै चासो देखाउन सकेको छैन। यसले पक्कै पनि झन् ठूलो संकट निम्तिने संकेत देखिएको छ। मुलुकमा भएका अवाञ्छित गतिविधिलाई अवमूल्यन गर्ने हो भने सरकार दिनप्रतिदिन अस्थिर पो बन्दै गएको हो कि भन्ने भान हुन थालेको छ। जनआन्दोलनमा ज्यानको बाजी लगाएर सडकमा ओइरिएका जनताले यस्तै दुर्दशा देख्नका लागि लोकतन्त्रको नारा गुञ्जायमान बनाएका थिए ?

**दीपराज गौतम**
घट्टेकुलो, काठमाडौं

## घट्दो विश्वास

*समय* (वर्ष ३, अंक १४५)मा छापिएको 'खोपमा लापरवाही' शीर्षकको समाचार पढ्दा सरकारी स्वीकृतिबेगर खोप लगाउँदा नेपालगन्जवासीहरूमा औषधीको गुणस्तर र त्यसको प्रभावबारे चिन्तित हुनु परेको खबरले दुःखी तुल्यायो। हेपाटाइटिसविरुद्ध खोप लगाइसकेपछि आजीवन रुपमा छुट्कारा पाइन्छ भन्ने ओलम्पिया संस्थाका गतिविधिलाई स्वास्थ्य विभागले स्वीकृति दिएको हो वा हैन। यसबारे आवश्यक छानबिन हुन जरुरी छ।

**डिबी रक क्षेत्री**
चौरी, कैलाली

## यौनको भुमरीमा अल्झिएका बादी

नेपाल एकीकरण हुनुभन्दा पहिले पश्चिममा चौबीसे राज्य थियो। ती राज्यमध्ये सल्यानको राजाले मनोरञ्जनका लागि केही नर्तकीका रुपमा महिला र पुरुषहरू भारतबाट झिकाएका थिए। ती महिलाहरूलाई नर्तकी मात्र नभई यौनशोषण समेत गरियो। यौनशोषणबाट जन्मिएका बच्चाहरूको कसैले जिम्मेवारी लिएन। बरु अहिलेसम्म यौन तृप्त गराउने समुदायको रुपमा रहेका छन्। पश्चिम नेपालको सल्यान, दाङ, नेपालगन्ज आदि ठाउँहरूमा रहेका 'बादी' समुदायको कष्टकर जीवन कुन 'तन्त्र' र कसले बुझ्ने ?

अल्पसंख्यकमा रहेका 'बादी' समुदाय नागरिकता, शिक्षा र राज्यले प्रदान गर्ने नागरिकहरूबाट वञ्चित छन्। उनीहरूको समस्या पत्रपत्रिकामा कहिलेकाहीँ लेखिए पनि राज्यले अझै हेर्न सकेको छैन। केही गैरसरकारी संस्थाहरू बादी उत्थानमा संलग्न रहेको

देखिन्छ, तर ती संस्थाले वास्तविक उत्थानभन्दा आफूले कमाउने संस्थाको रुपमा संस्थालाई प्रयोग गरिएको पाइन्छ। जसले गर्दा बादी समुदाय अति विपन्न अवस्थामा रहेका छन्। उनीहरू समाजबाट मात्र तिरस्कृत नभई राज्यले समेत उपेक्षा गरेको छ।

राज्यले उनीहरूलाई यौनव्यवसायमा होइन, अरू विकल्पहरूको अवसर दिलाउन सक्नु पर्दछ।

वर्षौंदेखि यौनशोषण गरिँदै आएका बादीहरूको जीवन अनुचित यौनशोषण, कुटपिट र सामाजिक तिरस्कारबाट कहिलेसम्म गुज्रिरहने ?

**टहल दाहाल 'नवकिरण'**
दोलखा,
हाल : विश्वभाषा क्याम्पस,
प्रदर्शनीमार्ग, काठमाडौं

## माओवादीको बलमिचाइँ

*समय* (वर्ष ३, अंक १४५)शान्ति प्रक्रियामा हिँडेका माओवादीहरूको व्यवहार भने हस्तक्षेपकारी देखिँदै आएको छ। उनीहरूद्वारा गरिने हत्यामा कमी आएको छ, तर अपहरण, चन्दा असुली र हातपातमा अझ केही कमी आएको छैन। अर्काको व्यक्तिगत सम्पत्तिमा कब्जा जमाउने, अरूको झगडामा हस्तक्षेप गर्ने, अपहरण गरेर प्रशासनको शैलीमा कागज गराएर मात्र छाड्ने जस्ता अधिकार माओवादीलाई कहाँबाट प्राप्त भएको छ ? यो सबै उनीहरूले आफ्नो हतियारको डर देखाएर मात्र गरिरहेका छन्। लहानमा केही समयअघि माओवादीले आन्दोलनकारीलाई गोली हानेर मारेपछि बन्दुककै बलमा लाससमेत लिएर गएका थिए।

माओवादीहरूले युद्धकालमा भन्दा पनि सहज किसिमले आफ्नो तानाशाही प्रवृत्ति जनतामाथि लाद्दै गएका छन्। उनीहरूका लागि सरकारको कुनै अर्थ छैन। उनीहरूलाई कानुनले अझसम्म छुन सकेको छैन। जनताका नाममा उनीहरूले जति हत्या गरे पनि सरकार मौन छ। समग्रमा माओवादीहरूको अहिलेसम्मको क्रियाकलाप हेर्दा उनीहरूलाई संविधानसभातर्फ कुनै रुचि भएको देखिँदैन। संविधानसभाको निर्वाचनको फैसला यदि जनताको अभिमतबाट हुने हो भने जनतालाई आकर्षित गर्ने काम माओवादीले थाल्ने थिए। बारुदी उन्मादमा मदमस्त माओवादीहरूको विश्वास (सम्भवतः लक्ष्य पनि) अहिले पनि डर त्रासबाटै निर्वाचन जित्ने जस्तो छ।

**शान्तनु उपाध्याय**
नयाँबानेश्वर, काठमाडौं।

## सरकारको चाला

*समय* (वर्ष ३, अंक १४५)मा सरकारले विद्यालय शिक्षालाई कक्षा १२ सम्म पुऱ्याउने योजना बनाउन लागेको भए पनि यसका लागि कुनै तयारी नगरेको पढ्न पाउँदा छक्क लाग्यो। कुनै तयारीविना किन सरकारले यस्तो योजना ल्याएको होला भनेर म अचम्भित छु।



पर्याप्त तयारीविना कार्यदलको सुझावका आधारमा योजना बनाउने हो भने यो कार्यान्वयन नहुने निश्चित छ। कक्षा ११ र १२ मात्र सञ्चालन भएका उच्चमाविलाई कुन दायरामा ल्याउने भन्ने कुराको टुंगो नलाई हचुवाका आधारमा यस्तो निर्णय किन गरियो, बुझ्न सकिएन।

हुनत शिक्षा क्षेत्रमा मात्र होइन, अन्य क्षेत्रमा

समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस्। फोनः ४४४३८८८/२११२०९४

पनि सरकारको उही चाला देखिन्छ ।

**रामप्रसाद दाहाल**
जितपुर-१, काठमाडौं

## राम्रो कथा

*समय* (वर्ष ३, अंक १४५)मा प्रकाशित नवीन विभासको कथा 'यक्षप्रश्न' राम्रो लाग्यो । माओवादी



छापामारको मनोविज्ञानलाई चित्रण गर्न कथाकार सफल भएका छन् । जनताको मुक्तिका लागि लडेको छापामार कमरेड सन्देशको मनमा हतियार व्यवस्थापन भएपछि आएका अन्तरद्वन्द्व सूक्ष्म रूपमा चित्रण गरिएको छ, कथामा । कमरेड सन्देशले त पार्टीको निर्णय सिरोपर गर्दै आफ्नो चित्त बुझाउलान्, तर उनीभन्दा तल्लोस्तरका कार्यकर्तालाई कसरी सम्झाउने भन्ने उत्तर स्वयं सन्देशमा पनि छैन ।

युद्धकालीन समयको परिवेशलाई उतारिएका कथाहरू आगामी अंकमा पनि पढ्न पाइयोस् ।

**दलबहादुर बुढा**
रोल्पा
हाल : काठमाडौं

## फिल्ममेकिङमा सुधार जरुरी

*समय* (वर्ष ३, अंक १४५)मा सिनेक्षेत्रबारे पढ्न पाइयो । सिनेमा निर्माणमा मात्र बाढी ल्याउने होइन, अन्य प्रविधि र फिल्ममेकिङमा पर्याप्त ध्यान नदिने हो भने संख्यामात्र बढ्दैमा नेपाली चलचित्र बजार उभो लाग्दैन । निर्माताहरूले अहिलेको बजार मागलाई राम्रोसँग नबुझी फिल्ममा पैसा हाल्ने हो भने उनीहरूको लगानी डुब्न बेर छैन । निर्माताहरूले लगालग नयाँ सिनेमाको घोषणा गर्नुभन्दा कथा, विषयवस्तु र सिनेमा निर्माणको शैलीमा सुधार ल्याउनु पर्छ ।

**विक्रम कार्की**
झापा



## शान्ति कि कुर्सी ?

सरकार र माओवादीबीच शान्ति सम्झौता भए पनि देशमा बन्द हड्तालजस्ता क्रियाकलापहरू कायमै रहेको छ । यसरी सधैं बन्द आमहड्ताल जस्ता कायम रहने हो भने देशमा शान्ति सम्झौता भएको के अर्थ रह्यो । मानवजीवनमा सुखको सास भने कहिल्यै पनि फेर्न नपाउने भएका छन् । बाटोमा कयौं यात्रु अलपत्र परेका छन् । त्यसका लागि न त सरकार गम्भीर देखिन्छ न माओवादी नै । यिनीहरूले जनतालाई शान्ति दिलाउँछौं भनेर मञ्चमा चर्को भाषण गर्छन् । के यही हो शान्ति ? अहिले आएर जनताका लागि होइन कुर्सीको लागि लडिरहेछन् ।

**गणेश श्रेष्ठ**
खोटाङ
हाल : काठमाडौं


रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज



**रेडियो खबर पत्रिका**
पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**
ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**
हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोन: ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org



# माओवादीलाई पानी छैन

■ गोविन्द परियार/बेलसोत, उदयपुर

**पिउने पानीको मुहान सुकेपछि करिब एक हजारको संख्यामा रहेका यहाँका छापामारहरूले स्थानीय बेलसोत खोलाको पानी पिउने गरेका छन् ।**

उदयपुरको बेलसोतमा रहेको माओवादीको 'विशालकुमार स्मृति ब्रिगेड'मा शुद्ध पिउने पानीको अभावमा लडाकुहरू बारम्बार विरामी पर्ने गरेका छन् । शिविरमा प्रयोग गर्दै आएको पानीको मुहान सुकेपछि यहाँका छामापारहरूलाई पिउने पानीको समस्या परेको छ । माओवादीको दोस्रो डिभिजनअन्तर्गतको सहायक शिविर रहेको यो ब्रिगेडमा नौ सय पचास छापामार छन् ।

छापामारहरू बस्नको लागि बनाइएको अस्थायी घरमा पानी परेको समयमा सबै पानी भित्र पस्ने र त्रिपाल हावाले उडाउने गरेको छापामारहरूले *समय*सँग बताए । पिउने पानीको मुहान सुकेपछि करिब एक हजारको संख्यामा रहेका यहाँका छापामारहरूले स्थानीय बेलसोत खोलाको पानी पिउने गरेका छन् । खोलाको पानी प्रदूषित भएका कारण छापामारहरू विरामी पर्न थालेको विशालकुमार स्मृति ब्रिगेडका कार्यालय सचिव वसन्तले *समय*सँग बताए । वसन्त भन्छन्, 'पानीको कुनै विकल्प नभएपछि खोलाको पानी खान थालियो, तर पानी शुद्ध नभएका कारण साथीहरू विरामी पर्न थालेका छन् ।' छापामारहरूलाई रसद र सामान्य खर्चबाहेकका अन्य आवश्यकता स्थानीय तहमै व्यवस्थापन गर्ने भन्ने पार्टीको नीतिअनुरूप यहाँका छापामारहरूले खोलाको किनारमा इनार खनेका थिए । इनारबाट पनि सफा पानी नआएपछि यो शिविरमा खानेपानीको समस्या बढ्दै गएको छ ।

उता छापामारहरू विरामी पर्दा आवश्यक सामान्य औषधीको समेत शिविरमा कुनै व्यवस्था छैन । वसन्त भन्छन्, 'प्राथमिक उपचारको लागि आवश्यक कुनै पनि औषधी हामीसँग छैन, जसले गर्दा साथीहरू विरामी पर्दा समस्या भएको छ ।' संयुक्त राष्ट्रसंघले माओवादी लडाकु र हतियारको दर्ता प्रक्रिया पूरा भएको घोषण गरेको छ, तर शिविरहरूमा मानवीय अपरिहार्य आवश्यकता पूरा हुन सकेका छैनन् । अत्यावश्यक आवश्यकताको रुपमा रहेको पिउने पानीलगायतका समस्याले गर्दा शिविरमा थप संकट देखिएको छ । सरकारले विनियोजन गरेको रकमले शिविर व्यवस्थापन र छापामारहरूलाई रसदसम्म नपुगेको भन्दै केही शिविरबाट छापामार बाहिरिने गरेको सन्दर्भमा यहाँको शिविरमा भने आधारभूत सुविधाको समेत कमी रहेको देखिएको छ ।

बेलसोतको त्रिवेणी सामुदायिक वन क्षेत्रको करिब २० बिघा क्षेत्रफल ओगटेर बसेको यो शिविरमा पानीको प्रबन्ध गर्नको लागि छुट्टै परियोजना आवश्यक पर्ने भएकाले यसको तत्काल समाधान भने देखिँदैन । 'वैज्ञानिक प्रविधिबाट बेलसोत खोलाको पानीलाई प्रशोधन गर्न सकियो भने शिविरमा पानीको कारणले विरामी रोक्न सकिन्छ', वसन्तले भने । वसन्त भन्छन्, 'हामीले सकेसम्म खोलाको पानीलाई शुद्ध बनाउने कोसिस गरेका छौं, तर प्रविधि र साधन नभएका कारण पूर्ण शुद्ध बनाउन सकिएको छैन ।' गाँस, वास र कपासको राम्रो प्रबन्ध नभएको भन्दै यहाँका छापामारहरू सरकारसँग आक्रोशित देखिएका छन् । एक छापामार भन्छन्, 'शान्ति सम्झौतामा भएको सहमतिअनुसार सरकारले छापामारको भरणपोषणमा कुनै ध्यान दिएको छैन ।'

छापामारहरूलाई रासनको समेत व्यवस्था नगरेको भन्दै शिविरबाट कामको खोजीमा बाहिर निस्कन थालेपछि सरकारले माओवादी छापामारहरूलाई सेना र प्रहरी सरह नै दिनको ६० रुपैयाँ बजेट छुट्याउने भएको छ । सरकारको यो निर्णयले माओवादी शिविरहरूमा देखिएको रसदको समस्या भने समाधान हुनेछ, तर त्योसँगै अन्य अत्यावश्यक आवश्यकतामा भने माओवादी र सरकार दुवैको ध्यान पुगेको देखिदैन । राष्ट्रसंघले गणना गरेअनुरुप सरकारले प्रत्येक छापामारका लागि दैनिक ६० रुपैयाँका दरले मासिक पाँच करोड ५५ लाख रुपैयाँ रासन भत्ता दिने भएको छ । प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा बसेको अस्थायी शिविर व्यवस्थापन मूल समितिको बैठकले यस्तो निर्णय गरेको हो । उता सरकारले यसअघि माओवदी शिविर व्यवस्थापनको लागि दिएको ३५ करोड रुपैयाँको हिसाबकिताब नआएको बताएको छ ।

माओवादी प्रवक्ता कृष्णबहादुर महराले भने फागुन मसान्तसम्म सबै हिसाबकिताब सरकारलाई बुझाउने बताएका छन् । माओवादी शिविरमा शुद्ध पिउने पानी, शौचालय लगायतका न्यूनतम आवश्यकताहरूको व्यवस्थापन चुस्तरुप हुन सकेको छैन । आफ्ना शिविरहरू बनाउनमै धेरै समय खर्च गरेका माओवादी छापामारहरूले यस्ता आवश्यकतामा ध्यान दिएको देखिँदैन । यस्तो न्यूनतम आवश्यकतामा ध्यान नदिने हो भने यसले छापामारहरूको स्वास्थ्यमा नकारात्मक असर पुऱ्याउने विज्ञहरूले बताएका छन् ।




# 'आवश्यकता धार्मिक सञ्जालको'

■ रुद्र खड्का/नेपालगन्ज

दुई महिनाअघि नेपालगन्जमा फैलिएको साम्प्रदायिक दंगापछि जनस्तरबाट गठित नागरिक अनुगमनको टोलीले पटक-पटक फैलने गरेको हिंसात्मक दंगा नियन्त्रणको लागि धार्मिक र शान्ति सञ्जाल गठन गरी सञ्चालनमा ल्याउनु पर्ने सुझाव दिएको छ।

सद्भावना पार्टीले बन्दको आह्वान गरेका बेला सानो निहुँमा फैलिएको दंगाको वास्तविक कारण र आउँदा दिनमा गर्न सकिने रोकथाम अध्ययनको लागि यहाँका नागरिक समाजद्वारा गठित उक्त समितिले नेपालगन्ज घटनाको प्रतिवेदन सार्वजनिक गर्दै समाजमा शान्ति सद्भाव कायम राखी राख्न यस्तो सिफारिस गरेको हो।

नागरिक समाजका तर्फबाट गठित उक्त समितिले समाजमा शान्ति कायम राख्न सबै धर्मका अगुवाहरूको नेतृत्वमा एक सञ्जाल गठन नगरे साम्प्रदायिक दंगा जहिले पनि फैलन सक्ने खतरा जनाउँदै नियन्त्रणको लागि कठिनाइ हुने ठहरसमेत गरेको छ। उक्त समितिका संयोजक शालिकराम सापकोटा भन्छन्, 'साम्प्रदायिक हिंसा नियन्त्रणको एक मात्र उपाय समाजमा सबैको विश्वासको वातावरण बनाइराख्न र सहअस्तित्वको अवस्था कायम राख्नु हो।'

जनस्तरीय नागरिक छानबिन समिति नाम दिइएको उक्त टोलीका अनुसार पुस १० देखि १३ गतेसम्म फैलिएको दंगाको क्रममा झन्डै ८ करोड रुपैयाँबराबरको निजी तथा सार्वजनिक सम्पत्ति नष्ट भएको दाबी छ। साथै उक्त समितिले कर्फ्यु लगाएको समयमा धेरै जनधन क्षति भएको जनाउँदै प्रहरी र प्रशासनका अधिकारीहरूलाई कारबाहीको माग गरेको छ।

यता दुई महिनाअघि भएको दंगाको क्रममा सम्पत्ति नष्ट भएका पीडितहरूले अहिलेसम्म राहत नपाएको भन्दै नेपालन्जमा विरोध कार्यक्रम सुरु गरेका छन्। नेपालगन्ज घटनाका पीडित संघका अध्यक्ष डिल्लीविक्रम मल्लका अनुसार सरकारले घटनापछि कुनै चासो नदिएका कारण विरोधका कार्यक्रमहरू सुरु गरिएको हो।


शालिकराम सापकोटा

यसैबीच यही फागुन १२ गते नेपालगन्जमा मधेसी फोरमले आयोजना गरिरहेको सभास्थल हुँदै माओवादीले प्रचण्डले सम्बोधन गर्ने आमसभाको प्रचार-प्रसारको लागि मोटरसाइकल ऱ्याली निकाल्न खोज्दा झडप भयो। आमसभास्थल हुँदै मोटरसाइकल ऱ्याली गर्न नदिएको निहुँमा माओवादीले मधेसी फोरमले तयार पारेको मञ्च तोडफोड गरेपछि फोरमका कार्यकर्ताले माओवादीको पार्टी कार्यालय तथा प्रचण्ड सहभागी हुने आमसभाको प्रचार-प्रसारमा लागेको जिपलाई आगजनी गरेका थिए।



# बल्ल चुनिए चिकित्सक पदाधिकारी

**नेपाल चिकित्सक** संघको निर्वाचन सम्पन्न भएको झन्डै एक महिनापछि परिणाम आएको छ। माघ १६ देखि २० गते देशभर मतदान हुने पूर्व निर्धारित कार्यक्रममा वीरगन्ज, लहान र राजविराजमा अवरोध आएपछि संघको केन्द्रीय कार्यसमितिको निर्वाचन परिणाम फागुन दोस्रो साता मात्र प्राप्त भएको छ। मधेस आन्दोलनको गढ भएकाले ती केन्द्रमा केही दिनअघि मात्र मतदान भएको थियो।

पेसाकर्मीहरूको जेठो संगठन चिकित्सक संघमा प्रजातान्त्रिक र वामपन्थीहरूको संयुक्त प्यानल निर्वाचित भएको छ। २००७ सालमा प्रजातन्त्र स्थापना भएलगत्तै स्थापित संघको आगामी दुई वर्षका लागि भएको निर्वाचनमा सदस्य पदमा प्यानल बाहिरकी डा. ओमविक्रम विष्ट निर्वाचित भएकी छन्।

संयुक्त प्यानलको उम्मेदवारीअनुसार अध्यक्षमा त्रिवि शिक्षण अस्पतालका डा. चोपलाल भुसाल र महासचिवमा कान्ति बाल अस्पतालका डा. केदारनरसिंह केसी विशाल मतअन्तरले विजयी भएका छन्। भुसाल जनान्दोलन-२ मा चिकित्सकहरूको तर्फबाट आन्दोलनको नेतृत्व गर्नेमध्ये हुन् भने केसी आन्दोलनको पहिलो दिन चैत २४ मै प्रहरीको आक्रमणबाट सख्त घाइते भएका थिए।

## विजयी पदाधिकारीहरू

| | |
|---|---|
| अध्यक्ष | डा. चोपलाल भुसाल |
| महासचिव | डा. केदारनरसिंह केसी |
| वरिष्ठ उपाध्यक्ष | डा. किरणप्रसाद श्रेष्ठ (निर्विरोध) |
| उपाध्यक्ष | डा. शीला वर्मा (निर्विरोध) |
| कोषाध्यक्ष | डा. अरुण दीक्षित (निर्विरोध) |
| सहसचिव | डा. गोपाल खनाल (निर्विरोध) |
| सह-कोषाध्यक्ष | डा. राजेश श्रेष्ठ (निर्विरोध) |
| सदस्य | डा. विश्वराज जोशी |
| " | डा. पशुपति रेग्मी |
| " | डा. मनोहर जोशी |
| " | डा. अञ्जनीकुमार झा |
| " | डा. सरिता पाण्डे |
| " | डा. ओमविक्रम विष्ट |

मधेस, जनजाति र आदिवासीको नेतृत्वमा जारी विभिन्न आन्दोलनका कार्यक्रमले चिकित्सकहरूको निर्वाचन पनि प्रभावित भएको छ। २१ सयभन्दा बढी चिकित्सकहरू संघमा आबद्ध भए पनि एक हजारभन्दा कमले मात्र मतदानमा भाग लिएका छन्।

चिकित्सकहरूको हकहित र सुरक्षालाई प्राथमिक कर्तव्य ठानेर कार्यसमितिले कार्यआरम्भ गर्ने नवनिर्वाचित महासचिव केसीले *समय*लाई बताएका छन्।

'पेसागत हक हितका साथै हामी चिकित्सा सेवाको गुणस्तर अभिवृद्धि र विरामीको सेवामा समर्पित रहन संघको तर्फबाट योगदान पुऱ्याउनेछौं', भावी मार्गचित्रबारे जानकारी दिँदै डा. केसी भन्छन्।

सम्पूर्ण चिकित्सकलाई संघमा संगठित बनाउने तल्लीन रहने घोषणा पनि पदाधिकारीहरूले गरेका छन्। मेडिकल काउन्सिलबाट इजाजत लिएर मुलुकभर सेवारत डाक्टरहरूको संख्या ६ हजारभन्दा बढी भए पनि संघमा एक तिहाइ मात्र आबद्ध छन्। ■




जनताको पीरमर्का सुन्न र रचनात्मक सुझावहरू ग्रहण गर्न नेपाल सरकार सधैं तत्पर र जागरुक छ। साथै समस्या निराकरण गर्न सुझावको अपेक्षा पनि गर्दछ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग



◀ दामोदर गौतम

# राजावादीले धम्क्याएको आरोप

विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समितिका अध्यक्ष दामोदर गौतमले समितिभित्र रहेका राजावादीहरूले आफूलाई धम्क्याएको बताएका छन् । गत असारमा बनेपामा सम्पन्न सम्मेलनबाट अध्यक्ष चुनिएका गौतमविरुद्ध 'कोरम' नपुगेको सम्मेलनबाट जबरजस्ती कार्यसमिति बनाएको जनाउँदै जिल्लाप्रशासन कार्यालय, काठमाडौंमा उजुरी हालेका थिए । पछि काठमाडौं जिल्ला प्रशासन कार्यालयले सम्मेलनका कागजात अध्ययनपछि आवश्यक गणपूरक संख्या पुगी नियमानुसार सम्मेलन सम्पन्न भएको निर्णय गरी गौतमका पक्षमा निर्णय गरेको थियो ।

जिल्ला प्रशासन कार्यालयको निर्णयपछि समितिका राजा निकट व्यक्तिहरूको सक्रियतामा जिल्ला अदालतमा मुद्दासमेत दायर गरिएको थियो । लोकतन्त्र स्थापनापछि समितिमा पनि लोकतन्त्र पक्षधर व्यक्तिहरूले नेतृत्व लिनुपर्छ भन्नेहरूको बहुमत देखिएपछि आफूले नेतृत्व सम्हालेको अध्यक्ष गौतम बताउँछन् । उनी भन्छन्, 'महासंघ राष्ट्रिय समितिलाई लोकतान्त्रिक पद्धतिअनुसार अघि बढाउनुपर्छ भन्ने आवाज पहिल्यैदेखि उठिरहेको थियो । अधिवेशनले दिएको जनमतबाट म अध्यक्ष चुनिएको हुँ, तर असन्तुष्ट व्यक्तिहरूले अनेक आरोप लगाउँदै मलाई त्यस बेलादेखि नै धम्क्याउने गरेका छन् ।'

अध्यक्ष गौतमले आफूलाई गलहत्याउन उक्त समूहले अनेक प्रपञ्च रचेको जनाएका छन् । लोकतन्त्रप्रति आस्था नराख्ने व्यक्तिहरू आफूविरुद्ध प्रस्तुत भएको उनले जनाएका छन् । तर, गौतममाथि विदेशभ्रमणलगायत निजी काममा समितिको कोषबाट खर्च गरेको आरोप अध्यक्ष गौतममाथि लागेको छ । अध्यक्ष गौतमले उक्त आरोप कपोलकल्पित भएको जनाउँदै महासंघ राष्ट्रिय समितिका जयप्रकाश, रेवतीरमण खनाललगायतले धम्की दिएको जनाएका छन् । अर्कोतर्फ खनाल भने गौतमले आफूलाई भरतकेशर सिंहसँग जोडेर वक्तव्य निकाल्नु पूर्वाग्रहबाहेक केही नभएको बताउँछन् । उनी भन्छन्, 'म अहिले राष्ट्रिय समितिमा सक्रिय छैन, आफ्ना गल्ती ढाकछोप गर्न मलाई अनावश्यक विवादमा मुछ्नुको कुनै तुक छैन ।' ■



◀ दीपक ज्ञवाली

# समय सहकर्मीमाथि आक्रमण

*समय* साप्ताहिकका बुटवलस्थित क्षेत्रीय प्रतिनिधि दीपक ज्ञवाली राजाको प्रत्यक्ष शासनका बेला मेयरमा निर्वाचित रूपसिंह थापाका समर्थकहरू र आठ दलका विद्यार्थी संगठनहरूको भिडन्तको क्रममा गम्भीर घाइते भएका छन् । फागुन १५ गते बुटबल बहुमुखी क्याम्पसमा नेपाल मगर संघले वार्षिक दिवस मनाउन आयोजना गरेको कार्यक्रममा थापा अतिथि निम्त्याइएका थिए । अतिथि थापालाई कालोमोसो दलेर नगरपरिक्रमा गराउने आठ राजनीतिक दलका विद्यार्थीहरूले दबाबमूलक कार्यक्रमका कारण दुई पक्षबीच भिडन्त भएको थियो ।

ज्ञवालीका साथै बुटबलबाट प्रकाशित हुने 'नवतिलोत्तमा'का टोपराज शर्मा तथा 'जनसंघर्ष'का श्यामलाल पोखरेलमाथि थापाका समर्थकहरूले आक्रमण गरेका थिए । चार-पाँचजनाको समूहले क्यामरा खोसेर मरणासन्न हुने गरी कुटपिट गरेका थिए ।

पत्रकारहरू समाचार संकलन र फोटो खिचिरहेका बेला थापाका समर्थकहरूले ढुंगा, रड र फलामका पाइपले आक्रमण गरेका थिए । ज्ञवालीको टाउको गम्भीर चोट लागेको छ । उनको होस करिब १० घन्टापछि मात्र खुलेको थियो । ज्ञवाली टाउकोको दाहिनेपट्टिको भाग र गाला सुन्निएको छ । उनको उपचार लुम्बिनी अञ्चल अस्पतालका चिकित्सकबाट भइरहेको छ ।

पत्रकारहरूमाथिको आक्रमणविरुद्ध विभिन्न संघसंस्थाले भर्त्सना र निन्दा गर्दै दोषीमाथि कारबाहीको माग गरेका छन् । *समय*का सम्पादक युवराज घिमिरेले प्रेस विज्ञप्तिमार्फत आक्रमणको भर्त्सना गर्दै दोषीमाथि कारबाहीको माग गरेका छन् । 'हिंसा र अपराधका दोषी पत्ता लगाउने तथा उनीहरूलाई कानुनभित्र ल्याउने सम्पूर्ण दायित्व सरकार र कार्यक्रम आयोजक नेपाल मगर संघले लिनुपर्छ । आतंकको आडमा प्रेसको आवाज थुन्ने कल्पना निन्दनीय हो र अन्ततः निरर्थक पनि सावित हुनेछ', घिमिरेले भनेका छन् ।





# हिमपातले सुन्तला सोत्तर

हिउँ मनोरञ्जनको महत्वपूर्ण साधन पनि हो भने कसैको लागि त्यही बज्रपात हुन्छ। पर्वत बाँसखर्क गाविसका कृषकहरूलाई अहिले त्यस्तै वज्रपात हुन्छ। फागुन संक्रान्तिको दिन परेको हिमपातले बाँसखर्क गाविसअन्तर्गतका दर्जनौं सुन्तला बगैंचा सोत्र्याम भएका छन्।

सुन्तला उत्पादनबाट पश्चिमाञ्चल क्षेत्रमा ख्याति कमाएको बाँसखर्क गाविसमा अब ५ वर्षसम्म सुन्तला फल्ने छाँट छैन। स्थानीयवासी ७८ वर्षीय सुन्तला कृषक आफ्नो पुर्पुरोमा हात राखेर कर्मलाई धिक्कार्दै मर्म पोख्छन्, 'जुरुक्क उठेर आँखा मिच्दै सुन्तलाको बगैंचामा पुगें, बगैंचामा पुग्नासाथ भुइँभरि सुन्तला झरेको र रूखहरू भाँचिएको देखेपछि मन थामिनसक्नु भयो।'

यो गाविसमा अन्य बालीनालीका लागि उपयुक्त जमिन नभएकाले प्रमुख बाली सुन्तला नै हो। हिमपातले सोही गाविसको वडा ९ का कृषकहरूलाई कुनै प्रभाव पारेको छैन। हिमपातले सुन्तला टिपिसकेका बोटमा कम मात्रामा क्षति पुऱ्याएको छ भने सुन्तलासहितका बोट काम्रै नलाग्ने गरी भाँचिएका छन्। स्थानीय कृषक निरबहादुर खत्री मलीन अनुहारमा भन्छन्, 'जिन्दगीमा कहिल्यै नदेखेको कुराले ठूलो समस्या दियो, पछाडिका लागि सोचेर बसेका सम्पूर्ण सपना पुरिदियो।' फागुनको पहिलो साता बिक्री गर्दा दोब्बर मूल्य पार्न सकिने भएकाले नटिपी राखेको सुन्तला हिमपातले सखाप पाऱ्यो। पोहोर असिनाले फूल नलाग्दै सबै सखाप पाऱ्यो। पोहरभन्दा यस वर्ष सुन्तला बाक्लो फलेको थियो।

करिब ६ घन्टा लगातार परेको हिउँले सबै बोट ढाकेको कृषकहरू बताउँछन्। हिंउले कलिला बोटहरू सबै सखाप बनेको कृषक जगबहादुर खत्री बताउँछन्।

■ **सन्तोष थापा/पर्वत** (तस्वीर पनि)





# शिबिरले पढाइमा बाधा

■ **गोविन्द परियार/दुधौली, सिन्धुली** (तस्वीर पनि)

सिन्धुलीको दुधौलीमा बसेको माओवादीको दोस्रो डिभिजनले स्थानीय जनजागृति निम्न माध्यमिक विद्यालयको भवन कब्जा गरेकाले विद्यार्थीहरूको लागि कक्षा कोठाको अभाव भएको छ। स्कुलले बनाएको नयाँ भवनमा माओवादीको शिविर बसेका कारण एउटा कक्षा कोठामा दुईवटा कक्षा संचालन हुँदै आएको छ।

जनजागृति निम्न माध्यमिक विद्यालयका शिक्षक सन्तोष बस्नेत भन्छन्, 'स्कुलमा भवन अभावका कारण नयाँ भवन बनाएका थियौं, माओवादीको शिविर त्यही भवन क्षेत्रभित्र बसेकाले उनीहरूले नै प्रयोग गरेका छन्।' दुधौली गाविसको १ नम्वर वडामा पर्ने यो स्कुलमा भवन अभावका कारण अधिकांश एउटा कोठामा दुईवटा कक्षा संचालन हुँदै आएका छन्। शिक्षक बस्नेत भन्छन्, 'भवन पर्याप्त नभएको र तत्काल नयाँ भवन बनाउन सक्ने अवस्था नरहेकाले एउटै कोठामा दुईवटा कक्षा संचालन गर्नुबाहेक अन्य विकल्प हामीसँग छैन।' प्रस्तावित यो विद्यालयमा यसै शैक्षिक सत्रबाट कक्षा सात संचालन गर्ने तयारी गरिएको भए पनि त्यसको लागि तयार गरेको भवनमा माओवादीहरू बस्न थालेपछि यो वर्ष कक्षा संचालन नहुने भएको छ। त्यसो त मओवादीहरूले स्कुललाई कुनै पनि जानकारीविना नै स्कुलभवन प्रयोग गरेको गुनासो शिक्षक बस्नेतको छ। स्कुल भवन लगायत विद्यार्थीहरूको खेलमैदान पनि माओवादीकै कब्जामा परेको छ। रातमाटे सामुदायिक वन क्षेत्रमा पर्ने माओवादी शिविरभित्रको स्कुलको भवन सामुदायिक वनले स्कुलको नाममा हस्तान्तरण गरिसकेको छ। स्थानीयवासी वासुदेव कार्की भन्छन्, 'सामुदायिक वनले स्कुलको लागि तयार पारेको भवनमा माओवादीहरू बसेकाले विद्यार्थीको पठनपाठनमा असर पुगेको छ।'

स्कुलको भवन प्रयोग नगर्न माओवादीलाई बारम्बार अनुरोध गर्दा पनि नछोडेपछि स्कुल खाली गर्न जिल्ला प्रशासन कार्यालयसम्म गाउँलेहरू 'डेलिगेसन' गएका थिए। तैपनि स्कुल अझै माओवादीकै कब्जामा छ। कार्की भन्छन्, 'स्कुल क्षेत्रनजिक हतियारधारी समूह राख्न नपाउने हुँदाहुँदै पनि स्कुलको भवन कब्जा गरेर माओवादीका छापामार बस्दा समेत सरकारले कुनै चासो दिएको छैन।' माओवादी र सेना लगायत सशस्त्र समूहको शिविर राख्दा स्कुल क्षेत्रभन्दा टाढा राख्नु पर्ने भनिए पनि दुधौलीको माओवादी शिविरले यहाँको स्थानीय स्कुल नराम्ररी प्रभावित भएको छ। माओवादीको शिविरमा भएका सबै गतिविधि स्कुलको कक्षा कोठाबाट सजिलै नियाल्न सकिन्छ। स्थानीयवासीहरू स्कुलनजिकै माओवादीको शिविर ल्याएर राखेकोमा आफ्ना बालबालिकामा नकारात्मक असर पर्ने भन्दै आक्रोशित देखिएका छन्। स्थानीय बासिन्दा जयप्रसाद दाहाल भन्छन्, 'माओवादी शिविर नजिक भएकाले स्कुलको अध्ययनमा बाधा उत्पन्न हुनुका साथै बालमनोविज्ञानमा समेत नकरात्मक असर पर्ने देखिएको छ।'

उता माओवादीलाई भवन निर्माण गर्नको लागि रातामाटे लायतका अन्य छिमेकी सामुदायिक वनले आवश्यक काठसमेत उपलब्ध गराएका छन्। दुई नम्बर डिभिजनका सहायक कमान्डर प्रमोद भन्छन्, 'शिविर छनोट गरेको क्षेत्रमा स्कुलको भवन परेको छ, तर अहिले शिविर सार्न नसकिने भएकाले स्कुलको भवनमा केही समयको लागि पठन-पाठन रोकिएको छ।' शिविरको छनोटमा माओवादी र संयुक्त राष्ट्रसंघको नेपाल मिसन टोलीको समेत संलग्नता भए पनि स्कुल क्षेत्रभित्र परेको दुधौलीको शिविरमा कसैको पनि आँखा पुग्न सकेको छैन। शिक्षक सञ्जीव थापा भन्छन्, 'माओवादीको शिविर एक्कासि आएर बसेका कारण यो स्कुलको भवन हो। यहाँ बस्न भएन भन्ने मौकासम्म पाइएन।' शिविर छनोटमा ध्यान नदिएका कारण यस स्कुलका विद्यार्थीहरू शिविरबाट प्रभावित भएका छन्। दुधौलीको कथा क्षेत्रका बालबालिकाहरू स्कुल जाने बाटोसमेत माओवादीको शिविरभित्रै छ। स्कुलको बाटो समेत कब्जा गरेर शिविर बसेकाले यहाँका बालबालिकाहरू स्कुल जाँदा माओवादीको २ नम्बर डिभिजनको मूलद्वार हुँदै माओवादी छापामारको सेल्ट्री हुँदै जान्छन्।

माओवादी छापामारप्रतिका बालबालिकामा विगतको परेको त्रासदीपूर्ण छापा अहिले स्कुलका बालबालिकाहरूमा देखिने गरेको शिक्षकहरू बताउँछन्। माओवादी जनयुद्ध सुरु भएपछि सयौं बालबालिकाले द्वन्द्वका कारण ज्यान गुमाएका छन् भने हजारौं बालबालिका अपांग र आमाबाबु गुमाएर असहाय भएका छन्। संयुक्त राष्ट्रसंघीय बालकोषको तथ्यांकअनुसार माओवादी द्वन्द्वका कारण पाँच सयभन्दा बढी बालबालिकाले ज्यान गुमाएका छन् भने बीस हजारभन्दा बढी अपांग बनेका छन्। द्वन्द्वका कारण अधिकांश बालबालिकाहरूको प्राथमिक शिक्षामा नकारात्मक असर परेको तथ्यांकहरूले देखाएका छन्। ■



**शिक्षा** मन्टेस्वरी सिकाई विधि

# फैलँदो छ प्रभाव



**दुई दशकअघिसम्म राजधानीमा सम्भ्रान्त परिवारका नानीहरू पढाउनको लागि मात्र सीमित मन्टेश्वरी सिकाइ विधि अहिले मध्यमवर्गीय अभिभावकसम्म पुगिसकेको छ ।**

■ **छत्र कार्की/काठमाडौं**

**आफ्ना नानीहरूको** समग्र व्यक्तित्व विकास होस् भन्ने चाहना कुन अभिभावकको हुँदैन र ? तर, सानै उमेरदेखि नानीहरूले उपयुक्त शैक्षिक वातावरण पाएनन् भने अभिभावकको चाहना पूरा हुन मुस्किल पर्छ । अहिलेको पठनपाठन बढी पाठ्यक्रमकेन्द्रित र परीक्षामुखी भएकाले विद्यार्थीको लागि बोझिलो बन्दै गएको विज्ञहरूको धारणा छ । त्रिभुवन विद्यालय मनोविज्ञान केन्द्रीय विभागका प्राध्यापक डा. मुरारीप्रसाद रेग्मी भन्छन्, 'शारीरिक विकासक्रमको दृष्टिले ६ वर्षभन्दा कम उमेरका बालबालिकालाई कोरा किताबी ज्ञानभन्दा पनि विभिन्न क्रियाकलापमार्फत सिकाउनुपर्छ । यसो गर्न नसक्दा सिकाइ बालबालिकाका लागि भार सावित हुँदै गएको छ ।'

बालबालिकालाई किताबी ज्ञानको भारबाट मुक्ति दिने प्रभावकारी माध्यम सावित भएको छ, मन्टेस्वरी शिक्षा । साना बालबालिकालाई खेल, गीत, संगीतलगायत विभिन्न क्रियाकलापबाट प्रभावकारी शिक्षा दिन सफल भएकोले मन्टेस्वरी शिक्षा लोकप्रिय बन्दै गएको छ । त्यसैले गर्दा होला, पछिल्लो समयमा साना केटाकेटीको व्यक्तित्वका लागि मन्टेस्वरी पद्धति अवलम्बन गरेर सञ्चालित विद्यालय ६ वर्षभन्दा कम उमेर भएका विद्यार्थीहरूको लागि उपयुक्त थलो भएका छन् । गत वर्षदेखि मन्टेस्वरी सिद्धान्तमा आधारित कक्षा सञ्चालन गर्दै आएको राजधानीको नयाँबानेश्वरस्थित चेल्सी इन्टरनेसनल एकेडेमीका संस्थापक प्रिन्सिपल सुधीरकुमार झा भन्छन्, 'अहिले आम अभिभावक बालबालिकाको बौद्धिक, शारीरिक, संवेगात्मक र आध्यात्मिक विकास चाहन्छन् । त्यसका लागि अहिले अभिभावकमा सकेसम्म मन्टेस्वरी विद्यालय छनोट गर्ने प्रवृत्ति बढेको छ ।'

मन्टेस्वरी विधिद्वारा शिक्षण गर्दा पूर्व प्राथमिक तहमा पाठ्यपुस्तकभन्दा पनि अरू शैक्षिक सामग्रीको सहायता लिइन्छ । सिकाइ मायालु वातावरणमा आधारित हुने भएकाले पनि बालबालिका विद्यालय जान लालायित हुने मात्र होइन, विद्यालयमा पनि घरमा जस्तै रमाइरहेका हुन्छन् । एनबी बैंक पुतलीसडक शाखाका म्यानेजर रहेका अभिभावक कमल शर्मा भन्छन्, 'साना बालबालिका विद्यालय जान खुसीसाथ तयार हुन्छन् । यो महत्त्वपूर्ण कुरा हो ।' शर्माकी छोरी सुप्रिया अहिले चेल्सी इन्टरनेसनल एकेडेमीमा पूर्वप्राथमिक तहमा अध्ययनरत छन् ।

स्पेनकी डाक्टर मारिया मन्टेस्वरीले विनादबाब विद्यार्थीको बानी व्यहोरामा परिवर्तन ल्याएर उनीहरूको सर्वांगीण विकास गराउन छुट्टै खालको दर्शन प्रतिपादन गरेकी थिइन्, जुन मन्टेस्वरी पद्धतिका नाममा विश्वभर चर्चित छ । यो विधिमा विद्यार्थीले आफ्नै अनुभव र ज्ञानका आधारमा व्यवहारिक ढंगबाट नयाँ नयाँ विषय सिक्ने गर्छन्, जसबाट उनीहरूमा सिर्जनशीलता विकास हुन्छ । मन्टेस्वरी कक्षाकोठा अरू परम्परागत कक्षाकोठाभन्दा नितान्त फरक हुन्छ, विद्यार्थीले आफ्नो इच्छानुसारका क्रियाकलाप छानेर अभ्यास गर्ने अवसर पाउँछन् । विद्यार्थीलाई स्वतन्त्ररुपमा विभिन्न क्रियाकलाप गर्ने अवसर पाएको हुन्छ । यतिमात्र होइन, अभिभावक, शिक्षक र विद्यार्थीबीच नियमित अन्तरक्रिया हुने भएकाले विद्यार्थीको समस्या पहिचान गरेर समाधान गर्न सजिलो हुन्छ ।

बालबालिका र शिक्षकबीच सुमधुर सम्बन्ध कायम हुने भएकाले पनि बालबालिकाको शिक्षकप्रति लगाव धेरै रहेको भेटिन्छ । मन्टेस्वरी विद्यालयमा बालबालिकाको मनोविज्ञान अध्ययन गरेर सिकाइने भएकाले पनि छोटो समयमै धेरै कुरा सिक्न सक्छन् । कुनै कुरा सिकाउनुभन्दा पहिले बालबालिकाको मनोवैज्ञानिक पक्षको अध्ययन र क्षमता पहिचान गरिने भएकाले सिकाइ प्रभावकारी भएको पाइन्छ । शिक्षिका जरिना बज्राचार्य भन्छिन्, 'बालबालिकाको मनोविज्ञान बुझेरमात्र के सिकाउने हो, त्यो निर्क्योल गर्नुपर्छ । यसो गर्दा सिकाइ प्रभावकारी हुन्छ ।' त्यसो त मन्टेस्वरी शिक्षण पद्धति प्रभावकारी हुनुमा पारिवारिक वातावरणले पनि ठूलो सहायता पुऱ्याएको हुन्छ । बालबालिकालाई शैक्षिक सामग्रीको अतिरिक्त खाजा, खानालगायतको व्यवस्था विद्यालयले गर्ने भएकाले पनि विद्यार्थीको लागि रमाइलो वातावरण सिर्जना हुन्छ ।

विद्यार्थीलाई शिक्षकले विशेष ध्यान पुऱ्याउने भएकाले गर्दा मन्टेस्वरी शिक्षाको साख बढिरहेको पाइन्छ । एउटा कक्षामा १५ जनाभन्दा बढी विद्यार्थी नराखिने भएकाले पनि प्रभावकारी बनेको हुन्छ । मुलुकमा मन्टेस्वरी शिक्षण पद्धति सुरु भएको दुई दशकभन्दा बढी समय बितिसके पनि धेरै संख्यामा विद्यालय सञ्चालन हुन थालेको भने केही वर्ष मात्र भएको छ । अहिले राजधानीका गल्लीगल्लीमा मन्टेस्वरी स्कुल खुलिरहेका छन् । यतिसम्म कि एउटा फ्ल्याट भाडामा लिएर मन्टेस्वरी विद्यालयको सूचनापाटी झुन्ड्याई साना नानीहरू तान्ने होडबाजीसमेत देखिन थालेको छ । मोरल एकेडेमी, नयाँबानेश्वरकी संस्थापक प्रिन्सिपल सरोजनी श्रेष्ठ भन्छिन्, 'मन्टेस्वरीको नाममा च्याउझैं खुलेका पूर्वप्राथमिक विद्यालयलाई व्यवस्थित गर्न नसके पछि समस्या आउन सक्छ ।' पछिल्लो समयमा राजधानीका केही निजी विद्यालयले समेत कक्षा १ भन्दा तल्लो तहमा मन्टेस्वरी शिक्षाको हवाला दिएर विद्यार्थी तान्न अनेक काइदा अपनाएको देखिन्छ । काठमाडौं विश्वविद्यालयका उपकुलपति प्रा. डा. सुरेशराज शर्मा पूर्वप्राथमिक तहमा पढाउन अत्यन्तै तालिमप्राप्त शिक्षक आवश्यक पर्ने बताउँछन् । उनी भन्छन्, 'बालबालिकालाई विद्यालयमा



सिकाउने क्रममा बुबाआमाको जस्तै व्यवहार गर्नुपर्छ। यस्तो क्षमता भएका शिक्षक-शिक्षिका चानचुने तरिकाबाट उत्पादन हुन मुस्किल पर्छ। उनीहरूलाई चुस्त तालिमको आवश्यकता पर्छ।'


## छनोटको आधार

राजधानीमा मन्टेस्वरी पद्धतिमा आधारित पूर्वप्राथमिक विद्यालयहरूको संख्या दिनानुदिन वृद्धि भइरहेको छ। शैक्षिक तथा भौतिक दृष्टिकोणले आफ्नो विद्यालय राम्रो भएको दाबी विद्यालय सञ्चालकहरूको रहेको छ भने अभिभावकहरूमा भने राम्रो विद्यालय कसरी छान्ने भन्ने अन्योल रहेको देखिन्छ। विद्यालय छान्नुअघि मन्टेस्वरी शिक्षाका विभिन्न पक्षबारे दक्षता हासिल गरेका र बालमनोविज्ञान बुझ्न सक्ने संस्थापकबाट खोलिएका विद्यालयलाई प्राथमिकतामा राख्नु उपयुक्त हुने देखिन्छ। बच्चाको समग्र व्यक्तित्व विकासको लागि सञ्चालित कार्यक्रमको प्रभावकारिताबारे पनि बुझ्न सकिन्छ। मारिया मन्टेस्वरी हाउसकी संस्थापक प्रिन्सिपल अनुका लिम्बू भन्छिन्, 'बच्चा भर्ना गर्नुअघि अभिभावकले वातावरण बुझ्नको लागि मन्टेस्वरी हाउसहरूको आफैं भ्रमण गर्नुपर्छ, आफैंले अवलोकन गरेपछि मात्र यथार्थ कुरा बुझ्न सकिन्छ।'

मन्टेस्वरीको नाममा पूर्वप्राथमिक विद्यालय सञ्चालनमा आए पनि धेरैले मन्टेस्वरी सिद्धान्त हुबहु अंगीकार गरेको देखिँदैन। वास्तवमा मन्टेस्वरी पद्धतिलाई पूर्णतः पालना गर्ने हो भने पाठ्यपुस्तकभन्दा अरू शैक्षिक सामग्रीमै केन्द्रित हुनु आवश्यक हुन्छ। हामीकहाँ पूर्वप्राथमिक र प्राथमिक शिक्षाबीच समन्वय नभएकाले सिकाइ प्रक्रिया दुरुस्त हुन नसकेको पाइन्छ। पूर्वप्राथमिक तह पूरा गरेर विद्यालय शिक्षामा प्रवेशका निम्ति भर्ना हुनको लागि अपनाइने प्रक्रिया जटिल भएकाले बालबालिकाको निम्ति अप्ठ्यारो भएको पाइएको छ। त्यसैले गर्दा पनि मन्टेस्वरी विद्यालयमा समेत पाठ्यपुस्तकका कुरा समेत पढाइन्छ। विश्वव्यापी आवश्यकतालाई ध्यान दिएर मन्टेस्वरी विधिबाट कम्प्युटरका आधारभूत कुरासमेत तल्लो तहदेखि सिकाइएको चेल्सीका प्रिन्सिपल झा बताउँछन्। प्रिन्सिपल झा भन्छन्, 'विकसित मुलुकमा विद्यार्थीले कक्षा १ देखि मजाले कम्प्युटर चलाउन सक्छन्। हामीले मन्टेस्वरी मात्रै भनेर बदलिँदो अवस्थाअनुसार कम्प्युटर शिक्षा नदिने हो भने दक्ष जनशक्ति उत्पादन गर्न सकिँदैन।'

सामान्य विद्यालयको दाँजोमा मन्टेस्वरी स्कुलहरूको शुल्क चर्को रहेको छ, तर कुनै जमानामा उच्च घरानियाँमा मात्र सीमित यो शिक्षा क्रमिकरुपमा मध्यमवर्गको पहुँचमा पनि विस्तार भइरहेको छ। एउटा सिर्जनशील नागरिक तयार पार्न पूर्ववाल्याकालदेखि नै उचित शिक्षादीक्षा आवश्यक हुन्छ, जुन अहिलेको सन्दर्भमा मन्टेस्वरी सिकाइबाट पूर्ति भइरहेको छ। मन्टेस्वरी शिक्षाको प्रभाव बढ्दै जाँदा यसलाई निम्न वर्गको पहुँचमा पुऱ्याउन पहल पनि हुन थालेका छन्। मोरल एकेडेमीका प्रिन्सिपल श्रेष्ठ भन्छिन्, 'यो शिक्षण पद्धति गरिब बालबालिकासमक्ष पनि पुग्नुपर्छ। त्यसको लागि हामी गरिब विद्यार्थीमा समेत केन्द्रित भएका छौं।'

राजधानीमा जुन अनुपातमा मन्टेस्वरी स्कुल खुलेका छन्, त्यो अनुपातमा राजधानीबाहिर यस्ता विद्यालय रहेको पाइँदैन। राजधानीमा मन्टेस्वरी विद्यालय खुल्ने गति हेर्दा अधिकांश नाफा कमाउने उद्देश्यबाट प्रेरित देखिन्छ। सरकारले संयन्त्र बनाएर बेलैमा अनुगमन नगरे भविष्यमा मन्टेस्वरी विद्यालयको पनि निजी विद्यालयकै जस्तो हालत हुन बेर छैन। ■





# उपेक्षित बस्ती

## राजमार्ग छेउमै रहेको यो चेपाङ गाउँबाट गाविस कार्यालय पुग्न अर्को जिल्ला पार गर्दै ४८ किलोमिटर यात्रा गर्नुपर्ने बाध्यता छ।

**घरअगाडि हुँदै** सवारीसाधनहरू हुइँकिरहेका छन्। झट्ट हेर्दा कुनै विकसित गाउँभन्दा फरक छैन, बर्दियाको चेपाङ गाउँ। तर बाहिरी हेराइ र वास्तविक समस्याबीच निकै फरक छ, यो चेपाङ गाउँ र यहाँका जनताको।

नेपालगन्ज-सुर्खेत जोड्ने रत्न राजमार्गको छेउ हुँदै देशका नीति निर्मातादेखि लिएर थुप्रै व्यक्तिहरूले ओहोरदोहोर पनि गरेका छन्, तर राजमार्गसँगै जोडिएको चेपाङवासीका समस्या लामो समयदेखि जस्ताका त्यस्तै छन्। सरकारी सुविधाको त कुरै छाडौं आफ्नै गाउँको गाविस कार्यालय पुग्न अर्को जिल्ला पार गरेर ४८ किलोमिटरको यात्रा गर्नुपर्छ भन्ने सुन्दा सायद धेरैलाई पत्याउन गाह्रो हुन्छ। जनताले भोग्दै आएको समस्या पूरा हुन त परै जाओस् माथिल्ला तहमा बस्नेहरूले वास्तासमेत नगरेको स्थानीयवासीहरू गुनासो गर्छन्।

चेपाङ गाउँका जनताले भोग्दै आएको समस्या बर्दियाका सांसदहरूदेखि लिएर देशका अन्य नीति निर्माताहरूले समेत थाहा पाएका छन्। स्थानीय बासिन्दाहरूले पनि पटक-पटक आफ्ना पीर मर्का माथिल्लो निकायसँग राखेका छन्। तैपनि, स्थानीय बासिन्दाहरूले शब्दमा 'हुन्छ' भन्ने जवाफबाहेक सरकारीस्तरबाट अन्य सुविधा पाउन सकेका छैनन्।

स्थानीयवासी यामलाल शर्मा भन्छन्, 'हाम्रा समस्या सबै नेता र पार्टीलाई थाहा छ, सबैले गर्छौं भन्छन्, तर कहिले गर्दैनन्।' विसं २०२२ सालदेखि मध्यपश्चिमका विभिन्न पहाडी जिल्लाहरूबाट बसोवास गर्न थालेका चेपाङ गाउँका बासिन्दाहरूले गाविस भवन टाढा भएको भन्दै लामो समयदेखि छुट्टै गाविस भवनको लागि प्रयास गर्दै आइरहेका छन्। उनीहरूका अनुसार स्वतन्त्र गाविस बन्नलाई चाहिने पर्याप्त जनसंख्या छ चेपाङ गाउँमा। उनीहरूका अनुसार बेलवा गाविसको वडा नम्बर-७ (ख) रहेको बर्दिया राष्ट्रिय निकुञ्जले घेरेको बबई उपत्यकामा रहेका चेपाङ, बाटुले, कुरुले, खोटे र भंगाहाका झन्डै ३ हजार ३ सय बासिन्दाहरू चेपाङ गाउँलाई स्वतन्त्र गाविस बनाएर विकासका लहर चलाउने सपना लिएका छन्।

'पछि परेको यो गाउँलाई स्वतन्त्र गाविसमा परिवर्तन गरेर विकासका लहर फैलाउने योजना अधुरै छन्', चेपाङ गाउँका अगुवा प्रेमबहादुर सारू भन्छन्, 'लामो समयदेखि गाविस कार्यालयबाट यो निकै टाढा हुँदा एक त जनतालाई अप्ठेरो परिरहेको छ भने अर्कोतर्फ ठूलो जनसंख्या रहेको गाउँमा विकासका गतिविधिहरू सञ्चालन हुन सकेका छैनन्।' चेपाङ गाउँबाट गाविस भवन रहेको बर्दियाको बेलवा पुग्न बाँकेको कोहलपुर हुँदै ४८ किलोमिटर दूरीको यात्रा गर्नुपर्ने बाध्यता रहेको सर्वसाधारण जनता गुनासो गर्छन्। चेपाङ गाउँका अध्यक्ष जितबहादुर देवकोटा भन्छन्, 'गाविसको सिफारिस लिनको लागि मात्र एक दिनको समय खर्च गर्नुपर्छ र विपन्न जनता आर्थिक समस्याबाट उत्तिकै सताइने गरेका छन्।' बेला-बेला जिल्ला सदरमुकामबाट आउने कर्मचारीहरू बेलवा गाविस कार्यालयबाटै फर्कने गरेकाले पनि कयौं कुराको जानकारी नै नहुने गरेको देवकोटा गुनासो गर्छन्।

चेपाङबस्ती हुँदै राजमार्गमा निरन्तर सवारीसाधनहरू हुइँकिने गर्छन्, तर ५ सय ९६ घरधुरीका ३ हजार ३ सय जनसंख्या रहेको यो गाउँमा अहिलेसम्म स्वास्थ्य केन्द्र, कृषि केन्द्र र माध्यमिक विद्यालयहरू छैनन्। विकासको नाममा एउटा प्रस्तावित निम्न माध्यमिक विद्यालय मात्र रहेको चेपाङ गाउँका बालबालिकाहरू माध्यमिक शिक्षा अध्ययनको लागि सुर्खेतको छिन्चु वा बाँकेको चिसापानी र कोहलपुर पुग्नुपर्ने बाध्यता रहेको अभिभावकहरू गुनासो गर्छन्। माध्यमिक स्कुल भएका ती नजिकका ठाउँ कम्तीमा पनि तीस किलोमिटर टाढा भएका कारण धेरै विद्यार्थीहरूको उच्च शिक्षा लिने चाहना पूरा हुन सकिरहेको छैन। 'कयौं विद्यार्थीले पढ्न खोजे पनि विद्यालय नहुँदा त्यत्तिकै छोड्नु पर्ने बाध्यता छ', स्थानीय शिक्षक लोकबहादुर गुरुङ भन्छन्, 'हिँडेर तीस किलोमिटर यात्रा गर्न नसकिने र कोठा लिएर विद्यार्थीलाई पढाउन पनि गाह्रो भएपछि कसरी शिक्षाको अवसर सबैलाई समान हुन्छ ?'

विसं २०२२ सालदेखि बसोवास हुँदै आएको यो गाउँमा अहिलेसम्म आठजनाले मात्र एसएलसीसम्मको अध्ययन पूरा गरेका छन्। स्थानीय चन्द्रा विक गुनासो गर्छिन्, 'हुनेहरूले पैसा खर्च गरेर बालबालिकालाई पढाउन सके पनि गरिबहरूले त कहिल्यै नसक्ने भयौं।' आर्थिक समस्याबाट बढी पीडित हुँदै आएका परिवारका बालबालिकाले माध्यमिक शिक्षाको अध्ययन गर्नु भनेको चेपाङ गाउँको लागि निकै खर्चिलो मानिन्छ।

विसं २०४० सालमा चेपाङ गाउँदेखि केही मात्र टाढाको भू-भागलाई निकुञ्ज बनाइएपछि चेपाङ गाउँका केही बासिन्दालाई सरकारले बर्दियाकै तारातालमा स्थानान्तर गरेको थियो। तर, स्थानीय बासिन्दाहरू त्यतिखेर सरकारले सबैलाई स्थानान्तरण नगरेको बताउँछन्। 'सायद सरकारले सबैलाई ताराताल राखेको ठानेर केही वास्ता नगरेको हो कि ?', मानसिंह विक अनुमान लगाउँछन्, 'यदि त्यस्तो लाग्छ भने सरकारले अहिले पनि आएर चेपाङ गाउँमा बुझ्न सक्छ।'

■ रुद्र खड्का/नेपालगञ्ज

साक सचिवालय



# कार्यान्वयनमा अवरोध

दक्षिण एसियाका दुई प्रमुख राष्ट्रहरू भारत र पाकिस्तानबीच विद्यमान राजनीतिक खिचातानीका कारण दक्षिण एसियामा स्वतन्त्र व्यापारको अवधारणा कार्यान्वयनमा समस्या देखिएको छ। यसै साता काठमाडौंमा आयोजित दक्षिण एसियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा) कार्यान्वयन समीक्षा बैठकमा भारत र पाकिस्तानका सरकारी अधिकारीहरूबीच व्यापारको मामिला राजनीतिक मुद्दाहरूसँग जोडिएपछि बैठक विनानिष्कर्ष टुंगिएको छ। बैठकमा भारतले पाकिस्तानमा आफ्ना उत्पादन अवरोधविना प्रवेशको वातावरण हुनु पर्ने कुरामा जोड दिएको थियो।

साफ्टा प्रतिबद्धताविपरीत पाकिस्तानले भारतीय उत्पादनलाई पाकिस्तान प्रवेशमा अवरोध गर्दै आएको दाबी भारतीय पक्षको छ। भारतीय वाणिज्यमन्त्री कमलनाथले पाकिस्तानलाई ससर्त साफ्टा कार्यान्वयनमा छुट नभएकाले उसले विनाअवरोध भारतीय उत्पादनमा अवरोध गर्न नपाउने बताएका छन्। पाकिस्तानले यो अवरोध कायमै राखे भारतले पनि पाकिस्तानलाई उपलब्ध गराउँदै आएको बजार पहुँचको सुविधा फिर्ता लिइने चेतावनी पनि बैठकमा दिइएको बैठकका सहभागीले जानकारी गराएका छन्। भारत एकतर्फी रुपमा पाकिस्तानलाई स्वतन्त्र व्यापारको सुविधा दिन बाध्य नहुने जिकिर पनि भारतले अगाडि सारेको छ। पाकिस्तानका व्यापारमन्त्री हुमायुँ अख्तर खानले भारतीय उत्पादनलाई पाकिस्तानमा विनाअवरोध प्रवेशको सुविधा उपलब्ध गराउनुअघि दुई देशबीचमा रहेका राजनीतिक मुद्दाहरूको समाधान आवश्यक रहेको तर्क गरेका थिए। त्यसका लागि उच्च तहको राजनीतिक नेतृत्वबीचमा वार्ता हुनु पर्ने आवश्यकता उनले औंल्याएको बताइएको छ।

साफ्टा कार्यान्वयन बैठकमा भारत र पाकिस्तानका राजनीतिक मुद्दाहरू मुख्य सरोकारका रूपमा प्रस्तुत भएपछि अन्य मुलुकका समस्याहरूले भने प्राथमिकता पाउन सकेनन्। सार्कका दुई ठूला मुलुकबीच साफ्टा कार्यान्वयनको मामिलामा समस्या उत्पन्न भएपछि यो विषय अर्को बैठकसम्मका लागि थन्किएको छ। अधिकारीहरूका अनुसार यो क्षेत्रीय स्वतन्त्र व्यापारको विषय भएकाले कुनै पनि देश यो प्रक्रियाबाट अलग हुनासाथ यसको प्रभावकारिता स्वतः कम रहनेछ। बैठकमा सार्क मुलुकका वाणिज्यमन्त्री तथा अफगानिस्तानका वाणिज्यसँग सम्बन्धित वरिष्ठ सरकारी अधिकारीको सहभागिता रहेको थियो। विद्यमान समस्या समाधानका लागि आगामी ५ महिनाभित्र अर्को बैठक बोलाइन सक्ने सम्भावना रहेको छ। भारतले सार्कमा आबद्ध अन्य मुलुकका लागि भने स्वतन्त्र व्यापारको सुविधामा फरक नपर्ने बताएको छ। भारत र पाकिस्तानबीच राजनीतिक मुद्दाहरूमा विद्यमान द्वन्दका कारण त्यसको असर भने सार्क अन्य मुलुकहरूले पनि व्यहोर्नु परेको छ। सार्कमा केही मुलुकबीचमा मात्रै साफ्टा कार्यान्वयन गर्नुको कुनै अर्थ नरहने प्रतिक्रिया यस मामिलाका विज्ञहरूले दिएका छन्।

साफ्टा बैठकमा नेपालले 'संवेदनशील वस्तु'को सूची घटाउनु पर्ने आवश्यकता अन्य मुलुकले राख्दै आएका छन्। नेपालले कृषि, औषधी, तयारी पोसाक लगायत राष्ट्रिय उद्योगलाई संरक्षण गर्न यस्ता वस्तुलाई संवेदनशील वस्तुको सूचीमा राखेको छ। ■



**परम्परादेखि** परम्परादेखि पानी चल्ने र नचल्ने भनेर छुट्याइएका दुई जातका युवा-युवतीबीच मागी बिहे सम्भव थिएन। त्यसैले बागलुङका राजेश विश्वकर्मा र पार्वती कार्कीले आफूखुसी बिहे गर्ने निधो गरे। फागुन महिनाको दोस्रो साता राजेशले पार्वतीको सिउँदो सिन्दूरले भर्दा बागलुङ बजारको एउटा सभाहलमा उनीहरूका परिवारजन त थिएनन्, तर तिनीहरूले नसोचेको साथ र समर्थन भने पाए।

बागलुङ उद्योग वाणिज्य संघको हलमा उनीहरूले माला साटासाट गरे र आफ्नो जीवन चहकिलो होस् भनेर एक जोडी मैनबत्ती पनि जलाए। सिन्दूर पनि हालिएपछि बिहे टुंगियो। सदियौं पुरानो जातीय पनि हिजोआज यस्तो बिहेवारीले सामाजिक मान्यता नपाएका घटना बिरलै बन्न थालेका छन्।

'पछिल्लो समयमा आएको चेतनाको उपज हो यो', नेपाल उत्पीडित जातीय मुक्ति समाज कास्कीका सचिव धनबहादुर नेपाली भन्छन्।

पहिला पहिला जुन परिवारका सदस्यले त्यस्तो गरेका छन् त्यही परिवार समाजबाटै बहिष्कृत हुने भएकाले परिवारले मान्यता दिनसक्दैनथ्यो भने त्यस्तो सम्बन्ध गाँस्नेलाई डाँडा वा खोलो कटाएर विस्थापित गराउन समाजले सक्रिय भूमिका खेल्थ्यो, तर समयचक्रसँगै चेतनाको विकाससँगसँगै भूमण्डलीकरणीय संसारमा व्यक्तिगत जीवनमाथिको निर्णय अधिकार व्यक्तिमै निहित हुन गएको छ।

**अराजेश विश्वकर्मा र पार्वती कार्कीजस्ता अनेकन अन्तरजातिय जोडिहरूले पुरातनपन्थी समाजलाई विस्तारै परिवर्तन गर्दै लगेका छन्।**







विभेदको पर्खाल भत्काएर एकापसमा बिहे बन्धनमा बाँधिदा २० वर्षीय विश्वकर्मा र १८ वर्षीया कार्कीले कस्ता ताली पाएनन्। मञ्चमा उनीहरूबीचको जातीय पर्खाल तोडिँदा उनीहरूलाई बधाई र शुभकामना दिनेहरूले हल खचाखच भएको थियो। अटाई नअटाई हलमा भरिएका सर्वसाधारणबाट स्यावासी र प्रशंसा पाइरहेका थिए।

राजेश र पार्वतीको जस्ता बिहेवारीमा पारिवारिक सहमति र साथ भेटिन मुस्किल भए पनि विस्तारै विस्तारै सामाजिक समर्थन र प्रशंसा भने प्रशस्तै मिल्न थालेको छ। त्यसो त यस्ता बिहेवारीमा पारिवारिक मान्यता नै दिइएका घटना बिरलै देखिए

त्यसो त यस्ता बिहेवारीमा पारिवारिक मान्यता मिलेको घटना पोहरमात्रै ललितपुरमा देखिएको थियो। दक्षिणकाली मन्दिर नजिकैका क्षेत्री जातका युवा मदन खत्रीले काठमाडौंको बानेश्वरकी कथित दलित जाति सार्की थरकी युवतीसँग पारिवारिक सहभागिताकै बीचमा बिहे गरेका थिए। आफ्नो मामाघर नजिकैकी ती युवतीसँग बिहे गर्न परिवारले पनि मदनलाई सहयोग गरेको थियो। अहिले उनीहरूले सुखद दाम्पत्य जीवन परिवारभित्र रहेर बिताइरहेका छन्। गतवर्ष तनहुँमा पनि एक जोडी युवा-युवतीले परम्परागत जातीय साङ्लोलाई चुँडालेर बिहे गरे। त्यहाँ पनि सामाजिक कार्यकर्ताहरू अनि सचेत युवाहरूले नै हुटहुटी बढाएर बिहेमा साथ र स्यावासी दिएका थिए छुवाछुतको लक्ष्मणरेखा तोड्न।

नेपाल उत्पीडित जातीय मुक्ति समाज कास्कीको सचिव धनबहादुर नेपाली आर्थिक रूपमा आत्मनिर्भर हुने अवस्था आएकाले त्यस्ता जोडीहरू स्थापित हुने गरेको बताउँछन्।

अन्तरजातीय बिहेलाई भत्काउने र विच्छेद गराउने चलन अझै पनि बाँकी नरहेका होइनन्। पछिल्लो समयमा राजनीतिक दलहरू र सामाजिक संस्थाहरूले छरेको चेतनाको वीउले त्यस्ताहरूलाई निरुत्साहित गर्दै ल्याएको छ। अझ कथित दलित

जातिका पक्षमा पैरवी अभियान नै संचालन गर्न थुप्रै संघसंस्था पनि खुलेका छन्। अन्तरजातीय बिहे विच्छेद गर्न प्रयास गर्ने वा 'दलित'लाई बिहे गरेबापत पीडा दिनखोज्नेहरूमाथि त्यस्ता संघसंस्थाबाटै दबाब सिर्जना गरेर अन्तरजातीय बिहेलाई स्थापित गर्ने गरिएको छ। दुई महिनाअघि कास्कीको कालिका गाविसमा भएको अन्तरजातीय बिहेमा उपल्लो जातिका केटी पक्षले प्रहरीमा समेत उजुरी गरेर यातना दिन पनि भ्याए, तर उनीहरूको प्रयास सफल भएन। दलितहरूको एउटा संस्थाले त्यो जोडीलाई स्थापित गराइछाडेको थियो।

कथित छुत र अछुतबीचको बिहेमा सामाजिक मान्यता मिल्दै जाँदा त्यस्ता जोडी स्थापित हुँदै आएका

## विवाह गरेको आरोपमा अपहरण

माथिल्लो जातको युवतीसँग विवाह गरेको भन्दै युवतीका आफन्तजनले चमार थरका एक युवकका बुबा र भाइलाई अपहरण गरी बेपत्ता बनाएका छन्। सुनसरीको भादगाउँ सिनबरी-४ निवासी २० वर्षीय अनिल मोची (चमार)ले गाउँकै १९ वर्षीया ललिता चौधरीसँग एक महिनाअघि अन्तरजातीय विवाह गरेका थिए। विवाहपछि घरमा बस्न नसकेपछि दुवैले गाउँ छाडेका थिए। आफ्नी छोरीलाई भगाएको आरोपमा ललिताका बुबा गोरेलाल चौधरी, आफन्तहरू विष्णु चौधरी, प्रेम चौधरी, पनालाल चौधरीलगायतको एक समूहले अनिलका बुबा अमित मोची र भाइ सुनिललाई घरबाटै अपहरण गरी बेपत्ता बनाएको मानवअधिकारवादी संस्था सामाजिक सचेतनाका लागि सूचना केन्द्रले जनाएको छ। ■



(१) भर्खरै बिहे गरेका राजेश र पार्वती
(२) सुखद दाम्पत्य जीवन बिताइरहेका शंकर नेपाली र इन्दु श्रेष्ठको जोडी

# मिल्दैछ सामाजिक मान्यता

■ केशवशरण लामिछाने/पोखरा (तस्विर पनि)

छन्। उता त्यस्ता जोडीहरूको जीवन सफल देखिएका उदाहरण पोखरामा देखिएका छन्। पोखराको कुँडहरका दुई दाजुभाइ कृष्ण र शंकर नेपालीले झन्डै एक दशक लामो दाम्पत्य जीवन सुखमय तवरले बिताएका छन्। धेरै अघि कथित उपल्लो जातिकी किशोरीसँग बिहे गरेका केशबहादुर परियारको सुखद जीवन पनि उत्तिकै लोभलाग्दो छ।

कृष्ण नेपालीले तनहुँकी अनुकला गुरुङसँग बिहे गरेको नौ वर्ष भयो। अहिले उनीहरूसँग पाँच र आठ वर्षीय दुई छोरा छन्। कृष्ण नेटवर्किङ बिजनेसमा व्यस्त हुन्छन् भने अनुकला भने हर्बल प्रोडक्टहरू बिक्री गर्ने व्यवसाय चलाइरहेकी छन्। दाम्पत्य जीवन कस्तो छ ? प्रश्न भुइँमा झर्नासाथ हाँस्दै सुखद भन्ने उत्तर फर्काउन चुक्दिनन्, अनु। उनी भन्छिन्, 'सुरुमा गाह्रो भए पनि अहिले धेरै सजिलो भएको छ।' कृष्णका भाइ शंकरको दाम्पत्य जीवन पनि निकै रमाइलोसँग बितिरहेको छ। पेसाले ओभरसियर उनी अहिले पोखराको चल्तीको व्यापारिक केन्द्र चिप्लेढुंगामा एके इन्जिनियरिङ कन्सल्टेन्सी चलाइरहेका छन्। उनकी जीवनसाथी इन्दु श्रेष्ठ औषधी व्यवसाय सम्हालेकी छन्।

शंकरको जोडीको अनुभवमा आत्मनिर्भर भए जातले दाम्पत्य जीवन सुखद हुन अप्ठ्यारो छैन। उनी भन्छन्, 'अन्तरजातीय बिहे गर्नेहरू शिक्षित हुन जरुरी छ।' केही समय संघर्ष गरेरै भए पनि बाँच्नका लागि आफूहरू आर्थिक रुपले टिक्न सक्ने हुनुपर्छ भन्छन्, उनी। शिक्षित भए समाजमा पनि इज्जत हुने विचार राख्ने शंकर दाम्पत्य जीवन सुखद बनाउन सजातीय हुनुपर्नेभन्दा पनि समझदारी भएको हुनुपर्ने अनुभव सुनाउँछन्। अन्तरजातीय बिहे गर्नेहरू संसारमा एउटा मात्रै मानव जाति रहेको विचार राख्छन्। त्यसो त अन्तरजातीय घुलनले सांस्कृतिक र सामाजिक सद्भाव पनि सुमधुर हुँदै आउने गरेको पनि छ। ■

# 'जातीय पहिचानसहितको संघ'

**नेपालको संघीय संरचनाले अल्पमतको अधिकार सुनिश्चिततासँगै जातीय स्वशासन, भौगोलिक अवस्थिति, प्राकृतिक स्रोत साधन र विकासको सम्भावनाको आधारमा संघीय राज्यको खाका तयार गर्नुपर्ने सुझाव भूगोलशास्त्रका प्राध्यापक डा. पीताम्बर शर्माको छ। नेपालको सहरीकरण र विकेन्द्रीकरणका विज्ञ डा. शर्माले नेपालको प्रादेशिक विकासका बारेमा गहिरो अध्ययन र चिन्तन गर्दै आएका छन्। संघीय राज्यको आवश्यकता र स्वरूपका बारेमा डा. शर्मासँग *समय संवाददाता* विश्वमणि पोखरेल र गोविन्द परियारले गरेको वार्ता।**



तस्वीरहरू : विश्वमणि पोखरेल

**संघीय राज्य भनेको के हो ?**

जातीयता, भौगोलिकता, प्राकृतिक स्रोत र विकासको आधारमा राज्यलाई विभिन्न रूपमा विकेन्द्रीकरण गरेर त्यो राज्यको भौतिक र मानवीय विकासको जिम्मा लगाउने प्रणाली नै संघीय राज्य प्रणाली हो। राज्य हाम्रो हो र यसमा हाम्रो समान अधिकार छ भन्ने भावना प्रत्येक नागरिकमा प्रत्याभूत गराउनु संघीय राज्यको उद्देश्य हो। प्रत्येक जातजाति र भाषाभाषीमा राष्ट्र मेरो हो भन्ने अनुभूति हुनपर्छ। त्यो अनुभूति अहिले अधिकांशमा छैन। यसैलाई कायम गराएर समग्र मुलुकको विकास गराउनु नै संघीय राज्यको अवधारणा हो। संघीय अवधारणामा नेपाल एकात्मक राज्य नभएर विभिन्न संघीय राज्य मिलेर बनेको युनियन राज्य हुन्छ। जहाँ अल्पसंख्यकको अधिकारसमेत सुनिश्चित गरिएको हुन्छ।

**नेपालमा संघीय राज्यको विवाद सकिएको हो ?**

मेरो विचारमा एकात्मक राज्य बनाउने कि संघीय राज्य बनाउने भन्ने विवाद सकिएको छ। मुलुक पूर्णरूपमा संघीय राज्यमा जाने तयारीमा छ, तर त्यसको स्वरूप कस्तो हुने भन्ने कुरा अहिले बहस र छलफल गर्न अत्यावश्यक छ। नेपालको माटो सुहाउँदो संघीय राज्यको अवधारणाअनुरूप नेपाललाई रूपान्तरण गर्न सकिन्छ। यसको लागि संघीय राज्यमा नेपाल किन जान खोजेको हो भन्ने कुराको आधारमा संघीय राज्यको वर्गीकरण र अवधारणा तयार गर्नुपर्छ।

**संघीय राज्यको आवश्यकता किन भयो ?**

राजा पृथ्वीनारायण शाहले नेपाल एकीकरण गरेदेखि नै मुलुक केही सीमित जातिका सीमित समूहबाट संचालित भयो। यसले समग्र जनताको अधिकार र विकासलाई प्रतिनिधित्व गर्न सकेन र मुलुक पूर्णरूपमा एकात्मक शासनमा सीमित भयो। यसले मुलुकमा अधिकांश जाति, क्षेत्र र समुदायहरू



**विकासको आधारमा प्रदेश निर्माण गर्ने र प्रदेशभित्रका जिल्लाहरू भाषा र जातिका आधारमा निर्माण गर्ने हो । राजधानीसहित ६ वटा प्रदेश हुन्छन् र ती विभिन्न प्रदेशभित्र जातीय र भाषिक सघनताको आधारमा जिल्लाहरू निर्माण गरिन्छ र जिल्लादेखि गाउँसम्म स्वायत्तता दिनु पर्छ । यसको आधारमा पूर्व प्रदेश, मध्य प्रदेश, पश्चिम प्रदेश, सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश गरेर विभाजन गर्दा प्रत्येक प्रदेशमा मधेसका जिल्लाहरू पनि समाहित हुन्छन् ।**

राज्यको स्रोत र साधनबाट वञ्चित भए । यही अन्तरलाई पूर्ण बनाउनको लागि जनआन्दोलनको भावनाअनुरूप राज्यलाई संघीय अवधारणामा लैजानु पर्ने पुष्टि गरेको हो । यसले मुलुकको समग्र विकासमा स्थानीयरुपमा सहभागितासहितको स्वायत्तता दिने भएकाले नेपालजस्तो मुलुकको विकास र प्रगतिको लागि यो आवश्यकता सिद्ध भएको छ ।

**संघीयताको मागले राष्ट्रिय मान्यता पाए पनि यसको स्पष्ट अवधारणा राजनीतिक दलसँग देखिएन नि ?**

राजनीतिक दलहरू यस विषयमा स्पष्ट छैनन् । यसको मागलाई बुलन्द बनाउने माओवादीसँग समेत कस्तो संघीय राज्य बनाउने भन्ने विषयमा स्पष्टता देखिँदैन । त्यसैले दलहरूले संघीय राज्यका बारेमा विभिन्न बहस र छलफल चलाउनु आवश्यक छ । त्यसको स्वरूप किसिम लगायतका विषयमा लामो छलफल हुन अत्यावश्यक छ ।

**नेपालको विशिष्टतालाई ध्यानमा राख्दा कस्तो संघीय राज्यको नमुना प्रभावकारी हुन्छ ?**

नेपालमा अन्य मुलुकमा लागू भएकाभन्दा भिन्न किसिमको नमुना लागू गर्नु पर्छ । किनकि नेपालको आफ्नै विशिष्टता छन् । जस्तै भारतमा केन्द्रीय संविधानबाटै संघीय राज्य संचालन हुन्छ भने अमेरिकामा प्रत्येक राज्यको छुट्टै संविधान छ । नेपालमा कस्तो नमुना लागू गर्ने भन्ने अहिले छलफलमै छ । संघीय राज्य विभाजन गर्दा स्रोतको बाँडफाँडमा सबैभन्दा बढी ध्यान दिनु पर्छ । कुन प्रकारको संघीयतामा जाने भन्ने पनि छलफलकै विषय हो, अहिले । प्रायः संघ भन्नेबित्तिकै सबै कुरा केन्द्रले निर्णय गर्दैन । केन्द्रले अधिकार संघहरूलाई दिन्छ, जसमा न्यायपालिका दिने नदिने भन्ने पनि छलफलकै विषय हो । कार्यपालिका र व्यवस्थापिका उनीहरूको आफ्नै हुन्छ । संघहरूले नै आफ्ना नीति नियमहरू बनाउँछन्, तर संघ र केन्द्रका बीचमा आय र स्रोतलाई कसरी बाँडफाँड गर्ने भन्ने निश्चित विधि संविधानमै बनाएको हुनुपर्छ । जस्तै : स्विजरल्यान्डमा प्रत्येक संघीय राज्यको उत्पादनको ३० प्रतिशत मात्र त्यो राज्यले खर्च गर्न पाउँछ, बाँकी ७० प्रतिशत केन्द्रीय राज्यमा जान्छ । केन्द्रले संघहरूको आवश्यकता र विधिअनुरूप आयको बाँडफाँड गर्छ ।

**सानो मुलुकलाई संघीय रूपमा विभाजन गर्दा विखण्डन आउँदैन ?**

विभाजनको आधार भौगोलिक आधार मात्रै हुनुहुँदैन । यदि भौगोलिक आधारमा मधेसलाई मात्र एउटा राज्य बनाउने खालको संघीय राज्य बनाउने हो भने विखण्डन पनि आउन सक्छ । त्यसैले जातीय, भौगोलिक, प्राकृतिक स्रोत र विकासको सम्भावनालाई आधार बनाएर संघीय राज्य निर्माण गर्नु पर्छ । नेपालभन्दा सानो मुलुक स्विजरल्यान्डमा सफल संघीयताको उदाहरण हो ।

**संघीय राज्यको लागि नेपाल जस्तो मुलुकमा कतिसम्मको स्वायत्तता दिनुपर्छ ?**

मेरो अवधारणाअनुसार नेपाललाई केन्द्रबाहेक पाँच राज्यमा विभाजन गर्नु पर्छ र ती पाँचलाई पनि जिल्ला र गाउँसम्म स्वायत्तता दिनुपर्छ । मौद्रिक नीति, सुरक्षा नीति र परराष्ट्र नीतिबाहेक अन्य नीतिहरू संघीय राज्यले निर्माण गर्ने स्वायत्तता दिनु पर्छ । संघीय प्रदेशभित्रको जिल्लालाई जातीय आधारमा तयार पार्नु पर्छ । यसको आधारमा विभिन्न प्रदेशमा भएका अल्पसंख्यकहरूको समस्यालाई समावेशी अधारमा समाधान गर्न सकिन्छ ।

**मधेसीहरूले मधेसलाई स्वायत्त राज्यको माग गरेका छन्, यो कत्तिको जायज हो ?**

मधेसको संघीय राज्य हुनसक्छ तर मधेस नै पूरै स्वायत्त मधेसी राज्य भने हुनसक्दैन । किनभने यसले पूरै नेपाललाई नाकाबन्दी गर्छ । मधेस र मधेस फरक हुन् । मधेस भौगोलिक परिवेश हो भने मधेस सांस्कृतिक परिवेश हो । मधेसको भौगोलिक परिवेशभित्र मधेसबाहेक अन्य धेरै जातजातिहरू पनि छन् । मधेसमा विभिन्न जातिका आफ्नै संस्कृति छन् । अहिले आएको आन्दोलनको आवाज मैथिली समुदायको हो र त्यसलाई मधेसको रूपमा हेरिनु पर्छ । अर्को पाटो मधेसभित्र सांस्कृतिक विभेद अत्यन्त बढी छ । नेपालको तथ्यांकले पहाडका जिल्लाहरूको तुलनामा मधेसका जिल्लाहरूमा सामाजिक र सांस्कृतिक विकासका सूचकांकहरू न्यून छन् । मधेस आर्थिक विकासका दृष्टिकोणले मात्र अगाडि छ भने सामाजिक, सांस्कृतिक र राजनीतिकरुपमा पछाडि छ ।

**भौतिक रुपमा विकसित भएको मधेसमा मानवीय विकास किन न्यून भयो ?**

मधेसभित्र रहेको सामाजिक विभेदले गर्दा मानव विकासमा अवरोध पुगेको छ । मधेसमा वर्गीय विभेद, जातीय विभेद र लैंगिक विभेद लगायतका समस्या अन्य क्षेत्रमा भन्दा उच्च छ । त्यहाँ भित्रका पनि सीमित जातिहरू मात्र त्यसको स्रोतको नजिक छन् । त्यसैले विभेदको जरो पनि मधेसमा गहिरो छ ।

**मधेसमा सबै जातजातिको रुपान्तरणको लागि तत्काल के गर्न सकिन्छ ?**

मधेसको लागि बनेका नीति र कार्यक्रममा त्यहाँभित्रका विभिन्न तप्का, विभिन्न वर्ग, जाति आदिको सहभागिता बढाउनु पर्छ । यसको लागि पहल गर्ने मधेसकै नेतृत्वले हो । त्यसमा मधेसको नेतृत्वको ध्यान पुग्नुपर्छ । मधेसको मागहरू अहिले बाहिर आएका छन्, ती जायज छन् । तर मधेसलाई नै एउटा संघ बनाउने भन्ने कुनै पनि हालतमा वैज्ञानिक हुँदैन । नेपालमा मधेसको विकासको लागि पहाडको विकास र पहाडको विकासको लागि मधेसको विकास आवश्यक छ । यहीअनुरूप संघीय राज्यको निर्माण गर्नुपर्छ । पहाड र मधेसको अन्तरसम्बन्धित विकासले मात्र समग्र देशको विकास हुन्छ । मधेसको आफ्नो पहिचान मधेसको आफ्नो पहिचन स्थापित गर्नु पर्छ यस्तो भयो भने पूरै मधेसलाई एउटै संघीय राज्य बनाएर मात्र समस्या समाधान हुन्छ भन्नु गलत हुन्छ ।

**नेपालमा संघीय राज्यलाई कसरी विभाजन गर्न सकियो भने वैज्ञानिक हुन्छ ?**

मेरो अवधारणाअनुसार विकासको आधारमा प्रदेश निर्माण गर्ने र प्रदेशभित्रका जिल्लाहरू भाषा र जातिका आधारमा निर्माण गर्ने हो । राजधानीसहित ६ वटा प्रदेश हुन्छन् र ती विभिन्न प्रदेशभित्र जातीय र भाषिक सघनताको आधारमा जिल्लाहरू निर्माण गरिन्छ र जिल्लादेखि गाउँसम्म स्वायत्तता दिनु पर्छ । यसको आधारमा पूर्व प्रदेश, मध्य प्रदेश, पश्चिम प्रदेश, सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेश गरेर विभाजन गर्दा प्रत्येक प्रदेशमा मधेसका जिल्लाहरू पनि समाहित हुन्छन् । यसले नेपालको विशिष्टतालाई कायम राख्छ ।

**यसले जातीय आधारमा संघीय राज्यको अवधारणालाई स्वीकार गरेन नि ?**

कुनै पनि क्षेत्रमा एकल जातीयको बहुमत जनसंख्या छैन । त्यसैले जातीय पहिचान सबै जातिलाई चाहियो । ६९ जातिहरूको जनसंख्या एक लाखभन्दा कम छ । यो अवस्थामा पूरै प्रदेशलाई भन्दा पनि प्रदेशभित्रको राज्यलाई जातीय आधारमा वर्गीकरण गर्नु पर्छ । यो जातीय आधारमा संघीय राज्यको बारेमा कुनै पनि राजनीतिक दलको स्पष्ट नीति सार्वजनिक भएको छैन । यहाँसम्म कि संघीय राज्यको नारा चम्काएको माओवादीले समेत स्पष्ट खाका दिन सकेको छैन । तसर्थ जातीय आधारमा संघीय स्वरूप तयार पर्ने हो भने समानुपातिक वितरण हुन सक्दैन । तसर्थ अग्रगामी जातीय पहिचानसहित समग्र विकासमा यही संघीय अवधारणालाई अगाडि बढाउन सकियो भने समग्र विकासमा सहयोग पुग्नेछ । ■




भास्कर ओझा

आदिवासी तथा जनजातिले फागुन १६ गरेको बन्दमा देखिएको राजधानी

# बन्द मुलुक

■ गोविन्द परियार/काठमाडौं

**माओवादी र सरकारबीच शान्ति सम्झौतापश्चात् अन्तरिम संविधान जारी भएदेखि दिनदिनै जस्तो बन्दको मार परिरहेको छ। मधेसी जनताको अधिकारको माग गर्दै तराईमा माघ १ गतदेखि चर्किएको आन्दोलनले पूर्वी तराई पूरै बन्द छ भने मुलुकका अन्य भाग विभिन्न समूहमा विभक्त जनजाति र आदिवासीले गरेको बन्दको चपेटामा परेको छ।**

जनआन्दोलन–२ पछि बनेको सरकारको संविधानसभाको निर्वाचनमार्फत राज्यको पुनर्संरचना गर्ने घोषणासँगै विभिन्न जातीय समुदाय र राजनीतिक दलहरूले बन्दको आन्दोलनलाई निरन्तरता दिएका छन्। अधिकारको माग गर्दै विभिन्न समूहले गरेको हड्ताल र बन्दका कारण सर्वसाधारणको जनजीवन नराम्ररी प्रभावित भएको छ। अग्रिम सूचनाविना विभिन्न समूहको नाममा प्रत्येक दिन जसो भइरहेको बन्दले देशभरको आवागमन ठप्पसरह भएको छ भने सर्वसाधारण जनताको दैनिकी कष्टकर बनेको छ।

माओवादी र सरकारबीच शान्ति सम्झौतापश्चात् अन्तरिम संविधान जारी भएदेखि दिनदिनै जस्तो बन्द मार परिरहेको छ। मधेसी जनताको अधिकारको माग गर्दै तराईमा माघ १ गतदेखि चर्किएको आन्दोलनले पूर्वी तराई पूरै बन्द छ भने मुलुकका अन्य भाग विभिन्न समूहमा विभक्त जनजाति र आदिवासीले गरेको बन्दको




चपेटामा परेको छ ।

अधिकारवादीहरू अधिकारमुखी आन्दोलनका स्वरूपहरू सर्वसाधारण जनतालाई सकभर कम हानि पुग्ने प्रकारको हुनु पर्ने बताउँछन् । बन्द-हड्ताल वा ध्वंसले मात्र आफ्ना मागहरूप्रति सरकारको ध्यानाकर्षण हुन्छ भन्ने धारणाले आन्दोलनकारीहरूले यस्तो कार्यलाई ब्रह्मास्त्रको रूपमा लिएका छन् ।

उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानिया भन्छन्, 'हड्ताल गर्ने अधिकार राजनीतिक दलबाहेक अन्य कसैलाई पनि हुँदैन । राजनीतिक दलहरूले आफ्नो जनमत प्रदर्शन गर्न हड्ताल गर्ने गर्छन् ।' तर राजनीतिक दलले मात्रै नभई अहिले विभिन्न संस्थाले हड्तालका कार्यक्रमहरूलाई तीव्रता दिएका छन् । संघसंस्था ऐनअन्तर्गत दर्ता भएका संस्थाहरूले बन्द र हड्ताल लगायतका राजनीतिक कार्यक्रम गर्न पाउँदैनन् ।

तर अहिलेका अधिकांश बन्द र हड्तालमा राजनीतिक दलभन्दा पनि संघ-संस्थाहरू नै बढी देखिएका छन् । अधिवक्ता बानिया भन्छन्, 'संस्था दर्ता ऐनअनुसार दर्ता भएका संस्थाहरूले हड्तालका कार्यक्रम नै गर्न पाउँदैनन् ।' यस्ता संस्थाहरूले आफ्नो विधानमा बन्द र हड्ताल लगायत राजनीतिक गतिविधि नगर्ने उल्लेख गरेका हुन्छन् ।

भारतमा ट्रक व्यवसायीहरूले हड्ताल गर्दा सर्वसाधारण जनतामा प्रतिकूल असर परेको भन्दै त्यहाँको सर्वोच्च अदालतले कुनै पनि व्यवसायिक संगठनले बन्द र हड्ताल जस्ता कार्यक्रम गर्न नपाउने फैसला गरेको थियो ।

मुलुक संक्रमणकालीन अवस्थामा रहेको समयमा सबैले आफ्नो अधिकार खोज्नु स्वभाविक भए पनि सर्वसाधारण जनतालाई प्रतिकूल असर पर्ने गरी लामो बन्द गर्नु प्राकृतिक न्यायको सिद्धान्तविपरीत भएको तर्क कानुनविद्हरूको छ । सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्याल भन्छन्, 'बन्दसम्बन्धी ऐन कानुन नभए पनि प्राकृतिक न्यायको सिद्धान्तको आधारमा कुनै समूहले बन्द आह्वान गर्दा अरूलाई पर्ने असुविधालाई हेरिनुपर्छ ।' बन्द गराएर त्यसको परिणाम के आयो भन्नेमा पनि बन्द आह्वानकर्ताहरूको ध्यान पुग्न सकेको छैन । 'अहिले भएका बन्दले आह्वानकर्तालाई मानसिक सन्तुष्टि र अहंकार बाहेकको उपलब्धि नआएको' आचार्य बताउँछन् । उनी भन्छन्, 'जनआन्दोलनको भावनाअनुरुपको संविधानसभाको निर्वाचनलाई असर गर्ने गरी बन्दको कार्यक्रम तयार गरिएकाले बन्दलाई नै बन्द गर्नु पर्ने अवस्था आएको छ ।'

संक्रमणकालीन अवस्थामा अधिकारको सुनिश्चितताको आशा राज्यबाट गर्ने भएकाले आन्दोलन गरिए पनि बन्दजस्तो कडा आन्दोलनमा जाँदा जनताको समस्यालाई बुझ्नु पर्ने तर्क अधिकारवादीहरूको छ । राष्ट्रिय मानवअधिकार आयोगका निमित्त सचिव ध्रुव नेपाल भन्छन्, 'कसैले पनि आफ्नो माग पूरा गराउँदा अरूको अधिकारको हनन नहुने गरेर कार्यक्रम तयार गर्नु पर्छ । समग्र जनतालाई असर गर्ने गरेर बन्द गराउने अधिकार कसैलाई पनि छैन ।' अन्तर्राष्ट्रिय मानवीय कानुनले विरोधका कार्यक्रमहरू कसलाई सुनाउनु पर्ने हो, त्यसलाई मात्र असर गर्ने गरेर निर्धारण गर्नु पर्ने मान्यता राखेको छ । कसैको मागका कारण सर्वसाधारण जनता प्रभावित हुनु हुँदैन ।

विश्वका अधिकांश मुलुकहरूमा बन्दजस्ता हड्तालका कार्यक्रमहरू गर्न प्रतिबन्धित छ । छिमेकी मुलुकको दक्षिण राज्यमा पनि बन्द गर्न त्यहाँको सरकारले प्रतिबन्ध लगाएको छ । विरोधको लागि सरकारले निश्चित क्षेत्र तोकेर त्यहाँबाटै शान्तिपूर्णरुपमा आफ्ना माग लागू गर्न सम्बन्धित पक्षलाई दबाब दिने वातावरण सरकारले तयार गर्नु पर्ने सुझाव नेपालको छ ।

बन्द आह्वानकर्ताले कति दिनअगाडि जनतालाई जानकारी दिनुपर्ने हो भन्ने न्यूनतम अवधिको समेत वास्ता गरिएको हुँदैन । यसले सर्वसाधारण जनतामा दैनिक उपभोग्य वस्तुको प्रबन्धसँगै दैनिक रोजीरोटीमा समेत प्रतिकूल असर परेको हुन्छ । जनताको दैनिक जीवनमा प्रभाव पार्ने प्रकृतिका हड्तालका कार्यक्रमहरूलाई निरुत्साहित गर्नको लागि उपभोक्ताहरू जागरुक हुनुपर्ने अधिवक्ता बानिया बताउँछन् । दैनिक मजदुरी गरेर रोजीरोटी गर्ने हजारौं मजदुरहरू लामो बन्दको सिकार भएका छन् । तराईलगायत मुलुकका अन्य क्षेत्रमा भएको बन्दका कारण अधिकांश क्षेत्रमा खाद्यान्न ढुवानीमा समेत प्रतिकूल असर परेको छ ।

राजधानी लगायतका सहरी क्षेत्रमा समेत खाद्यान्न लगायत दैनिक उपभोग्य वस्तुहरूको संकट देखिएको छ । यो कुरा मद्देनजर गरी बन्द आह्वानकर्ताहरूले आफ्नो आन्दोलनको स्वरूप परिवर्तन गर्नु पर्ने सुझाव आचार्यको छ । बन्द आन्दोलनको कडा स्वरूप हो । योभन्दा अगाडि आफ्ना मागहरूलाई अन्य नरम प्रकृतिका आन्दोलनका कार्यक्रममार्फत सरकारलाई घचघच्याउन सकिन्छ, तर अधिकांश बन्द आह्वानकर्ताहरूले मुलुकलाई प्रभावित पार्ने


**हड्तालमा भएका भौतिक र मानवीय क्षतिको जिम्मेवारी लिने प्रवृत्ति कुनैपनि आन्दोलनकारीले देखाएका छैनन् ।**

बन्दजस्तो आन्दोलनसमेत सजिलै र विनातयारी घोषणा गर्ने गरेका छन् । अधिकारवादीहरूले आन्दोलनका अन्य स्वरूप हुँदाहुँदै बन्द आह्वान गरेर सर्वसाधारण जनताको न्यूनतम आवश्यकतामा प्रतिकूल प्रभावित पारेको आरोप लगाएका छन् । नेपाल भन्छन्, 'अन्य नरम आन्दोलनका कार्यक्रमहरू हुँदाहुँदै बन्दजस्तो कडा कार्यक्रम मानवीय कानुनविपरीत हो ।'

बन्द आह्वानकर्ताहरूको माग पनि अनौठाखाले छन् । फागुन १५ गते नुवाकोट उद्योग वाणिज्य महासंघले प्रतिबन्ध लगाएको मदिरा खोल्नु पर्छ भन्ने माग राखेर समेत नुवाकोट बन्द गराएको थियो । उता बन्दका क्षेत्र पनि निश्चित हुँदैनन् । स्थानीय टोलदेखि जिल्ला, क्षेत्र हुँदै पूरै मुलुक प्रभावित हुने गरेर बन्दको कार्यक्रम तयार गरिएको पाइन्छ । यसले कुनै क्षेत्रको भौगोलिक अवस्थाका कारण सानो क्षेत्रमा आह्वान गरिएको बन्दले समेत धेरै क्षेत्रको यातायात लगायतका अन्य गतिविधिमा प्रतिकूल प्रभाव पारेको हुन्छ । विश्लेषकहरू सरकारका ऐन कानुनहरू प्रभावकारीरुपमा कार्यान्वयन नभएका कारण सामान्य प्रकृतिका घटनाका विरुद्धमा पनि कडा कार्यक्रमहरू घोषणा हुने गरेको बताउँछन् ।

बन्द र हड्तालका क्रममा भएका भौतिक र मानवीय क्षतिको जिम्मेवारी नैतिक रुपमा आह्वानकर्ताले लिनु पर्छ, तर आह्वानकर्ताले गरेका यस्ता हड्तालमा भएका भौतिक र मानवीय क्षतिको जिम्मेवारी लिने प्रवृत्ति कुनैपनि आन्दोलनकारीले देखाएका छैनन् । सिद्धान्ततः बन्द शान्तिपूर्ण विरोधकै रुप हो, तर यहाँ भएका अधिकांश बन्दका कार्यक्रमहरू हिंसात्मक देखिएका छन् । मुलुकमा बढ्दै गएको बन्दको राजनीतिमा सरकारको अस्पष्ट नीति र जवाफदेहिता नभएका कारण अन्दोलनको कार्यक्रम बन्द भएको विश्लेषकहरू बताउँछन् ।

आन्दोलनकारीहरूले भने सरकारको दैनिक प्रभाव पार्ने बन्दका कार्यक्रमबाहेक अन्य कार्यक्रमले सरकाले आन्दोलनकारीका मागहरू नसुन्ने भएकाले कडा कार्यक्रम तयार गर्नु परेको बताएका छन् । आदिवासी जनजाति महासंघका अध्यक्ष पासाङ शेर्पा भन्छन्, 'राज्य संचालकहरूले मुखमा नघोचेसम्म चुप लागेर बस्ने गरेकाले गर्दा हामीले नचाहँदा नचाहँदै पनि बन्दको कार्यक्रम गर्न बाध्य भएका हौं ।' विगत दुई महिनादेखि सिलसिलेवार रूपमा भएको बन्दको चपेटामा परेर सरकारका वार्षिक कार्यक्रमहरूसमेत प्रभावित भएका छन् । संविधानसभाको निर्वाचनलाई मद्देनजर गरेर तयार पारिएका कार्यक्रमहरूसमेत बन्दका कारण प्रभावित भएका छन् । ■



भास्कर ओझा

# सेन्टअप सच्यासच्यै

**मधेस र पूर्वी** पहाडी भागमा चर्किएको आन्दोलनका कारण यसपटक सेन्टअप परीक्षामा समेत असर परेको छ । माघ १ गते अन्तरिम संविधान जारी भएपछि संघीय राज्य प्रणालीको माग गर्दै मधेसी, आदिवासी र जनजाति आन्दोलनमा होमिएपछि सेन्टअप परीक्षाका निर्धारित तालिका पटकपटक सारिएको थियो । अप्ठ्यारो परिस्थिति हुँदाहुँदै पनि प्याब्सन, एनप्याब्सन, जिल्लास्तरीय लगायत विभिन्न बोर्डबाट सञ्चालन भएका सेन्टअप परीक्षा सकिएर नतिजा भने प्रकाशन भएको छ ।

'परीक्षाका बेला यस्तो कठिन अवस्था यसअघि कहिल्यै व्यहोर्नुपरेको थिएन', प्याब्सनका मध्यमाञ्चल उपाध्यक्ष तथा परीक्षा सञ्चालन केन्द्रीय समितिका संयोजक बिएन शर्मा भन्छन्, 'तराई र पूर्वी पहाडी भेगमा आन्दोलनका कारण सेन्टअपको परीक्षातालिका मात्र चारचोटि परिवर्तन गर्नुपऱ्यो ।' उपाध्यक्ष शर्माका अनुसार हिंसात्मक आन्दोलनका कारण विद्यार्थीहरूले त्रास र भयका बीच परीक्षा दिएका थिए ।

मधेसी जनाधिकार फोरम, तराई जनतान्त्रिक मोर्चा गोइत र जनतान्त्रिक ज्वाला सिंह समूहले पूर्वी तराईमा घोषणा गरेको अनिश्चितकालीन बन्दका कारण प्याब्सनले माघ १० गते सञ्चालन गर्ने भनी तय गरिएको सेन्टअप परीक्षा प्रभावित भएपछि दोस्रोपटक माघ १४ गतेका लागि सारिएको थियो । तर, हिंसा भड्किँदै गएपछि उक्त समयमा सेन्टअप हुन नसकेपछि फागुन पहिलो सातामात्र परीक्षा सञ्चालन भएको थियो । प्याब्सन उपाध्यक्ष शर्मा भन्छन्, 'तराईका केही जिल्लामा त परीक्षा सञ्चालनन भएको ५ दिनभित्र समेत नतिजा प्रकाशन गर्नुपऱ्यो ।' प्याब्सनले आफ्नो मातहतका


बन्दका क्रममा यस्ता झडप सामान्य हुने गर्छन्

**संघीय राज्य प्रणालीको माग गर्दै मधेसी, आदिवासी र जनजाति आन्दोलनमा होमिएपछि सेन्टअप परीक्षाका निर्धारित तालिका चार पटक सारिइसकेको छ। अप्ठ्यारो परिस्थिति हुँदाहुँदै पनि निजी तथा आवासीय विद्यालयहरूको छाता संगठन प्याब्सन, एनप्याब्सन, जिल्लास्तरीय लगायत विभिन्न बोर्डबाट सञ्चालन भएका सेन्टअप परीक्षाहरूको भने नतिजा नै प्रकाशन भइसकेको छ।**

सबै जिल्ला समितिको नतिजा एकसाथ प्रकाशन गर्ने लक्ष्य राखेको भए पनि बन्द र हड्तालका कारण पहिलो चरणमा फागुन १० गते उपत्यका र केही जिल्लाको नतिजा पत्रिकामार्फत प्रकाशन गरियो भने फागुन १४ गतेचाहिँ बाँकी रहेका जिल्लाको नतिजा सार्वजनिक गरिएको थियो।

प्याब्सनले सबै जिल्ला समितिलाई नतिजा तयार गरिसकेपछि एकसाथ पत्रिकामार्फत प्रकाशन गराउन केन्द्रीय परीक्षा सञ्चालन समितिलाई पठाउने निर्देशन पठाएको भए पनि धनुषा, महोत्तरी, सर्लाही, रौतहटलगायत जिल्लाका प्याब्सन समितिले आफ्नै हिसाबले नतिजा प्रकाशन गरेका थिए। त्यसैगरी पूर्वी पहाडी जिल्लाका संखुवासभा, ताप्लेजुङ, तेह्रथुम, धनकुटालगायत जिल्लामा पनि जनजातिहरूले आह्वान गरेको बन्दका कारण समयमै सेन्टअप हुन नसक्दा नतिजा प्रकाशनमा ढिलाइ भएको थियो।

तराईका सिरहा, सप्तरी, सुनसरी, मोरङलगायत जिल्लामा प्रतिकूल परिस्थिति हुँदाहुँदै पनि सेन्टअप परीक्षा सकिएर नतिजा सार्वजनिक भए पनि फेरि फोरम र जनतान्त्रिकले आह्वान गरेको बन्दका कारण विद्यार्थी विद्यालयमा उपस्थित भएर मार्कसिट हेर्न पाएका छैनन्। त्यसैगरी पूर्वी तराई र पहाडी भागका सरकारी विद्यालयको सेन्टअप परीक्षा पनि प्रभावित बनेको नेपाल राष्ट्रिय शिक्षक संगठनले जनाएको छ। 'फागुन पहिलो साता आन्दोलन रोकिएको मौका पारेर हतारमा धेरै जिल्लामा परीक्षा लिएर नतिजा प्रकाशन गर्ने काम गरियो', नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष हीरा नेपाल भन्छन्, 'माओवादी जनयुद्धको बेला पनि परीक्षा यो रूपले प्रभावित बनेको थिएन।'

माओवादी जनयुद्धका बेला अखिल क्रान्तिकारीले गरेको बन्दका बेला परीक्षा १-२ दिन यताउता सरे पनि यसरी पटकपटक सार्नुपर्ने अवस्था आउनु मुलुकको शिक्षा क्षेत्रको लागि दुर्भाग्य भएको नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष नेपाल जानकारी दिन्छन्। उनी भन्छन्, 'अधिकार प्राप्तिको लडाइँ लड्नेहरू आफ्ना क्रियाकलापले बालबालिकाको शिक्षालाई असर त पुग्ने होइन भनी सचेत बन्नु पर्थ्यो, त्यस्तो देखिएन।'

सेन्टअप परीक्षाको नतिजा प्रकाशन निर्धारित तालिकाभन्दा १० दिनपछि भएको छ। यसले विद्यार्थीको एसएलसी तयारीलाई समेत असर पुग्ने विद्यार्थी र अभिभावकले जनाउँदै एसएलसी परीक्षा एक सातापछि सार्नु पर्ने बताएका छन्। यता शिक्षा मन्त्रालयले आगामी चैत २१ गतेदेखि सुरु हुने एसएलसी परीक्षाको तालिका समेत सार्वजनिक गरिसकेको छ र एसएलसीको फारम दस्तुर बुझाउने म्याद फागुन २० सम्म निर्धारण गरिएको छ।

प्याब्सनले फारम दस्तुर बुझाउने म्याद फागुन मसान्तसम्म र एसएलसी परीक्षा पहिले घोषणा गरिएको मितिभन्दा एक सातापछि सार्न शिक्षा मन्त्रालयलाई आग्रह गर्ने जनाएको छ। मन्त्रालय भने अहिलेसम्म चैत २१ गतेबाटै परीक्षा सञ्चालन गर्ने योजनामा रहेको छ। शिक्षा मन्त्रालयका सहसचिव लवप्रसाद त्रिपाठी भन्छन्, 'अहिलेसम्म एसएलसी परीक्षा सार्ने विषयमा केही छलफल भएको छैन।' सेन्टअप उत्तीर्ण गरेका करिब ३ लाख ५० हजारजति विद्यार्थी एसएलसी परीक्षा सामेल हुँदै छन्। तीमध्ये निजी विद्यालयबाट करिब ८० हजार जति परीक्षामा सहभागी हुने जनाइएको छ।

■ **छत्र कार्की/काठमाडौं**

# छायाँमा शान्ति प्रक्रिया

■ युवराज घिमिरे/काठमाडौं

मधेस आन्दोलन र त्यहाँका आन्दोलनकारी पक्षसँग माओवादीहरूको कटुतापूर्ण सम्बन्धले पनि जेठमा चुनाव असम्भव बनेको छ। त्यसमाथि माओवादी 'लडाकु' तथा हतियारको अनुपात चित्तबुझ्दो नभएको धारणा कांग्रेसकै उच्च तहमै उठेको छ।



**सरकारका** सात दल र माओवादीको रवैयाले जेठमा संविधानसभाको निर्वाचन हुन नसक्ने निष्कर्षमा अन्ततः संयुक्त राष्ट्रसंघ पुगेको छ। सर्वपक्षीय सहमति र केही आवश्यक पूर्वसर्त निर्माण नभएमा निर्वाचन निर्धारित समयमा हुनेबारे आफ्नो आशंका राष्ट्रसंघीय महासचिव वान की मुनका नेपालस्थित विशेष प्रतिनिधि इयान मार्टिनले खुलेरै अभिव्यक्त गरे, यसै साता।

निर्वाचन कानुन बन्न ढिलाइ भएमा र चुनावका मितिमा मात्र हैन, त्यसपूर्व नै कानुन व्यवस्थाको स्थितिमा सुधार नआएमा चुनाव सम्भव नहुने मार्टिनको टिप्पणी थियो। नेपालको परिस्थिति र सात दल-माओवादीबीचका सहमतिहरू सकारात्मक दिशामा लैजान अथक परिश्रम गरिरहेका राष्ट्रसंघीय टोली नेताको भनाइलाई खासगरी सरकार र माओवादीले कसरी लिन्छन् र सुधारका कस्ता उदाहरण प्रस्तुत गर्छन्, त्यो महत्त्वपूर्ण हुनेछ।

निर्धारित चुनावका लागि केवल दुई महिनामात्र बाँकी रहे पनि निर्वाचन आयोगको अधिकारसम्बन्धी प्रस्तावले कानुनको हैसियत हासिल गरिसकेको छैन भने अर्कोतिर वर्तमान संसद्ले दलहरूबीचको असमानतालाई कानुनी मान्यता प्रदान गरेको छ। र, उता माओवादीको सार्वजनिक सभामा उनीहरूकै निजी सेनाको उपस्थितिले चुनावी वातावरणमा असुरक्षाको मात्रा वृद्धि गरेको छ।

मार्टिनको न्युयोर्कयात्रा सात मुख्य शिविर र २१ ओटा साना शिविरहरूमा हतियार पञ्जीकरणको प्रक्रिया समाप्ति र त्यसलाई माओवादीद्वारा उनीहरूको अन्तरिम सरकारमा प्रवेशका लागि वैधानिकताका रूपमा प्रस्तुत गरेको पृष्ठभूमिमा भएको हो। माओवादी अध्यक्षले अन्तरिम सरकारमा आफ्नो हैसियत वा उनको पार्टीको 'दुई नम्बर'को दर्जाका आधारमा मुख्य उपप्रधानमन्त्रीसहित संचार तथा गृह मन्त्रालय आफ्नो दलले पाउनुपर्ने दाबीका साथै आफू अन्तरिम सरकारमा आएपछि निर्वाचन सार्न सकिने संकेत पनि दिएका छन्। 'मुलुकलाई लोकतान्त्रिक गणतन्त्र घोषित गर्ने हो भने चुनाव सार्न हामी तयार छौं', उनले नेपालगन्जमा मंगलवार प्रेस सम्मेलनमा भने।



डी भण्डारी

नेपालगन्जको माओवादी सभामा हतियारधारीहरू

तर, त्यसमा कतिले राजनीतिक चलाखी देखेका छन्। सात दल र माओवादी सहमतिले हतियार व्यवस्थानपछि माओवादीलाई अन्तरिम सरकारमा सामेल हुन वैधानिकता प्रदान गरेको छ। मार्टिन स्वयंले हतियार पञ्जीकरण हतियार व्यवस्थापनको पहिलो चरण भएको र द्विपक्षीय सहमतिअनुसार माओवादी लडाकु तथा हतियारलाई छुट्याएपछि माओवादी सरकारमा सामेल हुने तथा सहमतिमा उल्लेख भए पनि त्यसबारे 'निर्णय दुई पक्षले लिने कुरा हो' भनेर विवादबाट उम्के, न्युयोर्कमा भएको एउटा पत्रकार सम्मेलनमा।

अन्तरिम सरकार गठन हतियार व्यवस्थापनपछि मात्र हुने आश्वासन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले स्पष्टरूपमा विदेशी कूटनीतिक प्रतिनिधिहरूसमक्ष राख्दै आएका छन्। र, यसैबीच तराई आन्दोलन र त्यहाँका आन्दोलनकारी पक्षसँग माओवादीहरूको कटुतापूर्ण सम्बन्धले पनि चुनाव जेठमा असम्भव बनेको छ। र, माओवादी 'लडाकु' तथा हतियारको अनुपात चित्तबुझ्दो नभएको धारणा कांग्रेसकै उच्च तहमा पनि चर्चाको विषय बन्न पुगेको छ।

'हतियार खोलाले बगायो भन्ने प्रचण्डको भनाइलाई कतिजनाले विश्वास गर्लान् ?' कांग्रेस कार्यकारिणी सदस्य सुजाता कोइरालाले प्रधानमन्त्री निवासमा उपस्थित पार्टी नेताहरूसँग सोधिन्।

अन्तर्राष्ट्रिय जगत्, खासगरी संयुक्त राष्ट्रसंघको निराशालाई नेपालभित्रका राजनीतिक गतिविधिहरूले निकै हदसम्म बल पुऱ्याएको छ। एकातिर राजनीतिक दलका गतिविधिहरू हुन नसकेको र अर्कोतिर तराईको असन्तोषले पनि चुनाव प्रतिकूल वातावरण बनाएको छ। राजाले फागुन ७ गते जारी गरेको सन्देशलाई माओवादीले षड्यन्त्रका रूपमा प्रस्तुत गरे पनि इयान मार्टिनले आफ्नो भनाइ न्युयोर्कमा संक्षेप र स्पष्टसँग राखेका थिए- 'राजा अहिले कुनै हैसियतमा छैनन् र उनको राष्ट्रप्रमुखको पूर्व हैसियतलाई अहिले प्रधानमन्त्रीले प्रतिनिधित्व गर्नेछन्।'

तर उनले त्योभन्दा बढी महत्त्वका साथ तराई तथा अन्यत्रका वर्षौंदेखि सीमान्त, वञ्चित र उपेक्षित समूहहरूको समुचित प्रतिनिधित्व नेपालको बदलिँदो सन्दर्भमा सुनिश्चित हुनुपर्ने धारणा राखेका छन्।

तराई आन्दोलन दरबारकै घुसपैठको आधारमा उब्जिएको हैन भन्ने मान्यता राष्ट्रसंघको मात्र हैन, नेपालका विभिन्न दातृ संगठन र दौत्य सम्बन्ध




माओवादी नेताको स्कटिङमा प्रयोग गरिएको गाडी

विजयकुमार मिश्र

भएका मुलुकहरूको पनि छ। भारत, अमेरिका, बेलायतलगायत अन्य मुलुकहरूले मधेसी जनाधिकार फोरमका नेताहरूसँग बराबर अन्तरक्रिया गर्नुले यो तथ्यलाई पुष्टि गर्छ। 'हाम्रो मागलाई बेवास्ता गरेर चुनाव हुन सक्तैन', फोरमका अध्यक्ष उपेन्द्र यादवले *समय*लाई बताए। सम्भवतः त्यस्तै दबाबका कारण संसद्मा तराईका लागि भनेर राखिएका संशोधन प्रस्तावलाई तत्काल अगाडि नबढाउन प्रधानमन्त्री र सभामुखबीच सहमति भएको छ, बुधवारको एउटा भेटघाटपछि। तर तराईपछि बुधवार मुलुकलाई अस्तव्यस्त पार्न सफल जनजाति महासंघका मागहरूलाई पूरा गर्न सरकार सक्रिय रूपमा अगाडि बढेका प्रमाणहरू देखिएका छैनन्। त्यसले स्वभाविक रूपमा निर्वाचन प्रक्रिया र मितिलाई प्रभावित गर्नेछ। यसैबीच तराईमा संसदीय क्षेत्रको संख्या ४६.७ प्रतिशत जनता र २० जिल्लालाई आधार मानी ११० र ११२ बीच पुर्‍याउने विभिन्न मधेस समूहहरू सहमत भएको बुझिएको छ। तर विकेन्द्रीकृत प्रशासनको स्वरूपबारे कुनै गृहकार्य भएको देखिँदैन।

त्यस्तै अझ महत्त्वपूर्ण कुरा निर्वाचनका लागि उपयुक्त कानुन व्यवस्था स्थिति निर्माण गर्नु हो। सरकारको अनुपस्थिति एकातिर र अर्कोतिर माओवादीहरूले निरन्तर रूपमा आफ्ना राजनीतिक प्रतिद्वन्दीहरू मात्र हैन, आफूलाई कुनै पनि रुपमा चुनौती दिनेहरूलाई सताइरहेका उदाहरणहरूले पनि चुनावी वातावरण खलबलिएको छ।

**न्युयोर्कमा इयान मार्टिनले आफ्नो भनाइ संक्षेप र स्पष्टसँग राखेका थिए– 'राजा अहिले कुनै हैसियतमा छैनन् र उनको राष्ट्रप्रमुखको पूर्व हैसियतलाई प्रधानमन्त्रीले प्रतिनिधित्व गरिरहेका छन्।'**

नेपालगन्ज, दाङ, बुटवल र भरतपुरमा माओवादी तथा जनजाति महासंघ र मधेसी जनाधिकार फोरमबीच भिडन्त भएका छन् भने राजधानीमै कोपुन्डोलमा माओवादीहरूले माइक्रोबस तथा टेम्पो चालकहरूलाई शारीरिक यातना दिएका घटनाले उनीहरूको आपराधिक रूप पुनः देखापरेको छ। माओवादीद्वारा पिटिएका ड्राइभर र निजी यातायात व्यवसायीका अनुसार काठमाडौंमा चल्ने करिब १६० माइक्रोबस र टेम्पोहरूसँग गरेर मासिक ४८ हजार रुपैयाँ असुल गर्ने गरेको तथ्य खुलासा भएको छ। माओवादीहरूले सरकारसँग ४० करोडभन्दा बढी रकम 'क्यान्टोनमेन्ट प्रबन्ध'का नाममा बुझिसकेको अवस्थामा पनि जबरजस्ती चन्दा असुलीका तथ्यहरू आइरहेकाले वा त उनीहरूको नियत ठिक छैन वा क्याडरहरू पार्टी नेतृत्वको नियन्त्रणबाहिर भएको अर्थ पनि राजनीतिक वृत्तमा लगाइएको छ।

निर्वाचन आयोगका अनुसार निर्वाचनसम्बन्धी कानुन निर्माण गरिए पनि सात दल र माओवादीहरूले निर्वाचन आचारसंहिता र शान्ति प्रक्रियासम्बन्धी आचारसंहिता उल्लंघन गरेमा अवश्य पनि निर्वाचनको वातावरण धमिलिनेछ। 'हामी अझै पनि जेठमा निर्वाचन गराउन चाहन्छौं, तर अब त्यसमा माओवादी बाधक बन्न थालेको देख्छु म', एकजना वरिष्ठ मन्त्रीले नाम नखुलाउने सर्तमा *समय*लाई भने। निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीका अनुसार, जेठमा निर्वाचन हुने सम्भावना हरेक मिनेट कम हुँदै गइरहेको छ।

दाङको भाषणमा राजालाई नै पुरानो शक्तिका प्रतीकका रूपमा प्रचण्डले प्रस्तुत गरेर दलहरू वा प्रजातान्त्रिक शक्तिहरूको अस्तित्व स्वीकार नगरेको संकेत दिए भने कोइराला सरकारलाई प्रभावित गर्ने आफ्नो मुख्य गोटीले सम्हाल्दै आएको गृह मन्त्रालयको पद अन्तरिम सरकारमा आफूले पाउने गरेर कोइरालासँग प्रतिस्पर्धाको चरण उनले सुरु गरेका छन्। जेठमा चुनाव हुने वातावरण धमिलिँदै जाँदा माओवादी र सरकार, खासगरी प्रचण्ड र गिरिजाप्रसाद कोइरालाले कस्तो राजनीतिक सुझबुझ र समझदारी देखाउँछन्, त्यसले आगामी राजनीतिलाई निर्देशित गर्नेछ। र, स्वभाविक रूपमा त्यसमा चुनाव हिसाबले नेपालको भौगोलिक तथा प्रशासनिक पुनर्संरचनाबारे उनीहरूबीच कस्तो समीकरण बन्छ, त्यो बढी महत्त्वपूर्ण हुनेछ। ■

नेपालगंज सभामा माओवादी नेताहरू



रुद्र खड्का

# प्रचण्ड कि ज्ञानेन्द्र !

■ **रुद्र खड्का/नेपालगन्ज**

**कहिले साम्यवाद,** कहिले गणतन्त्र, कहिले नयाँ नेपाल त कहिले संघीय लोकतान्त्रिक गणतन्त्रको नारा लगाउँदै आएको माओवादीले पछिल्लोपटक अब नेपालको राजनीतिको शक्ति प्रचण्ड अथवा ज्ञानेन्द्रमध्ये कुनै एक मात्र भएको प्रचार सुरु गरेको छ।

देशव्यापी दौडाहामा निस्केका माओवादी अध्यक्ष प्रचण्डसहितका केन्द्रीय नेताहरूले माओवादीले विशेष क्षेत्र भन्दै आएका मध्यपश्चिम क्षेत्रअन्तर्गत दाङको घोराही र नेपालगन्जमा आयोजित जनसभामा झन्डै एक वर्षदेखि सहकार्य गर्दै आइरहेका सात राजनीतिक दलहरूको भूमिकालाई बेवास्ता गर्दै अब मुलुकको शक्ति ज्ञानेन्द्रको हातमा वा माओवादीको हातमा हुने दाबी गरे।

नयाँ नेपाल निर्माणमा काँग्रेस, एमाले लगायतका अन्य राजनीतिक दलहरू 'निकम्मा' भएको उनीहरूको दाबी थियो। 'अब यो देशको राजनीतिक शक्ति भनेको ज्ञानेन्द्र अथवा प्रचण्डमध्ये कुनै एक हुन्', माओवादीका वरिष्ठ नेता बाबुराम भट्टराईले दाङमा आयोजना गरिएको सभामा भने, 'ज्ञानेन्द्रको शक्ति हावी भएपछि मुलुक पुनः प्रतिगमनमा जाने र माओवादीले भनेअनुसार भए देश र जनताले पुस्तौंदेखि भोग्दै आएका समस्या हल हुन्छन्।' कांग्रेस र एमालेले मुखले क्रान्तिकारी कुरा बोले पनि व्यवहार जहिले पनि डरपोक भएको उल्लेख गर्दै माओवादी नेताहरूले कांग्रेस र एमालेको खिल्ली उडाएका थिए। 'मण्डले'हरूले पनि मुखले चाँडै गणतन्त्रको माग गर्न सक्ने माओवादी नेताहरूले अनुमान गरेका छन्।

एक वर्षअघि सात राजनीतिक दलहरूसँग भएको सम्बन्ध पछिल्ला दिनहरूमा खराब हुँदै गएको अनुमान भइरहेकै बेला पटक-पटक दलहरूलाई होच्याउन माओवादीका नेताहरूले प्रयोग गरेका शब्दहरूले प्रतिगमनको 'नाइके'को आरोप लाग्दै आएका राजालाई नै पुनः राजनीतिमा प्रमाणित गराउने प्रयास भइरहेको पाटोतर्फ उनीहरूले पूर्ण रूपमा बिर्सेका थिए। नेता भट्टराईले अबको मुलुकको शक्तिको रूपमा ज्ञानेन्द्र र प्रचण्डलाई प्रस्तुत गर्दा दाङ आमसभामा सहभागी भएका कयौं सर्वसाधारणले आश्चर्य प्रकट गर्दै दलहरूको भूमिका र शक्तिलाई बेवास्ता गरेर राजालाई एक्काइसौं शताब्दीका नायक भनेर दाबी गरिँदै आएका प्रचण्डसँग तुलना गरिएको देखेर अलमलमा परेका थिए।

दाङको आमसभामा नेता भट्टराईले अध्यक्ष प्रचण्डलाई दक्षिण एसियाकै उत्कृष्ट नेताको उपमा दिँदै शक्तिशाली व्यक्तिको रूपमा प्रस्तुत गरेका थिए भने नेपालगन्जमा प्रचण्डले भट्टराईले अन्तर्राष्ट्रियस्तरका बौद्धिक नेताको उपमा दिएर सम्मान गरेका थिए। सभाहरूमा भावी नेपालको राष्ट्रपतिको रुपमा पटक-पटक सम्बोधन गरिएका अध्यक्ष प्रचण्ड र अन्य नेताहरूले सहकार्य गरिरहेका राजनीतिक दलहरू तथा पछिल्लो समयमा मधेसको माग गर्दै आन्दोलन गरिरहेको मधेसी फोरमको चर्को विरोध गरे।

गत वैशाखको १९ दिने जनआन्दोलनका बेला माओवादीले जनता नउतारेको भए प्रतिगमन कुनै हालतमा परास्त नहुने दाबी गरेका माओवादी नेताहरूले राजनीतिक दलहरूको भूमिका यतिखेर गर्दै नगरेको काममा जस लिने होड चलेको गुनासो गरे। जनयुद्धको आधार क्षेत्र राप्ती तथा भेरी अञ्चलका सर्वसाधारणलाई घोराही र नेपालगन्जमा जम्मा गराएर सम्बोधन गरेका प्रचण्डले संविधानसभाको साटो संसद्ले नै मुलुकमा गणतन्त्र घोषणा गर्नको लागि एकपटक आन्दोलनको लागि तयार रहन पटक-पटक आग्रह गरेका थिए। राजा रहेसम्म संविधानसभाको निर्वाचन हुन नदिन अनेक प्रयास भइरहन्छ, भन्ने धारणा राखेका प्रचण्डले जेठअघि नै संसद्बाट गणतन्त्रको घोषणा गरेको खण्डमा षड्यन्त्रबाट बच्न सकिने सम्भावना व्यक्त गरे। 'विगत सात सालदेखि जनताले गर्दै आएको आन्दोलन र संघर्ष सक्षम नेतृत्वको अभावमा जहिले पनि सम्झौतामा टुंगिदै आएको छ', प्रचण्डले भने, 'यसपटक पनि नेताहरूले सम्झौता गर्न खोजेका छन्, माओवादीले यस्तो हुन दिँदैन।'

राजाले प्रत्यक्ष शासन हातमा लिएपछि जनताका पीर मर्का बुझ्ने घोषणाका साथ जिल्लाहरूको दौडाहामा निस्कँदा हुने गरेको कडा सुरक्षा व्यवस्था र स्वागत जस्तै प्रचण्डले सम्बोधन गरेका स्थानहरूमा पनि छापामारहरूले कडा सुरक्षा व्यवस्था मिलाएका थिए। नेपालगन्जको सभामा त हतियारसहितका माओवादीहरूलाई देख्दा सर्वसाधारण जनताले माओवादीले युद्धविराम गरेका हुन् वा होइनन् भन्दै अचम्मसमेत मानेका थिए। केही दिनदेखि तनावमा रहेको नेपालगन्जमा माओवादीले ड्रेस र सादा पोसाकमा छापामारहरू परिचालन गरेका थिए। माओवादीका डिभिजन तथा अन्य कमान्डरहरू पनि प्रचण्डसँगै थिए। प्रचण्डको स्वागतको लागि स्थानीयस्तरका लोकप्रिय नाचगान र झाँकी पनि प्रस्तुत गरिएको थियो। समाचार संकलनको लागि पत्रकारहरूलाई समेत माओवादीले छुट्टै पास वितरण गरेका थिए। ठूलो संख्यामा हतियार बोकेका र अन्य छापामारहरूका साथै सशस्त्र र जनपद प्रहरीहरू पनि प्रचण्डको सुरक्षाको लागि खटाइएको थियो। नयाँ नेपालको निर्माण गर्ने मुख्य नारा बनाएका प्रचण्डले नयाँ नेपाल निर्माणको लागि पहिलो सर्त राजतन्त्रको अन्त्य गर्नुपर्ने बताउँदै आएका छन्। पश्चिमका सभाहरूमा पनि उनले राजतन्त्रको अन्त्यपछि नेपालमा नयाँ व्यवस्था सुरुवात हुने र

## आफैं रोके शिविर व्यवस्थापन

माओवादी सेनाको दशरथपुरस्थित छैटौं डिभिजन मुख्यालय र आसपासका सहायक शिविर व्यवस्थापनका लागि स्थानीय शिविर समितिद्वारा सञ्चालित भौतिक पूर्वाधार निर्माणको काम माओवादीले नै बन्द गराएका छन्। यसका कारण माओवादी सेनाको मुख्य शिविर दशरथपुर तथा लेखफर्सा, गुमी र कल्याणमा रहेका सहायक शिविरहरूमा सरकारी, गैरसरकारी निकायबाट सञ्चालित हुँदै आएका निर्माणका सम्पूर्ण काम ठप्प भएका छन्।

माओवादी सेनाको शिविरमा निर्माण गरिने सम्पूर्ण कामको जिम्मा माओवादी सेनालाई दिनुपर्ने, शिविर व्यवस्थापनसम्बन्धी नयाँ नीति तय गरी प्रत्येक चार महिनामा एकमुष्ट बजेट रकम निकासा गर्नुपर्ने, शिविरको भौतिक निर्माणको कामलगायत सम्पूर्ण बजेट माओवादी सेनाकै नाममा निकासा हुनुपर्ने लगायतका ६ वटा माग राखेका छन्।

उक्त ६ वटा मागहरूसहितको ज्ञापत्रपत्र गृहमन्त्री एवं शिविर व्यवस्थापन केन्द्रीय समितिका संयोजक कृष्णप्रसाद सिटौलासमक्ष पनि बुझाइसकिएको छैटौं डिभिजन मुख्यालयका कमान्डर प्रतीकले बताए। 'माग पूरा नभएसम्म मुख्य शिविर तथा सहायक शिविरभित्रका सबै निर्माण कार्य बन्द हुनेछन्', उनले भने। माओवादी सेनाको यस्तो निर्णयपछि सरकारी कर्मचारी र ठेकेदार फिर्ता भएका छन् भने गैरसरकारी निकायका कर्मचारी अहिले शिविरबाहिरको काममा मात्र सीमित भएका छन्।

माओवादीका मुख्य र सहायक शिविरहरूसम्म सडक, विद्युत्, खानेपानी र स्वास्थ्यजस्ता अत्यावश्यक सेवा पुऱ्याउन सञ्चालित निर्माण कार्यमा माओवादीले अवरोध खडा गरेपछि यसको प्रत्यक्ष असर स्थानीय बासिन्दाहरूलाई समेत परेको छ। लामो समयदेखि खानेपानीको समस्या झेल्दै आएका त्यस क्षेत्रका जनता, डिएफआइडीले करिब १ करोड लागत बराबरमा खानेपानी आयोजना सुरु गरेपछि निकै उत्साहित देखिएका थिए। तर माओवादीको पछिल्लो अडानले उनीहरूको उत्साह धेरै समय टिकेन। शिविरमा खानेपानीको व्यवस्था हुन नसक्दा शिविरबाहिरको स्थानीय बासिन्दाहरूले प्रयोग गर्दै आएको धारा पनि माओवादी सेनाले नै बढी प्रयोग गर्न थालेपछि उनीहरूको समस्या झन् बढेको छ।

■ **गणेशकुमार कार्की/सुर्खेत**

त्यसपछि चाँडै मुलुक समुन्नत हुने आश्वासन बाँडे।

विभिन्न माग राखी मधेसमा आन्दोलन गर्दै आएको मधेसी फोरमका कार्यकर्ताहरूसँग भैरहवामा भएको झडपपछि दाङ पुगेका प्रचण्डको पहिलो सार्वजनिक जनसभा कुनै अवरोधविना सम्पन्न भए पनि नेपालगन्जमा भने निकै सशंकित रूपमा जनसभा सम्पन्न भएको थियो। प्रचण्डको आगमनको दुई दिनअघि नेपालगन्जमा मधेसी फोरमका कार्यकर्ताहरू र माओवादीबीच भएको झडपपछि माओवादी कार्यालय तोडफोड तथा जनसभाको प्रचारमा लागेको गाडी जलाइएका कारण माओवादीले ठूलो संख्यामा कार्यकर्ताहरूलाई सुरक्षाको लागि खटाएको थियो। स्रोतहरूले प्रचण्डको सुरक्षाको लागि माओवादीले माओवादी शिविरबाट समेत छापामार जनसभा स्थल पुऱ्याएको बताएका छन्। पश्चिममा रोल्पाको दहवन, सुर्खेतको दशरथपुर र कैलालीमा गरी तीन मुख्य शिविरहरू छन्।

प्रचण्डको आगमनपूर्वदेखि नै कडा सुरक्षा तथा छापामारहरूलाई सैन्य मार्च पास गराएर मधेसी फोरम लगायतका समूहहरूलाई माओवादीले तर्साउन खोजे पनि फागुन १५ गते नेपालगन्जको सभामा सामेल हुन गाउँबाट आएका

## झापामा सालिक भत्काए

सामान्यत भिडन्त र अशान्तिका बेला प्रहारको निसाना बन्ने गरेका राजा र राजपरिवारको सालिक झापामा सामान्य अवस्थामै माओवादी कार्यकर्ताको आक्रमणको सिकार भएको छ। माओवादीको लडाकु संगठन युवा कम्युनिष्ट लिगका कार्यकर्ताहरूले चन्द्रगढीमा रहेको राजा महेन्द्रको पूर्णकदको सालिक तोडफोड गरेका छन्।

फागुन १० गते अपरान्ह सयौं संख्यामा आएका लिगका कार्यकर्ताले पार्कको प्रवेशद्वारमा लगाएको ताला फोडी सालिक तोडफोड गरे। लेखनाथ चोकमा भेला भएर लिगका कार्यकर्ताहरू त्यहाँ पुगेका थिए। पूर्व योजनासहित एकत्रित लिगका कार्यकर्ताहरूले मुलुकमा राजतन्त्रको अन्त्य भइसकेकाले निरंकुश राजतन्त्र र सामन्तवादको प्रतीकको कुनै औचित्य नरहेको बताएका थिए।

■ **आनन्द गुरुङ/झापा**



चितवनमा शिविर छोडेर निस्केका माओवादीहरू

सर्वसाधारणलाई फोरमका कार्यकर्ताहरूले अवरोध पुऱ्याएका थिए। बाँकेको उदयपुरमा माओवादी कार्यकर्ता र फोरमबीच झडप हुँदा दुईजनाको मृत्यु भयो भने आधा दर्जन सर्वसाधारण घाइते। माओवादीले उक्त झडपमा आफ्ना १७ जना कार्यकर्ता घाइते भएको जनाएको छ। फोरमले माओवादीको आक्रमणबाट दुईजना घाइते भएको बताएको छ। नेपालगन्जमा प्रचण्ड आउनुअघि बर्दियाको सदरमुकाममा पनि मधेसी फोरम र माओवादीबीच झडप भएको थियो। झडपको क्रममा माओवादीबाट कुटपिट गरिएका जेलीराम यादवको मृत्युसमेत भयो। फागुन १२ गते फोरमका अध्यक्ष उपेन्द्र यादवले सम्बोधन गर्ने भनिएको कार्यक्रमस्थलमा माओवादी र फोरमका कार्यकर्ताहरूबीच झडप भएका कारण सम्बोधन नगरी यादव काठमाडौं फर्किएपछि प्रचण्डले सम्बोधन गर्ने कार्यक्रमलाई अवरोध पुऱ्याउन फोरम समर्थकहरूले बन्दको आह्वान गरेका थिए।

काठमाडौंमा रहँदासम्म सबै राजनीतिक दलहरूसँग मिलेर अघि बढ्नुपर्छ भन्ने अभिव्यक्ति दिँदै आएका माओवादी नेताहरूले जिल्ला दौडाहाहरूमा भने अबको नेतृत्व माओवादीले मात्र गर्न सक्ने दाबी गर्दै नयाँ नेपाल निर्माणको लागि अबको नेतृत्व माओवादीलाई दिनुपर्ने जिकिर समेत गरे। 'साँच्चिकै मुलुकलाई नयाँ नेपाल बनाउने हो भने अबको नेतृत्व माओवादीलाई दिनुपर्छ', नेता भट्टराईले भने, 'तर विदेशी साम्राज्यवादीहरू र स्वदेशी प्रतिगमनवादीहरूले यो कुरा मानिरहेका छैनन्।'

राजधानी काठमाडौं हुँदै जनकपुर, वीरगन्ज, बुटवल, भैरहवा, दाङ, नेपालगन्ज लगायतका स्थानमा भएका सार्वजनिक सभालाई सम्बोधन गर्दै आएका प्रचण्डले जनताको प्रेरणा र संघर्षबाट मात्र कुनै पनि नेताले सोचेजस्तो काम गर्न सक्ने भएकोले आफूलाई पनि जनताले साथ दिए मुलुकलाई पूरै परिवर्तन गर्ने आश्वासन बाँडेका छन्। भावुक शैलीमा पटक-पटक जनतालाई समर्थन र गणतन्त्र स्थापनाको लागि आन्दोलनको लागि तयार रहन आग्रह गरेका प्रचन्डले संघीय लोकतान्त्रिक गणतन्त्र पनि माओवादीले मात्र स्थापना गर्न सक्ने दाबी गरे। '११ वर्षे जनयुद्धको सुरुवाततामा नै माओवादीले उठाउँदै आएको संघात्मक गणतन्त्रको मागलाई यतिखेर अरू दलले पनि उठाइरहेका छन्', प्रचण्डले भने, 'एउटाले पाएको बच्चा अर्कोले चोर्ने प्रयास भएको छ। यस्ता चोरहरूले अरूले पाएको बच्चा पाल्दैनन्, उल्टै मार्छन्।' माओवादीले सुरु गरेको संघात्मक गणतन्त्रको कुरा पनि अरूले भन्ने मात्र गरेको खाली माओवादीले पनि सम्पन्न गराउने उनले दाबी गरे। साथै प्रचण्डले नेपालमा अब संघात्मक गणतन्त्रको स्थापना हुने अथवा वर्षौंपछि धकेलिनेबाहेक अन्य कुनै विकल्प नहुने बताए।

विभिन्न आश्वासन र समस्याहरू उठाउँदै ११ वर्षअघि सुरु भएको माओवादी जनयुद्धपछि यतिखेर माओवादी हतियार बिसाएर शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेका छन्। र, यो बेला नयाँ नेपाल निर्माणको मुख्य नारा अघि सारेर देशव्यापी दौडाहामा निस्केका माओवादी नेताहरूले विभिन्न आशा र अपेक्षा गर्दै आएका जनतालाई कसरी चित्त बुझाउँछन् र आफूहरू कसरी खुला राजनीतिमा प्रतिस्पर्धा गर्छन्, उनीहरूको राजनीतिक भविष्य त्यति बेला बढी प्रस्ट हुनेछ।

प्रचण्ड नेपालगन्ज आउनुपूर्व भइरहेको तनाव प्रचण्ड काठमाडौं फर्केपछि जारी रह्यो। आमसभाको दिन दुईजनालाई हत्या गरेको भोलिपल्ट फोरमका कार्यकर्ताहरूले लाठी र घरेलु औजार बोकेर माओवादी कार्यकर्तालाई खोजेका थिए। उनीहरूले माओवादीविरुद्ध चर्का नारा पनि लगाएका थिए।



विनोद त्रिपाठी

## बिथोले कार्यक्रम

भैरहवामा मार्चपास गरिरहेका माओवादी छापामारहरू भोलिपल्ट बुटबलमा हुने प्रचण्डको भाषणका निम्ति सहभागी जुटाउँदै छन् भन्ने भैरहवाबासीलाई लागेको थियो। तर, हातमा लठ्ठी लिएका र माओवादी सैन्यको पोसाक लगाएका करिब एक सय ५० जनाको त्यो भीडले मधेसी जनाधिकार फोरमको आमसभा बिथोल्न आक्रमण गरेपछि भैरहवावासी छक्क परे तथा आतंकित पनि भए।

प्रहरीको आग्रहविपरीत लुम्बिनी चिनी मिल नजिक आयोजना गर्न ठिक्क पारिएको जनाधिकार फोरमको मञ्च भत्काउन पुगे। फागुन १२ गते फोरमका अध्यक्ष उपेन्द्र यादवले सम्बोधन गर्ने आमसभा बिथोल्न परिचालित माओवादीलाई ठूलो संख्यामा उपस्थित फोरमका समर्थकले लखेटे। त्यस क्रममा भएको झडपमा माओवादी मधेसी मुक्तिमोर्चाका अध्यक्ष घनश्याम यादव लगायतका घाइते भए।

आक्रमणमा उत्रिएका माओवादीले फोरमको प्रतिकारबाट भागेका थिए। तर यतिले माओवादीको चित्त बुझेन। १३ फागुनमा बुटबलमा प्रचण्डले सम्बोधन गर्ने आमसभामा खटिएका माओवादीहरू करिब १ दर्जन बसमा भैरहवा पुगेर फोरममाथि जाइलागे। माओवादीले लगेको बस भने झडपमा क्षतिग्रस्त भएको छ।



माओवादी आक्रमणमा घाइते भएका खलासी

रवि मानन्धर

**भिन्न राजनीतिक मत र दलहरूलाई नसहने माओवादी प्रवृत्ति फेरि प्रकट हुन थालेको छ। माओवादी व्यवहारका कारण उत्पन्न अशान्ति र अस्थिरताले संविधानसभाको निर्वाचन तोकिएको समयमा हुनै नसक्ने स्थिति देखिएको छ।**

# आक्रामक व्यवहार

■ **सुवास देवकोटा/काठमाडौं**

संविधानसभाको निर्वाचन नभई मुलुकका कुनै समस्या समाधान नहुने बताउँदै आएको माओवादीका पछिल्ला व्यवहार स्वतन्त्र र भयरहित वातावरणमा जेठभित्र संविधानसभाको निर्वाचन हुन नदिनेतर्फ लक्षित रहेको देखिएको छ। सरकारसँगको शान्ति सम्झौतापछि अन्तरिम विधायिकामा तेस्रो ठूलो दल बन्न पुगेको माओवादीका पछिल्ला गतिविधि आक्रामक र अनियन्त्रित हुन थालेका छन्। तराई आन्दोलनका कारण सबैतिर कमजोर हुँदै गएको माओवादीले फागुन १ गते राजधानीको सभापछि शक्ति प्रदर्शन गर्ने नाममा भिन्न विचारलाई सहनै नसक्ने स्थितिमा पुगिसकेको देखाएको छ।

माओवादीले जताततै देखाउन थालेको दादागिरीका कारण उत्पन्न अशान्ति र अस्थिरताले जनआन्दोलन-२ बाट पराजित प्रतिगामी शक्ति पुनर्जीवित हुने आशंका पनि बढ्न थालेको छ। फागुन ७ को नाममा राजाबाट आएको प्रतिगामी वक्तव्यको आधार तराई आन्दोलनले सिर्जना गरेको अशान्ति र अस्थिरता हो भन्नेमा धेरैको असहमति छैन। यसैगरी तीसजनाको ज्यान लिएको तराई आन्दोलन माओवादीले लहानमा गरेको ज्यादतीका कारण भड्केकोमा थोरैको मात्र असहमति छ। मधेसी जनाधिकार फोरमले तराईमा अहिले गर्न लागेको दोस्रो आन्दोलनलाई माओवादीको आक्रामक व्यवहारले पुनः भड्काउने स्थिति देखिएको छ। यसो भएमा प्रतिगामी शक्ति वक्तव्यवाजीमा मात्र सीमित नरहने अनुमान गर्न सकिने आधार पर्याप्त छन्। शान्ति सुरक्षाको बिग्रँदो स्थिति यस्तै रहने हो राजा वा सेनाले माओवादीका आक्रामक व्यवहारलाई निहुँ बनाएर सत्ता लिने अनुमान केही दिनयता धेरैले गर्न थालेका छन्।

माओवादीका पछिल्ला व्यवहारले ऊ शान्तिपूर्ण राजनीति तथा जनसमर्थनबाट सत्तामा पुग्ने नीतिमा नरहेको आशंका पनि जन्मेको छ। तराईमा मधेसी समुदायसँग भिडन्तका कारण त्यहाँका धेरै ठाउँमा लखेटिएको माओवादीले जनजातिहरूसँग पनि भिड्न लागेको संकेत जनजाति महासंघको फागुन १२ गते नारायणगढको कार्यक्रम बिथोलेर दिइसकेको छ। प्रचण्ड नारायणगढबाट बुटवल जान लागेको निहुँमा माओवादी कार्यकर्ताहरूले त्यस दिन महासंघको बन्द कार्यक्रमलाई राजावादीको हो भन्दै अवज्ञा मात्र गरेनन्, बन्द सफल पार्न जुटेका महासंघका कार्यकर्तामाथि आक्रमणसमेत गरे। माओवादी आक्रमणमा परी त्यस दिन नारायणगढमा २० जना महासंघका कार्यकर्ता घाइते भए। जनजाति महासंघसँग भिडन्तमा उत्रेर माओवादीले पहाडमा पनि आफ्नो आधार कमजोर बनाएको मान्नेहरू धेरै छन्।

माओवादी दादागिरीको पछिल्लो नमुना फागुन १५ गते राजधानीनजिकै ललितपुरको कुपन्डोलमा पनि देखिएको छ। अघिल्लो दिन माओवादी कार्यकर्ताले कुपन्डोलमा रहेको माओवादी जनवर्गीय संगठनहरूको कार्यालयमा लगी माइक्रोबस चालक र परिचारकलाई कुटपिट गरेको विरोधमा सडकमा उत्रिएका माइक्रोबस चालक र व्यवसायीविरुद्ध माओवादी कार्यकर्ताहरू खुँडा, फलामको रड र बासको लट्ठी लिएर सडकमा उत्रेका थिए। माओवादी कार्यकर्ताबाट दिउँसै भएको कुपन्डोल आक्रमणमा परी केही प्रदर्शनकारी सख्त घाइते भए भने दर्जनौं माइक्रोबसका सिसा फोडिए। घटनाका बेला प्रहरी मुकदर्शक बन्नुले माओवादी दादागिरी सामु प्रहरी-प्रशासन निरीह बनिसकेको पनि प्रस्ट भएको छ।

माओवादीलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउन प्रतिबद्ध सत्तारुढ राजनीतिक दलहरूप्रति माओवादीको आक्रामक व्यवहार दोहोरिने क्रम रोकिएको छैन । लोकतान्त्रिक गणतान्त्रिक अभियानका निम्ति फागुन ११ गते रोल्पा तालावाङमा पुगेको एमाले टोलीलाई माओवादी कार्यकर्ताहरूले अवरोध पुऱ्याएर आफ्नो क्षेत्रमा भिन्न राजनीतिक मत नसहने प्रवृत्ति अझै नफेरिएको पुनः स्पष्ट पारेका छन् । उक्त कार्यक्रमबाट माओवादी कार्यकर्ताहरूले एमाले जिल्ला शान्तकुमार ओलीसहित तीनजनालाई अपहरण गरेका थिए ।

दुर्गम गाउँमा मात्र होइन, राजनीतिक दलका कार्यकर्ता राजधानीमै पनि माओवादी आक्रमणको तारो बनिरहेका छन् । फागुन १२ गते काठमाडौं बौद्ध तीनचुलीमा एमाले र कांग्रेससम्बद्ध गलैंचा मजदुरहरूको कार्यक्रममा माओवादी मजदुरहरूले सांघातिक आक्रमण गरे । माओवादी आक्रमणबाट आधा दर्जन एमाले र कांग्रेस सम्बद्ध मजदुरहरू घाइते भएका छन् । आक्रमणपछि पनि माओवादी मजदुर नेता शालिकराम जमरकट्टेलले 'हाम्रो इलाकामा आएर हाम्रै विरोध गरेकाले आक्रमण गरिएको' बताएर आफ्नो दलमा बहुदलीय संस्कार नरहेको स्पष्ट पारे ।

माओवादी असहिष्णुताको कारण तल्लो तहका कार्यकर्ता नभएर नेतृत्व नै भएको अध्यक्ष प्रचण्डका पछिल्ला वक्तव्यहरूले पनि स्पष्ट पार्छन् । फागुन १ गतेको राजधानीको सभापछि देश दौडाहामा हिँडेका उनले माओवादीप्रति असहमत सबैलाई दरवारका एजेन्ट भनेका छन् । केही अघिसम्म अन्तरिम सरकारमा पनि गिरिजाप्रसाद कोइराला नै प्रधानमन्त्री हुनुपर्ने बताउँदै आएका प्रचण्डले नेपालगन्जमा अन्तरिम सरकारको नेतृत्वमा आफ्नो पार्टीलाई दिनुपर्ने माग राखेका छन् । दाङमा त उनले नेपालमा अब कि ज्ञानेन्द्र कि प्रचण्ड मात्र रहेको अहंकार नै पोखे । दाङमा उनले भनेका कुराले माओवादीले अझै राजनीतिक दलहरूको अस्तित्व नस्विकारेको स्पष्ट पारेको छ भने राजनीतिक दलहरूलाई पाखा लगाएर राजासँग सत्ता साझेदारी गर्ने उनको योजना अझै कायम रहेको आशंकालाई पनि बल पुऱ्याएको छ ।

माओवादी व्यवहार राजनीतिक दलहरूको जस्तो नभएको उसको चन्दा नीतिले पनि स्पष्ट पार्दैआएको छ । 'अहिले चन्दा उठाउने नीति नरहेको' नेताहरूले बताए पनि अझै राजधानी लगायत सहरी क्षेत्रमा माओवादी कार्यकर्ताहरूको मुख्य काम चन्दा उठाउनु नै रहेको छ । उद्योगपति, व्यापारी र जागिरेहरूसँग त माओवादीले धम्की दिँदै लाखौं रुपैयाँ उठाएकै छन्, माइक्रोबस, ट्याम्पो र बस व्यवसायीसँग पनि 'कर'का नाममा महिनावारी चन्दा लिइरहेका छन् । राजधानीमा रहेका हजारौं रेस्टुराँ, डान्स, दोहोरी र डिस्कोमा पहिले हप्ता उठाउने 'दादा'लाई माओवादी कार्यकर्ताहरूले विस्थापित गरेका छन् र रकम असुलिरहेका छन् ।

सबै जबरजस्ती कामका लागि माओवादीले अहिले आफ्नो नया संगठन योङ कम्युनिष्ट लिगका कार्यकर्ता प्रयोग गरिरहेको छ । सेना अस्थायी शिविरमा राखेपछि माओवादीले यो लडाकु संगठन निर्माण गरेको हो । आफ्ना सेनाका अधिकांश कमान्डरहरूलाई नेता बनाएर गठन गरिएको यो संगठनकै आधारमा सहरी विद्रोह गर्ने माओवादी नेताहरूले बताउँदै आएका छन् ।

यसैबीच अन्तरिम सरकारमा जान हतारिएको माओवादीको समर्थनमा गृहमन्त्री मधेसी आन्दोलनकारीसँग वार्ता नै नगरी संविधान संसोधनको पक्षमा दबाब दिइरहेको पार्टीसुत्रले बताएका छन् । यद्यपि, प्रधानमन्त्री र सभामुखले वार्तापछि मात्र त्यस्तो संसोधन उचित हुने अडान लिएका छन् । ■

## माओवादीका पछिल्ला आक्रमण

**फागुन १५ गते :**

■ कुपन्डोलमा माओवादीविरुद्ध प्रदर्शन गरिरहेका माइक्रोबस र ट्याम्पो चालकहरूमाथि माओवादी कार्यकर्ताहरूद्वारा खुँडा, फलामको रड र बाँसको लट्ठीसहित आक्रमण । आधा दर्जन प्रदर्शनकारी घाइते तथा दर्जनौं माइक्रोबस तोडफोड ।

**फागुन १४ गते :**

■ प्रचण्डले सम्बोधन गर्ने कार्यक्रमका लागि गाउँबाट मानिसहरू जबरजस्ती लान खोज्दा बाँके पुरैनीमा मधेसी जनाधिकार फोरमका कार्यकर्तासँग झडप । झडपमा माओवादी कार्यकर्ताको आक्रमणमा परी कक्षा ७ मा पढ्ने १४ वर्षीय खोहडे कोरीको मृत्यु । माओवादी आक्रमणका कारण नौजना सख्त घाइते ।

■ कुपन्डोलमा माओवादी कार्यकर्ताद्वारा पुरानो नोट नचलाएको निहुँमा माइक्रोबस चालक सरोज श्रेष्ठ र परिचालक तीर्थ श्रेष्ठलाई हातखुट्टा बाँधेर कुटपिट ।

**फागुन १३ गते :**

■ माओवादी कार्यकर्ताका पिटाइबाट घाइते भएका बर्दिया गुलरियाका ६० वर्षीय जिलेराम यादवको मृत्यु । माओवादी कार्यकर्ता नन्को गोडियाका हत्याको अभियोगमा पक्राउ परेका किट्टु यादवको रिहाइको निम्ति उत्रिएका प्रदर्शनकारीलाई माओवादीले आक्रमण गर्दा उनको मृत्यु, अन्य केही सिकिस्त घाइते ।

■ माओवादी सेनाका अस्थायी शिविर व्यवस्थापनबारे सभामुख सुवास नेम्वाङले आयोजना गरेको सर्वदलीय बैठकमा माओवादी केन्द्रीय सदस्य तथा विधायक लोकेन्द्र विष्टद्वारा आफूले हतियार बोकेर आएको र सक्ने भए कारबाही गर्न सरकार तथा सबैलाई चुनौती । आफूसँग संयुक्त राष्ट्रसंघले दर्ता गरेको पेस्तोल भएको दाबी ।

**फागुन १२ गते:**

■ जनजाति महासंघको नारायणगढ बन्द खुलाउन माओवादीद्वारा हस्तक्षेप । माओवादी आक्रमणबाट महासंघका २० कार्यकर्ता घाइते । घटनामा आफ्ना ४ कार्यकर्ता पनि घाइते भएको माओवादीको दाबी ।

■ मधेसी जनाधिकार फोरमको भैरहवा, नेपालगन्ज, परासी र बारामा भएका कार्यक्रममा माओवादीद्वारा हस्तक्षेप । भैरहवामा १२ प्रदर्शनकारी र ४ सुरक्षाकर्मी घाइते ।

■ फोरमले नेपालगन्ज त्रिभुवन चोकमा गर्न लागेको सभामा माओवादीले आक्रमण गरेपछि फोरमका अध्यक्ष उपेन्द्र यादवको सम्बोधन गर्ने कार्यक्रम रद्द ।

■ हतियारसहित बर्दिया निकुञ्ज प्रवेश गर्न खोज्ने आठ माओवादी कार्यकर्ता सेनाद्वारा पक्राउ ।

**फागुन ११ गते**

■ एमालेको लोकतान्त्रिक गणतान्त्रिक अभियानमा रोल्पा तालावाङमा भएको कार्यक्रममा माओवादीद्वारा हस्तक्षेप । सचिव शान्तकुमार ओलीसहित सचिवालय सदस्य मनोजसिंह डाँगी र इलाका नम्बर ७ का सदस्य खिमबहादुर घर्ती अपहरित ।



गणेश अधिकारी

अस्पतालमा उपचार गराउँदै एक घाइते

# गुण्डागर्दी शैली

**कुटपिट गरिएको विरोधमा सडकमा उत्रिएका मजदुर तथा व्यवासायीमाथि खुँडा प्रहार गरिएको घटनाले माओवादीको तानाशाही शैली उजागर गरेको छ ।**


ज्योति देवकोटा
माओवादी आक्रमणमा घाइते मजदुर

■ **ज्योति देवकोटा/काठमाडौं**

बौद्ध तीनचुलीमा कोणसभा गरिरहेका कांग्रेस तथा एमाले समर्थक मजदुरहरू र कुपन्डोलमा रहेको आफ्ना जनवर्गीय संगठनहरूको कार्यालयमा माइक्रोबसका चालक र परिचालकलाई बाँधेर कुटपिट गरिएको घटनाले माओवादीमा फरक मतप्रति सहिष्णुता नरहेको मात्र होइन, दादागिरी प्रवृत्ति रहेको प्रमाणित भएको छ । कुपन्डोल कार्यालयमा कुटपिट गरिएको विरोधमा सडकमा उत्रिएका मजदुर तथा व्यवासायीमाथि दिउँसै खुँडा प्रहार गरिएको घटनाले माओवादीको तानाशाही शैली उजागर गरेको छ ।

राजधानीमै माओवादीको यस्तो दादागिरी चलिरहँदा प्रहरी प्रशासनको मौनताले झन् ठूलो प्रश्न उठेको छ, प्रशासन माओवादीको लाचार छायाँ भएको त होइन । कुपन्डोलमा माओवादीबाट फागुन १५ गते माइक्रोबस चालक र व्यवसायीमाथि आक्रमण हुँदा त्यहीं रहेका प्रहरी मुकदर्शक बनेका थिए । 'हामीलाई माओवादीले खुँडाले आक्रमण गर्दा पनि प्रहरीले केही गरेन', कुपन्डोलमा माओवादीको खुँडा आक्रमणबाट घाइते भएका माइक्रोबसका चालक साइला विजय भन्छन् । बौद्ध तीनचुलीमा फागुन १२ गते माओवादीले आक्रमण गरेको खबर पाएर पनि प्रहरी घटनास्थलमा गएन ।

'माओवादी कार्यकर्ताको उग्रता यो घटनाले अरू प्रस्ट्याएको छ । माओवादी नेतृत्वले यसलाई गम्भीर रूपमा मनन गर्नु पर्छ', बौद्धको तीनचुलीमा गलैंचा कारखानाका मजदुरहरूमाथि माओवादीले गरेको आक्रमणको विरोध गर्दै नेपाल ट्रेड युनियनका उपाध्यक्ष विष्णु रिमाल भने । तीनचुलीमै फागुन ९ गते गलैंचा मजदुरहरूले कार्यक्रमको प्रचारमा हिँडेका नेपाल ट्रेड युनियन महासंघका कार्यकर्ता र कर्मचारीलाई आक्रमण गरेका थिए ।

दोस्रो र ठूलो आक्रमण माओवादी सम्बद्ध अखिल नेपाल गलैंचा मजदुर संघ (क्रान्तिकारी)ले केन्द्रीय गलैंचा उद्योग संघ र नेपाल उद्योग वाणिज्य महासंघसँग माघ २४ गते सम्झौता गरेको विरोधमा नेपाल स्वतन्त्र कार्पेट मजदुर युनियन, नेपाल गलैंचा मजदुर संघ र नेपाल मजदुर गलैंचा युनियनले संयुक्तरूपमा फागुन १२ गते आमसभा गर्दा भएको थियो । कोणसभा हुँदै गर्दा माओवादीले हतियारसहित आक्रमण गरेको थियो ।

आक्रमण गरी कयौं मजदुरलाई सख्त घाइते बनाएपछि माओवादीले सधैं जस्तै तीनचुली घटनाबारे पनि क्षमा मागेको छ । यद्यपि, अखिल नेपाल ट्रेड युनियन महासंघ (क्रान्तिकारी)का अध्यक्ष तथा माओवादी संसद् शालिकराम जमरकट्टेलले 'हाम्रो क्षेत्रमा हाम्रै संगठनको विरोध गरेकाले आक्रमण गरिएको' उल्लेख गर्दै आक्रमणलाई जायज ठहऱ्याउने दुष्प्रयास गर्न छाडेनन् । माओवादी मजदुर कार्यकर्ताहरूले त्यस दिन नेपाल ट्रेड युनियन कांग्रेस सम्बद्ध गलैंचा उद्योग संघका महासचिव जयबहादुर योन्जनलाई कुटपिटसँगै जुत्ताको माला र कालोमोसो पनि लगाएका थिए । 'म बेहोस भइसकेपछि जुत्ताको माला लगाएर मोसो पनि दलेको पछि मात्र थाहा पाएँ', मोडल अस्पतालको ३२२ नम्बर शय्यामा उपचार गराइरहेका योन्जन भन्छन् ।

माओवादी कार्यकर्ताहरूले त्यस दिन कार्यक्रममा उपस्थित करिब ८ सयजनालाई फलामको डन्डीले अन्धाधुन्द प्रहार गरेका थिए । माओवादी आक्रमणपछि सबै सहभागी भागेका थिए ।

'सबैको हातमा फलामका डन्डी थिए, हाम्रो क्षेत्रमा कार्यक्रम गर्ने भन्दै अन्धाधुन्द आक्रमण गरेका थिए', घाइते योन्जन भन्छन् ।

उक्त घटनामा योन्जनसँगै मजदुर कमल लामा पनि घाइते भएका छन् । कार्यक्रमस्थलबाट माओवादी मजदुरहरूले डिजिटल क्यामरा लुटेर लगेको आयोजक संगठनहरूको भनाइ छ । नेपाल ट्रेड युनियन महासंघ कार्पेट मजदुर युनियनका महासचिव सीता लामाको बा. ११ प ४१०८ नम्बरको मोटरसाइकल पनि माओवादी मजदुरहरूले लुटेर लगेको बताइएको छ, तर माओवादी मजदुर संगठनले मोटरसाइकल आफ्नो कब्जामा रहेको स्विकारेको छैन ।

यसैगरी फागुन १४ गते रत्नपार्कबाट लगनखेल हिँडेको माइक्रोबस चढेका नेवाः मुक्ति मोर्चाका कार्यकर्ताले दिएको च्यातिएको नोट परिचालकले लिन नमानेपछि उनीहरूबीच सामान्य विवाद भएको थियो । त्यही निहुँमा बा. १ ज ५९१६ नम्बरको माइक्रोबसका चालक सरोज श्रेष्ठ र परिचालक तीर्थ श्रेष्ठलाई माओवादी कार्यकर्ताहरूले पक्राउ गरी कुपन्डोल कार्यालय पुऱ्याए । उनीहरूलाई त्यहाँ हात बाँधेर फलामको रडले निर्घात कुटपिट गरे । 'हामीबाट उठाएको करबाट पार्टी चलाएका माओवादीले मजदुरमाथि गरेको व्यवहार हामीलाई मान्य छैन', बागमती यातायात मजदुर संघले भनेको छ । अघिल्लो दिन भएको ज्यादतीको विरोधमा फागुन १५ गते सडकमा उत्रिएका माइक्रोबस चालक र व्यवसायीमाथि माओवादी कार्यकर्ताले खुँडा, फलामका डन्डी र बाँसका लाठीले आक्रमण गरे । ■




भास्वार ओझा

**जुटेको घोषणा गरिएको कार्यक्रममा कम्युनिस्ट नेताहरू**

# टुक्रेकाहरू जुटे

■ **सुवास देवकोटा/काठमाडौं**

तीन साना कम्युनिष्ट पार्टीहरूबाट केही समयअघि विभाजित तीन समूहबीच यसै साता एकता भएर नयाँ कम्युनिष्ट पार्टी निर्माण भएको छ। दुई ठूला कम्युनिष्ट पार्टीहरू एमाले र माओवादीसँग समदूरी राख्ने कम्युनिष्ट समूहहरू मिलेर बनेको नेपाल कम्युनिष्ट पार्टी (एकीकृत)को नेतृत्व मसालका नेता मोहनविक्रम सिंहसँग लामो सहकार्य गरेका बागलुङका रामसिंह श्रीसले गरेका छन्। एकीकृत पार्टीको घोषणा गर्न राजधानीमा फागुन १५ गते गरिएको पत्रकार सम्मेलनलाई २५ वर्षदेखि भूमिगत जीवन बिताउँदै आएका श्रीस सार्वजनिक हुने अवसर पनि बनाइएको थियो।

केही महिनाअघि विभाजित मसाल-एकताकेन्द्रको रामसिंह समूहको नेतृत्वमा भएको यो एकताले माओवादीलाई स्पष्टरुपमा घाटा पुऱ्याएको छ। किनभने, मालेबाट विभाजित ऋषि कट्टेल समूह माओवादीसँग एकीकृत वा निकट हुने अनुमान गरिएको थियो। एकताकेन्द्र-मसालको माओवादीलाई हेर्ने विषयमा भएको विवादमा श्रीस समूह दुई विपरीत समूहको बीचमा रहेको थियो। उक्त विवादमा मोहनविक्रम समूह माओवादीविरुद्ध थियो भने प्रकाश (नारायणकाजी श्रेष्ठ) र उपप्रधानमन्त्री अमिक शेरचनको समूहले माओवादीको पक्षपोषण गरेको थियो। एकीकृतमा रहेको अर्को पूर्व समूहको भने माओवादीसम्बन्धी विचार सार्वजनिक भएको छैन। यद्यपि, माओवादीलाई मन पराउने कृष्णदास श्रेष्ठसँगको विवादकै कारण मालेमा केन्द्रबाट सीताराम तामाङ समूह फुटेको थियो।

नयाँ पार्टीको माओवादीसँग पार्टी एकता वा तत्काल निकटता नहुने निश्चित भए पनि एमालेसँग पनि यो पार्टीको एकता र निकटता सम्भव छैन। किनभने यो पार्टीले आफ्नो मार्गदर्शक सिद्धान्तमा मार्क्सवाद, लेनिनवाद र माओत्सेतुङ विचारधारा भनेको छ। एमालेले मार्क्सवाद र लेनिनवादलाई मात्र मार्गदर्शक सिद्धान्त मान्छ भने माओवादीले मार्गदर्शकमा मार्क्सवाद, लेनिनवाद र माओवादसँगै प्रचण्डपथ पनि जोडेको छ।

अन्तरिम विधायिकामा परि थापा र नवराज सुवेदी सांसद रहेको यो समूहको बलियो जनाधार बागलुङमा रहेको मानिएको छ। पश्चिमका प्यूठान, अर्घाखाँची लगायत एमालेबाट सांसद बनिसकेका टंक राईका कारण पूर्वको खोटाङमा पनि यो समूहको केही प्रभाव छ, तर कुनै पनि जिल्ला वा क्षेत्रमा यो समूहले एक्लै निर्वाचन जित्न नसक्ने राजनीतिक विश्लेषकहरू बताउँछन्। यद्यपि, अझै आगामी संविधानसभाको निर्वाचनमा कुनै ठूलो पार्टीसँग तालमेल गर्नेबारे यो पार्टीले कुनै निर्णय गरेको छैन। एकीकृतको अध्यक्ष मण्डलका संयोजक रहेका श्रीस भन्छन्, 'त्यस्ता विषयमा अहिले नै निर्णय गरिँदैन, निर्वाचनकै बेला गरिनेछ।'

आगामी निर्वाचनलाई ख्याल गरेरै एकीकृतले एमाले वा माओवादीबारे आफ्नो विचार सार्वजनिक गरेको छैन। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको कमजोर स्वास्थ्यका कारण मुलुक अनिर्णयको बन्दी बनेकोमा यो समूहले विरोध गरेको छ र अन्तरिम सरकारमा अर्कै सक्षम प्रधानमन्त्री बनाउनुपर्ने धारणा राखेको छ। यो विचारका आधारमा एकीकृत एमाले निकट देखिएको छ। किनभने, एमालेले अन्तरिम सरकारका लागि प्रधानमन्त्रीबारे सहमति नभएको बताएर कोइरालाबाहेक अर्को प्रधानमन्त्री बन्नसक्ने सम्भावना रहेको बताएको छ भने माओवादीले अन्तरिम सरकारमा पनि कोइराला नै प्रधानमन्त्री हुनुपर्ने अडान राखेको छ।

अरू वाम पार्टीहरूले जस्तै एकीकृतले पनि मुलुकमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न वामपन्थी र गणतन्त्रवादीहरू एकीकृत हुनुपर्नेमा जोड दिएको छ। संचारकर्मीहरूसँग श्रीसले भने, 'विदेशी शक्तिहरूको दबाबको कारणले वा वामपन्थी र गणतान्त्रिक शक्तिहरूबीचको असहिष्णुताका कारण अहिले पनि राजतन्त्र कायम रह्यो भने राजतन्त्रबारे त्यो २००७ सालकै इतिहासको पुनरावृत्ति हुनेछ।' उनले गणतान्त्रिक शक्ति एक भएर संघर्ष गर्नुपर्ने आवश्यकतामा पनि जोड दिए।

तीन समूहका प्रमुख नेताहरू श्रीस, कट्टेल र तामाङलाई अध्यक्ष मण्डलमा राखेर बनाइएको एकीकृतको एकता महाधिवेशन आयोजक समितिमा तीन समूहका २५-२५ गरी ७५ जना छन्। एकता गर्दा नै पूर्व समूहलाई बराबर सिट बाँडिदा पूर्व समूहकै आधारमा विभाजन त आउँदैन? कम्युनिष्ट पार्टीहरूमध्ये पनि फुटको राजनीति बढी व्यहोरेका श्रीस भन्छन्, 'एकताकेन्द्र-मसालमा फुट हुनुमा त्यसबेला फुटवादीहरू पार्टीको नेतृत्वमा रहेकाले हो। त्यहाँ पनि एकता पक्षमा डटेका हामी अहिले नेतृत्वमा छौं। त्यसैले यो पार्टी फुट्ने सम्भावना कम छ।'



जनताद्वारा पक्राउ गरिएका जनतान्त्रिक कार्यकर्ताहरू



लुटिएको रकम गणना गर्दै मधेस अभियानका कार्यकर्ताहरू

# आन्दोलनका नाममा अपराध

**कतै जनतान्त्रिक तराई मोर्चा त कतै मधेस बचाउ अभियानको नाममा पूर्वी तराईका जिल्लाहरूमा आपराधिक गतिविधि व्यापक भएको छ ।**

■ **श्यामसुन्दर यादव/राजविराज** (तस्वीर पनि)

मधेसमा जारी आन्दोलनसँगै हत्या, अपहरण, डकैती एवं जबरजस्ती चन्दा आतंक जस्ता आपराधिक गतिविधिले सीमा नाघेको छ । महेन्द्र राजमार्गमा अत्यावश्यक कामका लागि गुड्ने गरेको सवारीसाधनहरूमा दिनदहाडै लुटपाट एवं आक्रमण हुने गरेका छन् ।

कतै जनतान्त्रिक तराई मोर्चा त कतै मधेस बचाउ अभियानको नाममा पूर्वी तराईका जिल्लाहरूमा आपराधिक गतिविधि बढ्न थालेका छन् । ठाउँ ठाउँमा आठ दसजनाको समूह बनाएर मोटरसाइकल खोस्ने र चन्दा असुली गर्नुका साथै साँझ पर्नेबित्तिकै धनीमानी व्यक्तिहरूको घरमै पुगेर धम्क्याउँदै लुटपाट गर्न थालेका छन् । यस्ता घटनाहरू सप्तरी र सिरहा जिल्लामा मात्रै होइनन्, मधेसका अन्य जिल्लाहरूमा समेत देखिन थालेका छन् ।

भारत सरकारले सीमावर्ती क्षेत्रमा सुरक्षाकर्मी परिचालन गरेपछि भारतीय सीमावर्ती क्षेत्रबाट आएका आपराधिक गिरोहलाई मधेस आन्दोलन र जनतान्त्रिकको नामबाट क्रियाकलाप गर्न बाटो खुलेको जानकारहरू बताउँछन् । गाउँघरमा मात्र होइन, दिन दहाडै त्यस्ता समूहहरूले राजविराज नगर क्षेत्रमा बसोबास गरिरहेका सम्पन्न व्यक्तिहरूको घरमै पुगेर मोटो रकम माग गर्ने गरेका छन् । सरकारी कार्यालयमा काम गर्ने उच्च तहका कर्मचारीहरूलाई मोबाइल फोनबाट रकम माग्नुका साथै रिचार्ज प्रिपेड मोबाइलमा पठाउन धम्की दिने गरिएको छ । फोनबाट ज्यान मार्ने धम्कीका कारण दुई हजार रुपैयाँको रिचार्जकार्ड किनेर पठाएको स्थानीय निकायमा कार्यरत उच्च तहका एक कर्मचारीले नाम नखुलाउने सर्तमा बताए । प्रिपेड मोवाइलको रिचार्ज कार्ड बिक्री गर्दै आएका व्यापारीहरूकहाँ समेत फोनबाट आएको धम्कीकै भरमा १५ हजार रुपैयाँभन्दा बढीको रिचार्ज प्रिपेड मोवाइलमा निःशुल्क पठाएको एक प्रतिष्ठित व्यापारीको दुखेसो रहेको छ ।

उनी भन्छन्, 'पत्रकारहरूलाई वास्तविकता बताएरै हाम्रो समस्या समाधान हुँदैन, कुनै बेला राजविराजमै आएर केही गरिदियो भने के हाल हुन्छ, सुरक्षा स्थिति पनि त्यस्तै छ ।'

हो, वास्तविक यथार्थ पनि यस्तै छ, मधेसको । पछिल्लो पटक जनतान्त्रिक तराई मुक्तिमोर्चाको नामबाट सप्तरीको बिसनपुर चोकबाट फागुन १३ गते दुइटा मोटरसाइकल लुटिएका छन् । महेन्द्र राजमार्गमा अलपत्र परेकी दिदीसहित आफन्तलाई लिन विराटनगरबाट त्यसतर्फ गइरहेका बेला दसजनाको समूहमा रहेको हतियारधारीहरूले विराटनगर-१४ का प्रकाश पौडेलको को. ३ प ८०४५ र निजगढनिवासी मुन्नालाल श्रेष्ठको बा २१ प २३६४ नम्बरका मोटरसाइकल लुटेर लगे । आफूहरू जनतान्त्रिकका कार्यकर्ता भएको बताउँदै मोटरसाइकलसहित पौडेल श्रेष्ठलाई अज्ञातस्थलतर्फ लगेर तीन घन्टापछि रित्तै फर्काएका थिए । उनीहरूका दुइटा मोटरसाइकल त लिए र साथमा रहेको २ थान मोवाइल सेट र नगदसमेत खोसेको पीडितको दुखेसो रहेको छ ।

यसैगरी जनतान्त्रिक तराई मुक्तिमोर्चाका कार्यकर्ताहरूले फागुन ९ गते सुनसरीको इनरुवाबाट आउँदै गर्दा सप्तरीको मंसापुर चोकबाट राजविराज-८ का दिनेशकुमार यादवलाई कुटपिट गरी उनको स. १ प ५११७ नम्बरको मोटरसाइकल र दुईवटा मोवाइल नियन्त्रणमा लिए । उक्त मोटरसाइकल मानवअधिकारकर्मी सञ्चारकर्मीको पहलमा फिर्ता गरिएको छ । मोर्चाकै कार्यकर्ताहरूले महेन्द्र राजमार्गमा ना. २ प. ३५८१ नम्बरको मोटरसाइकल सप्तरीको विसनपुरमा खोसेका छन् । मधेसमा जारी आन्दोलनपछि सप्तरीबाट मात्रै झन्डै एक दर्जनभन्दा बढी मोटरसाइकल तथा दुई दर्जन मोवाइल सेट लुटिएको मानवअधिकारकर्मी शम्भुनन्द चौधरीको कथन छ ।

घरबाट निस्केको व्यक्ति गन्तव्यसम्म नपुगी बाटोमा लुटपाट, कुटपिट एवं दुर्व्यवहारको सिकार बन्ने गरेको उनी बताउँछन् । आपराधिक समूहले त अपराध गर्छन् नै, बन्दका आयोजकहरूले समेत सवारीसाधनमा जबरजस्ती तोडफोड एवं यात्रुहरूलाई दुर्व्यवहार गर्ने गरेका छन् । बन्दका आयोजकहरूले प्रेस, विवाह, एम्बुलेन्स लगायत अत्यावश्यक सेवाका सवारीसाधनहरूमा तोडफोडका घटना दोहोरिने गरेकाले त्यसलाई तत्कालै रोक्नुपर्ने इन्सेक सप्तरी प्रतिनिधि एवं नेपाल पत्रकार महासंघ सप्तरीका उपसभापति प्रकाश खतिवडा बताउँछन् ।

मधेस र मधेसी बचाउ अभियानको नाममा





जनतान्त्रिकद्वारा पक्राउ गरिएका डाँका (नक्कली जनतान्त्रिक)



मोटर लुटिएपछि सप्तरीको बिसनपुर चोकमा अलपत्र पौडेल र श्रेष्ठ

दिनदहाडै महेन्द्र राजमार्गमा सवारीसाधन रोकेर यात्रुहरूबाट रकम असुली गर्ने १५-१६ जनाको गिरोह सप्तरीको पूर्वी भेगमा सक्रिय देखिएका छन् । समाचार संकलनका लागि फागुन १३ गते जाँदै गर्दा सशस्त्र प्रहरी दन्तकाली गणदेखि दुई सय मिटर नजिक यात्रुवाहक बसलाई रोकेर जबरजस्ती चन्दा असुली गर्दै गरेको देखियो । यात्रुहरूले चन्दा केका लागि भनी प्रश्न गर्दा झोक्किएर मधेस बचाउ अभियानका लागि जवाफ फर्काइएको थियो ।

बसमा सवार केही यात्रुले सहज रुपमा रकम निकालेर दिए, केही यात्रुले भने प्रतिवाद गर्दा स्थानीय बासिन्दाहरू ओमप्रसाद साह, फिरोज सेख, लक्ष्मण गुप्ता, राजेश गुप्तालगायतका प्रतिकारमा उत्रे । जबरजस्ती रकम असुल्न पाइँदैन भन्दा उक्त समूहबीच झडपसमेत भयो, तर नजिकै रहेको सशस्त्र प्रहरी बलले टुलुटुलु हेरिरह्यो । जबरजस्ती चन्दा असुल्ने समूह कहाँको हो भनी खोजी गर्दै जाँदा विनोदकुमार यादव भन्ने व्यक्ति यस अभियानको केन्द्रीय संयोजक भएको बताए । धनुषा घर भएका ती व्यक्ति केही वर्षअघि सप्तरीमै नक्कली नोटको कारोवार गर्दै आएको स्रोतको दाबी छ । चन्दा असुली गर्न उनीहरूले बेचन पण्डितको अध्यक्षतामा समिति समेत गठन गरेका छन् ।

यसरी चन्दा असुली गर्न खटिएका आधा दर्जन जनतान्त्रिक तराई मुक्तिमोर्चाका कार्यकर्ता सप्तरीको धनगढी-९ ढोलबजा गाउँबाट फागुन १३ गते दिउँसै पक्राउ परेका छन् । ढोलबजाका फूलेश्वर साहकहाँ चन्दा रकम माग गर्न गएका मोर्चाका हतियारधारी कार्यकर्तालाई स्थानीय जनताले गाउँमा घेरा हाली पक्राउ गरेका हुन् । पक्राउ पर्नेहरूमा तराई मुक्ति सेनाका बाबुराम, तुफान सिंह, श्रवण, सहदेव, सूर्या र बिसो उपनामका रहेका छन् ।

उनीहरूको साथबाट भरुवा बन्दुक ७ थान र कटुवा पेस्तोल दुई थानसमेत स्थानीय बासिन्दाले बरामद गरे पनि मोर्चाका शुभनारायण ठाकुर लगायत अन्य कार्यकर्ताहरू भाग्न सफल भएको

> **भारत सरकारले सीमावर्ती क्षेत्रमा सुरक्षाकर्मी परिचालन गरेपछि भारतीय सीमावर्ती क्षेत्रबाट आएका आपराधिक गिरोहलाई मधेस आन्दोलन र जनतान्त्रिकको नामबाट क्रियाकलाप गर्न बाटो खुलेको जानकारहरू बताउँछन् । गाउँघरमा मात्र होइन, दिन दहाडै त्यस्ता समूहहरूले र राजविराज नगर क्षेत्रमा बसोवास गरिरहेका सम्पन्न व्यक्तिहरूको घरमै पुगेर मोटो रकम माग गर्ने गरेका छन् ।**

स्थानीय बासिन्दाहरूको भनाइ छ । पक्राउ परेका तुफानसिंहले ५० हजार रुपैयाँ माग गरेको चिठीअनुसार आफूहरू साहकहाँ रकम लिन गएको स्वीकार गरे ।

आफूकहाँ जनतान्त्रिक कार्यकर्ताहरूले पटक-पटक जबरजस्ती रकम माग गर्न आएको बताउँदै पीडित साहले भने, 'उनीहरूलाई मैले मलाई जहाँ लान्छौं म जान तयार छु भने ।' सोही क्रममा गाउँलेहरूले घेरा हाली उनीहरूलाई पक्राउ गर्न सफल भए ।

पक्राउ परेका जनतान्त्रिकका कार्यकर्ताहरूलाई इलाका प्रहरी कार्यालय कडरवोनामार्फत कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पठाएका छन् । उनीहरूलाई हिरासतमा राखी हातहतियार खरखजाना ऐनअन्तर्गत कारबाही अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जनतान्त्रिक तराई मुक्तिमोर्चाको नाममा डकैती लुटपाट एवं चन्दा आतंक जस्ता आतंक तीव्र भइरहेकै बेला मोर्चाका जिल्ला संयोजक श्यामको नेतृत्वमा खटिएको तराई मुक्ति सेनाको टोलीले तीनजना डाँकालाई फागुन १४ गते पक्राउ गरेको छ । आफूलाई जनतान्त्रिक बताउँदै महेन्द्र राजमार्ग लगायत जिल्लाको विभिन्न स्थानमा लुटपाटमा संलग्न सप्तरीको डिमन गाविस-३ का राजी यादव, डिमन-४ का प्रशुराम यादव र ५ का मो. समसुद्दिनलाई पक्राउ गरेका छन् । तराई मुक्ति सेनाका जिल्ला भाइस कमान्डर विकासको नेतृत्वमा रहेको टोलीले उनीहरूको साथबाट कटुवा पेस्तोल र गोलीहरू बरामद गरेको जिल्ला संयोजक श्यामले बताए ।

मोर्चा नाममा गलत क्रियाकलाप नगर्न तथा सुध्रिन आग्रह गर्दागर्दै पनि मोर्चाकै नामबाट आपराधिक गतिविधि बढ्दै गएको जिल्ला संयोजक श्याम स्विकार्छन् । पार्टीलाई बदनाम गराउन सक्रिय रहेका त्यस्ता आपराधिक तत्त्वहरूलाई तह लगाउन थालिएको सशक्त अभियाको प्रथम चरणअन्तर्गत तीनजना डाँकालाई पक्राउ गरिएको बताउँदै उनी भन्छन्, 'डाँका गिरोहका अन्य आठजना मोर्चाको नाममा गलत क्रियाकलाप गर्नेहरूको व्यापक खोजी भइरहेको छ ।' पक्राउ परेका डाँकाले आफूहरू ११ जनाको समूहमा रहेको स्विकार्दै डकैती तथा लुटपाट गरेको ठाउँहरूबाट लुटिएको गरगहना र लत्ताकपडा लुट्ने गरेको तथा बाँडफाँड गर्ने गरेको बताए । यसैबीच जिल्ला संयोजक श्यामले फागुन १५ एक प्रेसविज्ञप्ति जारी गर्दै जनतान्त्रिकको नाममा हुने चोरी, डकैती, हत्या, अपहरण, लुटपाट र आपराधिक गतिविधिहरू बन्द नभएमा मोर्चा जुनसुकै कारबाही गर्न बाध्य हुने विज्ञप्तिमार्फत चेतावनी दिएका छन् । ■

# माओवादी व्यवहार संविधानसभाको बाधक

**माओवादी नेतृत्वले आफ्ना लडाकुहरूलाई शिविर बाहिर निकाल्ने अनुमति दिएर आफूलाई यथाशीघ्र सरकारमा लैजान मोलमोलाइ र दबाबको राजनीतिको निरन्तरता मात्रै हो । यो लेनिनले भनेझैं माओवादीमा पाइने बालरोग हो र यो केटाकेटीपन भविष्यमा पनि जारी रहनेछ ।**

■ हुकुमबहादुर सिंह

**जनआन्दोलन** २०६२/०६३ का उपलब्धिहरूमध्ये एउटा महत्त्वपूर्ण उपलब्धि विघटित संसद्को पुनःस्थापना र त्यसका साथै १४ वर्षदेखि नेपालमा सशस्त्र विद्रोह गर्दै आएको नेकपा माओवादीलाई शान्तिप्रक्रियामा ल्याउनु हो । पुनःस्थापित संसद्ले २०६३ वैशाख १७ गते संविधानसभाको निर्वाचनमा जाने प्रस्ताव पारित गरेर नेपाली जनताको ५ दशकदेखिको राजनीतिक मागलाई समेत सम्बोधन गरेर त्यसतर्फको बाटो खुला गर्‍यो । यसले गर्दा संविधानसभाको निर्वाचनमार्फत सार्वभौमसत्ता जनतामा हस्तान्तरण हुने र साथै गणतन्त्रको निम्ति पनि फैसला हुन सक्ने सम्भावना बढेर गयो, तर राजा ज्ञानेन्द्रले केवल जनताको मतको भरमा त्यसको परिणाम सजिलै स्वीकार गरी सिंहासनबाट हट्नेछन् भनेर सोच्नु गलत हुनेछ । जनबल प्रयोग नगरी वा जनताले गलहत्याएर नफालेसम्म राजाले स्वेच्छा र शान्तिपूर्णरुपले आफ्नो शासनको बागडोर छाड्दैनन् भन्ने कुरा नेपालको सन्दर्भमा पनि सही छ भन्ने आधार राजा ज्ञानेन्द्रका क्रियाकलापले देखाउँदै छन् ।

नेपालको राजतन्त्रको इतिहास प्रजातन्त्रविरोधी रहँदै आएको छ र ऊ आलंकारिक (सेरिमोनियल) राजाको रुपमा पनि बस्न इच्छुक छैन भन्ने यथेष्ट प्रमाण छन् । यदि राजा ज्ञानेन्द्र आलंकारिक (सेरिमोनियल) राजाको रूपमा बस्न इच्छुक भएको भए २०६३ जेठ ११ पछि आफूलाई त्यसैरूपमा क्रमशः परिवर्तित गराउँदै लैजानु पर्थ्यो । किनभने विगतमा पुनःस्थापित संसद्ले राजसंस्थाबारे जे-जस्ता निर्णय गर्‍यो ती सबैजसो निर्णयले निरंकुश राजतन्त्रको अन्त्यमात्रै गरेको थियो र आलंकारिक (सेरिमोनियल) राजाको रूपमा उसले प्रयोग गर्ने अधिकारको सीमासम्म संकुचित मात्रै बनाएको थियो । तर राजा ज्ञानेन्द्रले आफूलाई एउटा आलंकारिक (सेरिमोनियल) राजाको रूपमा मात्रै रहने गरी नेपालको राजतन्त्रबारे पुनःस्थापित संसद्ले गरेका फैसलामध्ये एउटा पनि पालना गरेको छैन । प्रतिनिधिसभाको घोषणा-२०६३ ले सेना र राजदरवारका सम्बन्धमा गरेका हरेक निर्णयलाई दरवारले मात्रै होइन, नेपाली सेनाले समेत गम्भीरतापूर्वक लिएको छैन र ती केवल निर्णयको रूपमा मात्रै संसद्मा सीमित भएर रहेका छन् र वर्तमान सरकारको कार्यान्वयन पक्ष एकदमै कमजोर र फितलो देखिएको छ । सार्वजनिक लेखासमितिका अध्यक्ष चित्रबहादुर केसीको सक्रियतामा राजाको सम्पत्ति राष्ट्रियकरण गर्नेदेखि भ्रष्टाचारलाई कमजोर बनाउनेबारे सरकारलाई दिएका निर्देशन कार्यान्वयनमा आठ दलको सरकार करिब अकर्मण्य जस्तै भएको छ ।

२०४७ सालपछि नेपाली कांग्रेस र नेकपा एमाले जसरी विगतमा १४ वर्ष शासन गर्दा राजाका अगाडि लाचार बने र राजासँग मिलेर अन्य दल र जनतामाथि अधिनायकवादी शासन चलाए भने त्यसैगरी अहिले माओवादीका अगाडि निरीह भएका छन् र माओवादीसँग मिलेर आठ दलको नाममा आन्दोलनरत अन्य दलहरू र जनतामाथि आफ्नो आठ दलीय अधिनायकवादी निर्णय लाद्दै छन् । नेपाली जनता नै सर्वशक्तिशाली हुन्, त्यसैले तिनैको आड र भरोसामा सत्ता चलाउनेमा उनीहरूलाई विश्वास नै छैन । त्यसैले कहिले एउटा बन्दुके (राजा)को भरमा सत्तामा रहन चाहन्छन् भने कहिले अर्को बन्दुके (माओवादी)को भरमा नेपाली कांग्रेस र नेकपा एमाले सत्तामा टिकिरहन चाहन्छन् ।

माओवादी नेतृत्वले संसद्मा गणतन्त्रको प्रस्ताव ल्याएर राजालाई सिंहासनबाट हटाउनेबारे चर्को नारा दिने र भाषण गर्ने गर्छन्, तर नेपाली कांग्रेस र एमाले जस्तै माओवादीको पनि कतै राजाबारे दोहोरो मापदण्ड त छैन भन्ने प्रश्न उठेको छ । संसद्मा उनीहरूको भूमिका राजासँग सीधै टक्कर नलिने हिसाबले काम गरिरहेको पाइएको छ । राजाको फागुन ७ को अवैधानिक वक्तव्यको विरुद्ध संसद्ले पास गर्ने प्रस्तावमा 'निलम्बित' वा 'वञ्चित' के शब्द राख्ने भन्ने बारेमा छलफल हुँदा माओवादीका संसदीय दलका नेता कृष्णबहादुर महराले अन्य केही संसद्ले 'निलम्बित राजा' भन्नु पर्छ भन्ने सट्टा नेपाली कांग्रेसका नेता रामचन्द्रको प्रस्ताव 'वञ्चित' शब्दलाई राख्न सहमति दिएकोबाटै अनुमान लगाउन सकिन्छ कि अन्य दलहरू राजासँग सीधै टक्कर लिने विचारमा देखिँदैनन् ।

विगतमा माओवादीका गलत कार्यशैली र नीतिका कारण देशमा राजाको प्रतिगमनले लामो समयसम्म शासन गर्ने मौका पायो भने अहिले फेरि माओवादीले आफैंले गरेको शान्तिसम्झौताका विरुद्ध आफ्ना लडाकुहरूलाई शिविर बाहिर निकाल्ने अनुमति दिएर एकपटक फेरि नेपाली सेनाको चरित्र र व्यवहार अनि माओवादी सेनाको चरित्र र व्यवहारमा समानता देखिन थालेको संकेत दिएको छ । विगतमा नेपाली सेनाको एउटा जर्नेलले पदीय दायित्वभन्दा माथि उठेर जे जस्तो वक्तव्य दियो र त्यसलाई माओवादीलगायत सबै राजनीतिक दलहरूले राजाले आफ्नो आदेश मान्ने सेनामार्फत त्यस्तो खालको वक्तव्य निकाल्न लगाएर विरोध गराएका छन् भनेर त्यसको व्यापक विरोध भयो र अहिले उनी सैनिक कारबाहीमा परेको छ, जुन राजनीतिक दलहरूको उचित र उपयुक्त विरोध थियो । तर अहिले माओवादीहरू संसद्मा गएको स्थिति छ र वर्तमान सरकार माओवादीको छायाँ सरकारको रूपमा काम गरिरहेको अवस्थामा माओवादीका सेनाबाट पनि त्यस्तै खालका उत्ताउला अभिव्यक्तिहरू र व्यवहार भएका छन् । त्यसमाथि माओवादी नेताहरू प्रचण्ड, बाबुराम र बादल त्यसबारे केही बोल्दैनन्, तर माओवादी सेनाको कमान्डरको जिम्मा दिइएका पासाङ र प्रभाकरले पत्रकार सम्मेलन गरी माओवादी लडाकुहरूले शिविर किन छाड्नुपर्‍यो भनेर आफ्ना अभिव्यक्ति दिन्छन् । यो भनेको नेपाली सेनामा प्रजातान्त्रीकरण आवश्यकता भएजस्तै माओवादी सेनाभित्र पनि प्रजातान्त्रिक व्यवहार जरुरी छ भन्ने संकेत हो । अहिले माओवादी र सात दलको आठ दलीय सरकार छ र नेपाली सेना र माओवादी सेना दुवै यही सरकारअन्तर्गत छन् । नेपाली सेनालाई जस्तै माओवादी सेनालाई पनि नेपाली जनताको पसिनाबाट कटाएर जम्मा गरेको राष्ट्रिय ढुकुटीबाट तलबभत्ता र सुखसुविधाको निम्ति आवश्यक बजेट (आजसम्म करिब ३५ करोड रुपैयाँ सीधै माओवादी नेता महरामार्फत माओवादी सेनालाई तलबभत्ता र सुविधाको निम्ति, बाँकी माओवादी शिविर व्यवस्थापनको निम्ति र अन्य विकास कार्यमा खर्च गर्न ४२ करोड जम्मा ७७ करोड) रकम उपलब्ध गराएको छ । यसरी राष्ट्रिय ढुकुटीबाट तलबभत्ता र सुखसुविधाको निम्ति आवश्यक बजेट प्राप्त गरिसकेको नेपाली सेना र माओवादी सेना दुवै वर्तमान सरकारको अधीनमा छन् र नभए पनि अधीनमा ल्याउन सक्नु पर्छ । माओवादी को समर्थन प्राप्त वर्तमान सरकारले दुवै सेनालाई आफ्नो विश्वास र नियन्त्रणमा लिन नसक्नु सरकार र माओवादी दुवैको कमजोरी र लाचारी सिवाय अरू के हुन सक्छ ?

एकातिर माओवादी अध्यक्ष प्रचण्ड आफ्नो सेना जनताको आदेशमा र आवश्यक परे वर्तमान प्रधानमन्त्रीको नेतृत्वमा समेत चल्न सक्ने भन्दै

अभिव्यक्ति दिन्छन् भने अर्कोतर्फ आफैंले हस्ताक्षर गरेका कयौं सम्झौतालाई धम्कीको भरमा उल्लंघन गर्न पछि पर्दैनन्। माओवादी नेतृत्वले विगतमा आफ्ना सामाजिक फासिवादी तथा फौजी अतिवादी कार्यशैली र मार्क्सवादी लेनिनवादी सिद्धान्त र विचारभन्दा चिनियाँ संशोधनवादी नेता देङ स्याओ पिङको उपयोगितावादलाई अंगीकार गरेर आफ्नो 'जनयुद्ध'लाई अगाडि बढाए र त्यसमा उनीहरूले हरेक ठूला आक्रमणपछि राजासँग सत्ताको निम्ति मोलमोलाइ गर्ने गरेका प्रशस्त उदाहरण छन् (हेरौं माओवादी अध्यक्षका वक्तव्यहरूको सँगालो)। अहिले पनि यद्यपि, उनीहरू संसद्मा छन् र सरकार चलाइरहेका छन्। तैपनि, उनीहरूले आफ्नो विगतको सामाजिक फासिवादी तथा फौजी अतिवादी कार्यशैलीका आधारमा सिद्धान्तभन्दा उपयोगितावादलाई अपनाउँदै सत्तामा जाने र त्यहाँ गएर पनि त्यही कार्यशैलीलाई निरन्तरता दिने सम्भावना बलियो छ। अहिले पनि उनीहरूले आफ्ना हरेक अभिव्यक्तिमा सत्ताको (उपप्रधामन्त्री, मन्त्री, प्रशासक र राजदूत) निम्ति नेपाली कांग्रेस र नेकपा एमालेसँग मोलमोलाइ गर्ने गरेका छन्। विभिन्न राजनीतिक दलहरूले आयोजना गर्ने भेला, आमसभा र कार्यक्रममा आक्रमण गरिरहेका छन्।

माओवादीले आफैंले गरेको शान्तिसम्झौताका विरुद्ध आफ्ना लडाकुहरूलाई शिविर बाहिर निकाल्ने अनुमति दिएर एकपटक फेरि सरकारसँग आफूलाई सरकारमा लैजानको निम्ति सौदाबाजी गरेका छन्। माओवादी नेतृत्वले आफ्ना लडाकुहरूलाई शिविर बाहिर निकाल्ने अनुमति दिएर आफूलाई यथाशीघ्र सरकारमा लैजान मोलमोलाइ र दबाबको राजनीतिको निरन्तरता मात्रै हो। यो लेनिनले भनेझैं माओवादीमा पाइने बालरोग हो र यो केटाकेटीपन भविष्यमा पनि जारी रहनेछ। यसलाई उनीहरूले आफ्ना सामाजिक फासिवादी तथा फौजी अतिवादी कार्यशैली, सौदाबाजी र दबाबद्वारा नै निरन्तरता दिनेछन्।

देशी विदेशी शक्ति राष्ट्रहरूको खासगरी अमेरिकी साम्राज्यवादको विरोधको कारण माओवादीका हतियारको पूर्ण गणना नगरी सरकारमा लैजान वर्तमान सरकार खासगरी गिरिजाप्रसाद कोइराला तयार देखिएका छैनन्। तैपनि वर्तमान सरकार माओवादीका हरेक गलत क्रियाकलापका सम्बन्धमा मौन रहने गरेझैं यसपटक पनि मौन रहेको छ। माओवादी सेनाले पनि देशको ढुकुटीबाट तलब र अन्य सुविधा पाएको छ। नेपाली सेनाका माथिल्लो तहका अधिकृतले मोजमस्ती गरिरहेका र तलका सिपाहीहरूले कठिन जीवन बिताउने गरेझैं माओवादी नेताहरूको सानसौकत, उनीहरूको विलासितापूर्ण जीवनको तुलना गर्दा कतै माओवादीमा पनि उनीहरूलाई प्रदान गरेको बजेट तल्लो तहसम्म नपुगी त्यहाँ माओवादी लडाकुहरू भोक भोकै रहनु पर्ने अवस्था आएको त होइन। यस्ता प्रश्न उठिरहेका छन्। यदि त्यसो हो भने र यो प्रक्रिया बढ्दै गएमा राजा र उसको आदेश मान्ने नेपाली सेनाभित्रका सेनाको निम्ति आफ्नो विगतको प्रतिगमनलाई पुनःस्थापित गर्नको लागि एउटा बहाना बन्नेछ भने माओवादी नेतृत्वको

**माओवादीले आफैंले गरेको शान्तिसम्झौताका विरुद्ध आफ्ना लडाकुहरूलाई शिविर बाहिर निकाल्ने अनुमति दिएर एकपटक फेरि सरकारसँग आफूलाई सरकारमा लैजानको निम्ति सौदाबाजी गरेका छन्। माओवादी नेतृत्वले आफ्ना लडाकुहरूलाई शिविर बाहिर निकाल्ने अनुमति दिएर आफूलाई यथाशीघ्र सरकारमा लैजानको निम्ति मोलमोलाइ र दबाबको राजनीतिको निरन्तरता मात्रै हो।**

निम्ति पनि जनताको नजरमा आफूलाई स्वच्छ रूपमा राख्न कठिन हुनेछ। यो साँचो हो कि माओवादी नेतृत्वले हिजो नेपालमा नयाँ जनवादी क्रान्ति गर्ने भनेर नेपालका कयौं युवालाई हतियार भिरायो। अहिले उनीहरूले यही पुँजीवादी प्रजातन्त्रको निम्ति गरिने संविधानसभाको निर्वाचनको सर्तमा बीचैमा त्यसलाई बिसाउन जाँदै छन्। त्यसको निम्ति आफ्ना पार्टीभित्रका लडाकुहरूका हतियार उनकै साथमा रहन दिएमा यो स्वयं माओवादी नेतृत्व जसले आफूलाई दक्षिणपन्थी कम्युनिष्ट हौं भनेर प्रस्तुत गरेका छन्, तिनीहरूको निम्ति पनि खतरा हुन्थ्यो, तर ती हतियारहरू अहिले कन्टेनरमा थन्काएर शिविर बाहिर जाँदा पनि माओवादी नेतृत्व (जो विगतको आफ्नो उग्रवामपन्थी गल्ती स्वीकार गरी त्यसलाई सच्याउने बहानामा दक्षिणपन्थी बाटोतिर अग्रसर भएको छ)लाई निरस्त्र तर क्रान्तिकारी लडाकुहरू र कार्यकर्ताहरूबाट उनीहरूको व्यक्तिगत सुरक्षाको खतरा रहनेछैन र त्यसको निम्ति उनीहरू ढुक्क भएका हुन सक्छन्। तैपनि यसो गर्दा हिजोका प्रतिक्रियावादीहरूले माओवादीको यो कार्यशैलीलाई आधार बनाएर वर्तमान सरकारलाई अप्ठ्यारो पार्ने र संविधानसभाको निर्वाचनलाई अनिश्चिततातर्फ धकेल्ने काममा सहयोगी सिद्ध नहोला भन्न सकिँदैन। त्यसकारण माओवादी नेतृत्वले आफ्ना गलत नीति र उत्ताउलो व्यवहारलाई गम्भीरतापूर्वक तत्काल परिवर्तन गरी कम्तीमा पनि संविधानसभाको निर्वाचनको निम्ति बाधक नबनी देश, जनता र आफ्नै राजनीतिक भविष्यको लागि पनि आवश्यक भएको छ।

माओवादी नेतृत्व अहिले ठूलो दलबलसहित संसद्मा प्रवेश गरेको छ, तर उसमा विद्यमान आफ्ना सामाजिक फासिवादी तथा फौजी अतिवादी कार्यशैलीमा परिवर्तन भएको छैन। यो कार्यशैलीलाई उसले संसद्मा भएका आठ दलको अधिनायकवादी कार्यशैलीको रूपमा अगाडि बढाउन प्रयासरत छ। त्यसैकारण विगतको जनआन्दोलनका सहयात्री दलहरू खासगरी चित्रबहादुरले नेतृत्व गरेको जनमोर्चा नेपाललाई आठ दलीय संयन्त्रको आडमा संसद् र संसद्बाहिर पनि माओवादी नेतृत्वले सरकारी जनमोर्चाको साथ लिएर आफ्नो गलत कार्यशैलीलाई अहिले पनि आठ दलको अधिनायकवादी खोलभित्रबाट निरन्तरता दिने प्रयास गरेको छ र विगतमा जस्तै अहिले पनि नेपाली कांग्रेस र नेकपा एमाले माओवादीका अगाडि निरीह भएर रहेका छन्। चित्रबहादुरले नेतृत्व गरेको जनमोर्चा नेपालमात्रै विगतमा पनि र वर्तमानमा पनि न त राजाको तानाशाही शासनका अगाडि आत्मसमर्पण गर्‍यो, न त जनयुद्धको नाममा माओवादीका ज्यादतीको मुकदर्शक भयो। माओवादीले गरेका ज्यादतीविरुद्ध गाउँगाउँमा उनीहरूको कार्यशैलीको भण्डाफोर मात्रै गरेन, माओवादी दबाउने निहुँमा जनतामाथि शाही सेनाले गरेका नृशंस हत्या, अपहरण र गिरफ्तारीको विरुद्ध पनि गाउँबस्ती र जनताको माझमा पुर्‍यायो। अहिले चित्रबहादुर केसीले नेतृत्व गरेको जनमोर्चाले सरकार र माओवादीबाट राष्ट्रियता र प्रजातन्त्रको विरुद्ध गरिएका र गरिने गलत निर्णयविरुद्ध आफ्नो आन्दोलनलाई निरन्तरता दिएको छ। त्यस्तो वर्तमान सरकारको रचनात्मक प्रतिपक्षको रुपमा काम गरेको विगतमा राष्ट्रियता र प्रजातन्त्रको निम्ति आन्दोलनमा होमिएको राजनीतिक शक्तिलाई बाहिर राखेर आठ दलको नाममा संसदीय व्यवस्था सञ्चालन गर्न खोज्नु माओवादी र सरकारी जनमोर्चा र अन्य सत्तामा रहेका दलहरूको गैरप्रजातान्त्रिक चरित्र हो।

इतिहास साक्षी छ नेपालको विगतको शाहीसेना नेपालको राजतन्त्रको निम्ति सुरक्षाकवच रहँदै आएको थियो र वर्तमानको नाममात्रै परिवर्तन गरेको नेपाली सेना अहिले पनि राजतन्त्रको निम्ति अस्तित्वको आधार हो भन्नेमा राजा आशावादी देखिन्छन्। यसका पछाडि कयौं कारण होलान्, तर एउटा महत्त्वपूर्ण पक्ष भनेको सेना र राजदरवारका सम्बन्धमा प्रतिनिधिसभा घोषणा-२०६३ ले गरेका निर्णयलाई न त विगतमा सात दलको सरकारले गम्भीररुपमा लिएर कार्यान्वय नगर्ने प्रयास गर्‍यो न त अहिले वर्तमानमा माओवादी र सात दलको अन्तरिम संसद् र त्यसद्वारा संचालित आठ दलको सरकारले गर्ने हिम्मत गर्‍यो ? बरु माओवादीको गलत नीति र उत्ताउलो व्यवहार नै राजाका प्रतिगमनका मतियारहरू जो नेपाली सेना मात्रै होइन प्रहरी, कर्मचारी प्रशासनतन्त्र, नागरिक समाज र अन्य पेसागत संघसंस्थाहरूमा अझै पनि कार्यरत छन्, तिनीहरूको निम्ति राजाको प्रतिगमनलाई बिउँताउनको लागि आशाको त्यान्द्रो भएको छ। यसको निम्ति महत्त्वपूर्ण पक्ष भनेको गणतन्त्रका चर्का नारामात्रै दिएर पुग्दैन, बरु प्रतिनिधिसभा घोषणा-२०६३ ले सेना र राजदरवारका सम्बन्धमा गरेका निर्णयहरू र रायमाझी आयोगले तोकेका आन्दोलनका दमनकारीहरूलाई कारबाही गर्ने सिफारिसलाई माओवादीसहित सात दलको सरकारले गम्भीरतापूर्वक कार्यान्वयन गर्नु हो।

*लेखक जनमोर्चा नेपालका केन्द्रीय सदस्य हुन्*

**मुलुकले अहिले भोगिरहेको यातायात र भन्सार नाका बन्दजस्ता समस्या एकजना गृहमन्त्रीका कारण भइरहेको छ । एक व्यक्तिका कारण मुलुकले दैनिक रूपमा यो नोक्सानी व्यहोर्नु ठिक हो त ? के सिटौला विकल्परहित गृहमन्त्री हुन् ? प्रधानमन्त्री र मुलुक संचालन गरिरहेका आठ दलले यसमा समयमै निर्णय लिनु आवश्यक छ । गृहमन्त्री अहिले वित्तीय समस्याको रूपमा देखिन थालेका छन् ।**



■ डा.राघवध्वज पन्त

# गृहमन्त्री नै वित्तीय समस्या

**माओवादी सेनालाई** बजेट उपलब्ध गराउने विषयमा अहिले सरकारभित्र नै अन्तरविरोध देखिएको छ । बजेट अभावको कारण देखाउँदै माओवादी सेनाले अस्थायी शिविर छाड्न थालेपछि गृहमन्त्री कृष्णप्रसाद सिटौलाले त्यसको दोष अर्थमन्त्री डा. रामशरण महतलाई दिन खोजेको आभास पाइन्छ । फागुन १४ गते शिविर व्यवस्थापनबारे छलफल गर्न सभामुखद्वारा बोलाइएको सर्वदलीय बैठकमा गृहमन्त्रीले माओवादीले लगेको रकमको लेखापरीक्षण नगरी थप निकासा नदिने अर्थमन्त्री डा. रामशरण महतको सार्वजनिक अभिव्यक्तिप्रति अर्थमन्त्रीका तर्फबाट क्षमा पनि मागे । 'सबैको अभिव्यक्ति र शैली एकैनासको हुँदैन', उनले भने, 'सारा कुरा मन्त्रिपरिषद्को बैठकबाट निर्णय भएर आउँछ' (कान्तिपुर, १५ फागुन २०६३) । यो आफैंमा अचम्मलाग्दो अभिव्यक्ति देखिन्छ । गृहमन्त्रीले माओवादीलाई खुसी पार्न झूटो त बोलेको भन्न सक्ने ठाउँ छैन, तर यो कुरो प्रस्ट गर्नु नितान्त आवश्यक छ ।

अर्थमन्त्रीले माओवादी सेनाका लागि थप बजेट उपलब्ध नगराउने कुरा यसअघि कतै पनि उल्लेख गरेका छैनन् । अर्थमन्त्रीको हैसियतमा उनले माओवादीलाई यसअघि सरकारले उपलब्ध गराइसकेको ३५ करोड रुपैयाँको फाँटबारी पेस गरिसकेपछि मात्र थप बजेट निकासा गर्न मिल्ने सरकारी रकम खर्च गर्ने प्रक्रियाका बारेमा बारम्बार सम्झाइरहेका छन् । अर्थमन्त्रीले भनिरहेको यो विषय गृहमन्त्री सिटौलाकै मातहतमा रहेको शिविर व्यवस्थापन कार्यालय र माओवादीबीच सरकारी रकम खर्चबारे भएको सम्झौताको पालना हुनु पर्छ भन्नेमा केन्द्रित रहेको देखिन्छ । माओवादी सेनालाई रकम उपलब्ध गराउने निर्णय भइसकेपछि शिविर व्यवस्थापन कार्यालयका तत्कालीन सचिव सुशीलजंग राणा र माओवादी वार्ताटोलीका संयोजक कृष्णबहादुर महराबीच माओवादीलाई रकम उपलब्ध गराएको ३५ दिनभित्र खर्च भएको रकम फर्स्योट गर्नु पर्ने सम्झौता भएको थियो । तर, अर्थमन्त्रीको भनाइअनुसार माओवादीलाई सरकारले दिएको ३५ करोड रुपैयाँमध्ये कुनै पनि किस्ताको फर्स्योट गरिएको छैन । थप रकमको माग हुँदै आएको छ । अब प्रश्न छ कि गृहमन्त्रीले झूटो बोलेको हो कि अर्थमन्त्रीले माफी मागेको हो प्रस्ट गर्नु नितान्त आवश्यक छ ।

माओवादीलाई थप रकम दिने विषय आवश्यकताअनुसार सरकारले निर्णय गर्ने विषय हो, तर जति रकम उपलब्ध गराइन्छ । त्यो रकमको फर्स्योट सरकारी कोष खर्चसम्बन्धी विद्यमान कानुनअनुसार हुनु पर्छ । यो विषय गृहमन्त्रीले छुट दिँदैमा माओवादीले फर्स्योट गर्नु नपर्ने दायराभित्र आउन सक्दैन । किनभने माओवादी सेनाको भरणपोषणका लागि दिइएको रकम फेरि पनि नेपाली जनताकै रकम हो । त्यसको ठिक ढंगले हिसाबकिताब जनतालाई पेस गर्नै पर्छ । जनताको रकम कुनै पनि मन्त्री वा पार्टीलाई आफूखुसी खर्च गर्ने अधिकार हुँदैन । यसरी गरिएको खर्चबारे आवश्यक पर्दा अख्तियारबाट छानबिन हुनु पर्छ । कम्तीमा सरकारी रकम खर्च गर्नेहरूले राज्य संचालनका सामान्य नियम र आर्थिक प्रशासन संचालनका मान्यताहरूको पालना गर्नु आवश्यक हुन्छ । जनताको रकम आफूखुसी खर्च गर्न पाउनु पर्छ भन्ने मान्यता कसैले राख्छ भने त्यो कारबाहीको भागी बन्नु पर्नेछ, भोलिका दिनमा भए पनि ।

माओवादीलाई बजेट उपलब्ध गराउने विषयमा गृहमन्त्री सिटौलाले अर्थमन्त्री महतप्रति थप लक्षित गर्दै सबै कुरा मन्त्रिपरिषद्बाट निर्णय भएर आउने, कुनै मन्त्रीको व्यक्तिगत निर्णय नहुने भएकाले अर्थमन्त्रीले बोलेका कुरालाई मुद्दा नबनाउन माओवादीलाई आग्रह गरेको देखिएको छ । गृहमन्त्रीले प्रस्ट पार्नु आवश्यक छ- माओवादीले खर्च गर्ने रकमका हकमा मात्रै यो नियम लागू हुन्छ कि सरकारको 'फिस्कल पोलिसी'मा पनि त्यसैगरी चल्छ ? यदि त्यसो हो भने यो मुलुकमा अर्थमन्त्री किन आवश्यक पऱ्यो र ! सरकारी खर्च संचालनका सबै कामहरू गृह मन्त्रालयबाटै चलाए पनि हुने भयो । बजेट कार्यान्वयनको मध्यावधि मूल्यांकन भर्खरै सार्वजनिक भएको छ । त्यो पत्याउन आवश्यक भएन । के देखिन्छ भने सारा 'फिस्कल पोलिसी' नै कोल्याप्सको अवस्थामा पुगेको छ ।

गृहमन्त्रीले माओवादीलाई उपलब्ध गराइएको रकमको फाँटबारी आफैंले सदनमा जानकारी गराउने बताएका छन् । के यो विषय गृहमन्त्रीको जिम्मेवारी भित्र पर्छ ? राज्यको प्रणालीमा रहेर काम गर्दा खर्च गर्नेले रकम फर्स्योट गर्नुपर्छ र अर्थ मन्त्रालयले ठिक-बेठिक के छ भनेर आफ्ना सम्बन्धित क्षेत्रका जिम्मेवार अधिकारीहरूद्वारा प्रमाणित गराई तय गरिएको प्रक्रियाअनुसार काम हुन्छ, तर गृहमन्त्रीले माओवादीले खर्च गरेको रकमको फाँटबारी आफैंले पेस गर्ने भनेका छन् ।

उनले अबदेखि माओवादीलाई आवश्यक पर्ने रकम अघिल्लो महिना नै उपलब्ध गराउने प्रतिबद्धता जनाएका छन् । के यो सरकारको बजेट कार्यान्वयनको वार्षिक योजनाअन्तर्गतकै विषय हुनेछ ? गृहमन्त्रीका अभिव्यक्तिहरू सुन्दा कस्तो लाग्छ भने अहिले अर्थ मन्त्रालयको जिम्मेवारी पनि गृह मन्त्रालयतिर सरेको छ ।

राज्य संचालनको जिम्मेवारीमा रहेका गृहमन्त्रीले विधिसम्मत ढंगले राज्य संचालनको प्रक्रिया अपनाउनुको सट्टा एउटै क्याबिनेटका सदस्य अर्थमन्त्री महतलाई माओवादीविरोधीका रूपमा उभ्याउन खोजेको जस्तो देखिन आएको छ । (यो अर्थमन्त्रीकै अनुरोधमा त अवश्य भएको हैन होला ।) एकलव्य द्रोणाचार्यका भक्त भएजस्तो उनी पूरा माओवादीभक्त जस्तो देखिएका छन् । माओवादीलाई सम्भव भएसम्म शिविरमा सुख दिन उनले भने, 'सरकारले क्षमता र बुद्धिले भ्याएसम्म प्रयास गरेको छ ।' माओवादीलाई बजेट उपलब्ध गराउने विषयमा पनि सरकारले भ्याएसम्म प्रयास गरेको विश्वास दिलाउन खोजेको जस्तो देखिन्छ । उनले सबैको अभिव्यक्ति र शैली एकनासको हुँदैन भन्दै अर्थमन्त्रीको काम गर्ने शैली र बोल्ने तरिका पनि ठिक नभएकाले यसप्रति कुनै वास्ता नगर्न माओवादीलाई आग्रह गरेका छन् ।

अहिले मुलुकले भोगिरहेको यातायात र भन्सार नाकाहरू बन्द एकजना गृहमन्त्रीका कारण भइरहेको छ । राजनीतिक रुपमा यसको विश्लेषण आफ्नै ढंगले होला, तर आर्थिक दृष्टिकोणबाट हेर्ने हो भने एकजनाका कारण मुलुकले प्रतिदिन ५० करोड रुपैयाँको राजस्व नोक्सानी व्हेोरिरहेको छ । यही रूपमा राजस्व अवरुद्ध हुँदै जाने हो भने मुलुकले खर्च धान्न पनि समस्या पर्न सक्छ । एकजना व्यक्तिका कारण के मुलुकले दैनिक रूपमा यो नोक्सानी व्यहोर्नु अनिवार्य हुन्छ ? के सिटौला विकल्परहित गृहमन्त्री हुन् ? प्रधानमन्त्री र मुलुक संचालन गरिरहेका आठ दलले यस विषयमा समयमै निर्णय लिनु आवश्यक छ । गृहमन्त्री आर्थिक क्षेत्रमा वित्तीय समस्याको रूपमा देखिन थालेका छन् ।

*(कुराकानीमा आधारित)*

**राष्ट्रिय सुरक्षाको दृष्टिले विश्लेषण गर्ने हो भने, अन्तरिम संविधान, खासगरी संविधानसभा गठन प्रक्रिया निर्णय गर्नुभन्दा पहिला राज्यले आउन सक्ने आन्तरिक चुनौतीहरूलाई मूल्यांकन गर्नु सक्नुपथ्र्यो ।**



# संविधान संशोधन गणतन्त्रतर्फ

■ कुमार फुदुङ

**अन्तरिम संविधान** २०६३ लाई समसामयिकरुपमा संशोधन गर्न संसद्मा विधेयक पेस भइसकेको छ। अन्तरिम संविधानको पहिलो संशोधनले राज्यको दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूमा पर्ने धारा ३३, संविधानसभाको गठन ६३, राज्यको ढाँचामा पर्ने धारा १३८ र निर्वाचन क्षेत्र निर्धारण आयोग धारा १५४ 'क' लाई असर पर्नेछ। धारा ६३ ले महत्त्वपूर्ण छ किनकि यसले संविधानसभाको चुनाव प्रणाली (अन्तरिम संविधानको मूल लक्ष्य)सँग सरोकार राख्दछ। मधेसी आन्दोलनले गर्दा मिश्रित प्रणालीभित्र राज्यले निर्वाचन क्षेत्र थप गरिदिने प्रावधान छ। के यस्तो संशोधन प्रावधानले जेठभित्र संविधानसभाको निर्वाचन हुन सक्छ ? विद्रोहबाट उठेको मुद्दा निर्वाचन क्षेत्र संख्या बढाउने मात्र हो र ? बाधा अड्चन कहाँ किन आएका छन्, यसको पहिचान गर्नु र कुनै पनि खोल नओढेर वास्तविक रूपमा जनताप्रति उत्तरदायी हुनु प्रत्येक विधायकको चासोको विषय हो।

बहुसंख्यक नेपाली जनतालाई मधेसी, दलित, आदिवासी, जनजाति समूहले प्रतिनिधित्व गर्छन्। यो नेपालको वास्तविकता हो। संविधानसभा गठनले राज्यले जारी गरेको मिश्रित प्रणाली निर्वाचनले उनीहरूको सहभागिता सुनिश्चित गर्दैन भन्ने जनआवाजले नेपाली समाजमा प्रभाव पारेको छ। सिंगो देशलाई एक निर्वाचन क्षेत्र र जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व होस् भन्ने प्रमुख मागलाई जनसमर्थन प्राप्त भइसकेको देखिन्छ। तीनहप्ते मधेसी फोरमको विद्रोहले सरकारलाई संविधान संशोधन गर्न विवश गरायो। यो विद्रोहले जनधनको ठूलो क्षति मात्र होइन, गृहमन्त्रीको पदसमेत संकटमा परेको छ।

यस प्रकारको राजनीतिक, सामाजिक विरोधले जेठमा संविधानसभाको निर्वाचन स्वतः ओझेलमा पर्ने भयो, तर यस्तो निर्वाचनमा बाधा अड्चन, विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय शक्तिहरूको चलखेल, दोष, आरोप-प्रत्यारोपका कुरा सुन्नमा आउँछन्। यस्तो स्थिति पैदा हुनुमा राज्य बढी जिम्मेवारी छ। किनकि माओवादीले सात दलसँग संविधानसभा गठन प्रक्रियामा 'नेपाली समाजका सबै वर्ग, जाति, क्षेत्र र लिंग जनसमुदायको प्रतिनिधित्व सुनिश्चित हुने गरी निर्वाचन क्षेत्रको निर्धारण' गर्नुपर्ने माग राखेकै हो। तर सत्तापक्षले यस्तो अडान राख्यो भने संविधानसभा नै नगराउने र बाह्य शक्तिले समेत शान्ति सम्झौता भाँड्ने स्थिति पैदा भएकाले माओवादीले अडान त्यागेको हो भन्ने अभिव्यक्ति अध्यक्ष प्रचण्डबाट आइसकेको छ। यसमा हामीले बुझ्नु पर्ने महत्त्वपूर्ण कुरा के हो माओवादीलाई राज्यसत्तामा पुग्न हाम्रो जस्तो सानो मुलुकमा अन्तर्राष्ट्रिय समर्थन आवश्यकता पर्दछ। यस्तो समर्थन पाउन विद्रोहबाट आएको राजनीतिक शक्तिलाई वैधानिकताको आवश्यकता छ। त्यो प्रक्रिया, अन्तरिम संविधान, संसद् र सरकारको बाटो थियो।

यस्तो माओवादीको बाध्यात्मक स्थितिलाई सत्तापक्षले फाइदा लिई मिश्रित निर्वाचन प्रणालीभित्र समावेशी सिद्धान्तले उम्मेदवार चयन गराउने जस्तो लटरपटर र गोलमाल शब्दको जालले माओवादी नेताहरूलाई फसाइदियो। जसको नतिजा संविधानको धारा ६३ टर्रो रुपमा निर्माण भयो। यसले प्रचण्डको क्रान्तिकारी व्यक्तित्वलाई केही नकारात्मक प्रभाव पर्‍यो। नेकपा (माओवादी)भित्रका कति जातीय मुक्ति मोर्चाका सदस्यहरू पनि सशंकित भए। यसभन्दा बढी आदिवासी जनजाति महासंघका भातृ संगठनहरूलाई असर गर्‍यो। यो सशंकित सामाजिक परिस्थितिलाई, मधेसी फोरम, जनतान्त्रिक तराई मोर्चाले उपभोग गरे। तर राजनीतिक रुपले विश्लेषण गर्नेले भने यसले माओवादीलाई नोक्सानी गर्नुभन्दा यथास्थितिवादी राजनीतिक शक्तिलाई बढी नोक्सानी हुने देखिन्छ।

अन्तरिम संविधान लागू भएपछि माओवादीको राजनीतिक मुद्दा ओझेलमा पर्नुको सट्टा सशक्त रुपमा अगाडि आएका छन्। पुरानै सोच भएका कतिपय नेताहरू पनि नक्कली गणतन्त्रवादी भएर अगाडि आएका छन्। राज्यलाई संघात्मक राज्य प्रणालीमा जान मधेसी आन्दोलनले बाध्य गरायो। मधेसी र आदिवासी, जनजाति स्वायत्त शासनको नारा लिई सडक आन्दोलनमा उत्रिएका छन्। यो सामाजिक आन्दोलनले राज्यको सत्तापक्षलाई हतोत्साह गरेको देखिन्छ। त्यसैले होला, हतारमा संशोधन विधेयक संसद्मा पेस भइसकेको छ। यसले झन् जनजाति र मधेसीहरूलाई उत्तेजित बनाएको छ। सरकारमाथि विश्वास गुमाएका छन्। यिनीहरूको समर्थनबेगर यस्तो संशोधनले निर्वाचन समयमा हुन नसक्ने निश्चित छ।

समयमै संविधानसभा निर्वाचन गराउनु नै थियो भने सत्तापक्षले आफ्नो राजनीतिक शक्ति बचाउने खेलमा अल्मलिनु हुँदैनथ्यो। उनीहरूले ८ महिनासम्म नयाँ संविधान बनाउन समय खर्च गरे, तर यहाँको ७० प्रतिशतभन्दा बढी जनसंख्या भएका आदिवासी, जनजाति, दलित, महिलाहरूको आकांक्षा, भावनालाई सत्तापक्षले लतार्‍यो।बहुसंख्यक नेपाली जनताको आधारभूत अधिकारमाथि खेलवाड गर्ने प्रयास गर्‍यो। संविधानसभा भनेको सबै नेपालीहरूले आफ्नो राजनीतिक भविष्य आफै निर्माण गर्ने जस्तो मूल विषयलाई राज्यको सत्तापक्षले बेइमानी गरेको सन्देश जनतामा गयो। सत्तापक्षले संशोधनमा अझै पनि निर्वाचनसम्बन्धी आफ्नो सैद्धान्तिक अडानमा लचकता देखाएको छैन। यसले पुरानो मानसिकता र यथास्थितिवादी राज्यशक्तिको अस्तित्व कायम गराउने माध्यम मात्र हो भन्ने धेरै नेपालीले बुझिसकेका छन्।

मधेसी विद्रोह र जनजाति आन्दोलनले नयाँ रूप लिन थालिसकेको छ। मधेसी आन्दोलनले यो सरकारको नाडी (शक्ति) छामिसकेको छ। पेट्रोल र ग्याँसको आपूर्ति काठमाडौंमा अझै राम्रोसँग हुनसकेको छैन। अब आन्दोलन चर्कियो भने राजधानीवासीले दैनिक उपभोग्यवस्तु पाउन छोड्नेछन्। दैनिक शासन प्रशासन चलाउने संयन्त्र कमजोर छ। जनविश्वास गुमेपछि राजधानीमा बस्ने सहरवासीसमेतले सरकारप्रति सहयोग गर्नेछैनन्। प्रचण्डले भनेजस्तै सहरी विद्रोह आउने परिस्थिति वातावरण तयार हुँदै गएका संकेत देखापरेका छन्। संविधान संशोधनका धाराहरू संसद्बाट पारित गराउन सरकार सफल होला, तर यो निर्णय आमजनताले कार्यान्वयन गर्न दिनेछैनन्।

आन्दोलनकारी मधेसी र जनजातिको मागलाई बेवास्ता गरी हतारमा संशोधन विधेयक सरकारले पेस गर्नु गल्ती थियो। यसले यथास्थितिवादी शक्तिको हतोत्साह मानसिकता देखाउँछ। यसले जनआवाजलाई कुल्चिने प्रयास गरेको छ। ठूला दलहरूको सहमतिले मात्र संविधानसभा समयमा सम्पन्न हुँदैन। सत्तापक्षले हिन्दुवादी, विदेशी, दरवार र प्रतिक्रियावादीलाई बाधक भनी दोष लाउनु अब व्यर्थ भइसकेको छ। सरकारप्रति अविश्वास बढेपछि जनता विद्रोहमा उत्रनेछन्। यथास्थितिवादीले आफ्नो राजनीतिक शक्ति बचाउन बाह्य समर्थनको खोजी पनि गर्लान्, तर यहाँ अब कुनै पनि सैन्य शक्तिले शासन चलाउने स्थिति गइसक्यो।

राजाको वक्तव्यले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजनीतिक उचाइ पोजिसनलाई चक्का लागेको छ। मधेसी आन्दोलनले गृहमन्त्री सिटौलाको पदमा संकट मात्र होइन, यो सरकारको औचित्य गुम्ने स्थिति पैदा भएको छ। राज्य कसरी सम्हाल्ने भन्ने प्रश्न अब सत्तामा बस्ने नेताहरू धर्मसंकटमा पर्नेछन्। सडक आन्दोलन चर्किएपछि जातीय र क्षेत्रीय नारा झन् बढेर जान्छ। यथास्थितिवादीहरूले त्यसपछि आफ्नो राजनीतिक अस्तित्व बचाउन पहल सुरु हुन्छ। यो पहल सम्भवतः संविधानभित्र 'गणतन्त्र नेपाल' संशोधन आउनेछ। किनकि फेरि प्रधानमन्त्रीको अर्को वक्तव्य र संशोधन आउनु भनेको गणतन्त्र घोषणा हुनुबाहेक अर्को सम्भव हुँदैन। यदि यस्तो भएन भने आन्दोलन-३ ले देशव्यापी रूप लिन्छ। यो आँधीबेहरीले राजतन्त्रसँगै यथास्थितिवादी र कोइरालाको राजनीतिक पतनसँगै नयाँ नेपालले रूप लिनेछ। ■

*(विधायक फुदुङ अवकासप्राप्त मेजर जनरल हुन्)*





# डडेल्धुरे तरकारी पोखरामा

एक दशक अघिसम्म भारतको तरकारीमा भर परेको डडेल्धुरा अहिले तरकारी निर्यात गर्न थालेको छ। अहिले सदरमुकाम र वरपरका क्षेत्रहरुले तरकारी खेतीमा ख्याति कमाएका छन। मुख्यतया जिल्लाको पश्चिमी क्षेत्र यो खेतीमा नमुना मानिदै आएको छ।

■ श्याम भट्ट/डडेल्धुरा (तस्विर पनि)

अमरगढी ५ का स्थानीय बासिन्दा ज्ञानेन्द्र मल्ल हरेक दोस्रो दिन अचेल यहाँबाट पश्चिमाञ्चलको पर्यटकीय नगरी पोखरातिर एक ट्रक गोलभेडा पठाउने गर्छन्।

स्थानीय बजारमा प्रतिकिलो २० रुपैयाँ रहेको डडल्धुरे गोलभडा पोखरा गएर ३० रुपैयाँसम्मको मोल पाउन सक्छ। मल्ल भन्छन्, 'यस वर्ष डडेल्धुराको तरकारीले नयाँ बजारका रुपमा पोखरा पाएको हो।'

एक दशकअघि भने यो स्थिति थिएन। स्थानीय बासिन्दा भारत हुँदै तराईबाट आएको तरकारी नपुगुन्जेल स्वाद फेर्न पाउँदैनथे। अहिले त डडेल्धुरा यस क्षेत्रको व्यवसायिक तरकारी खेतीको नमुना जिल्लाकै रुपमा अघि आएको छ। चालू आर्थिक वर्षमा अहिलेसम्म ४ सय २७ मेट्रिक टन वीउबिजन किसानहरूले बेचेको तथ्यांक जिल्ला

कृषि विकाससँग छ।

बागवानी विकास अधिकृत दिलबहादुर विष्टका अनुसार यहाँका कृषकहरूले प्रतिवर्ष उत्पादन र खपतको तथ्यांक बढाउँदै लगेका छन्। यसपालि गोलभेडाले निर्यातको ठूलो बजार ओगट्न सक्यो। अहिलेसम्म ३ सय मेट्रिक टन गोलभेडा निर्यात भइसकेको छ भने बजारमा पनि गोलभेडा प्रशस्त मात्रामा पाइन्छ। यहाँको बजारमा बाह्रै महिना विभिन्न तरकारी पाइन थालेका छन्। यसको ठूलो हिस्सा यहीँबाट आपूर्ति हुन थालेको छ। डडेल्धुरामा उत्पादन हुने तरकारीको आधा भाग गोलभेडाले लिएको दाबी गर्छन्, नायब प्राविधिक सहायक श्यामराज जोशी। उत्पादनमा यो परिवर्तन त्यसै आएको होइन।

तीन दशकअघि सदरमुकामलाई सडकले छोए पनि तरकारी खेतीमा व्यवसायिकता ल्याउन स्थानीय बासिन्दालाई २०४६ सालपछिको परिवर्तनले नै सहयोग गरेको हो। १९ हजार २ सय ४२ हेक्टर कृषियोग्य जमिन रहेको डडेल्धुरामा एक दशकअघिसम्म परम्परागत रूपमा धान, गहुँ, मकै र भटमास उत्पादन गरिन्थ्यो। अहिले तरकारी र फलफूल खेतीतर्फ उनीहरू आकर्षित भएका छन्। यो पेसाले उनीहरूको जीवन सहजसमेत बनाएको छ। व्यवसायिक तरकारी खेतीको सुरुवातले गर्दा दुई दशकअघि जिल्लामा स्थापना भएको तरकारी वीउ उत्पादन केन्द्रले किसानहरूलाई सहज रुपमा वीउबिजन उत्पादन र उपलब्ध गराएर सहयोग गरेको हो। अहिले जर्मप्लाज्म संकलन केन्द्रको रूपमा समेत विकसित यो केन्द्रले सुदूरपश्चिमलगायत छिमेकी क्षेत्रहरूलाई बिरुवा र वीउबिजन उपलब्ध गराउँदै आएको छ।

स्थानीय जातका बिरुवाहरूलाई लोप हुन नदिई संवर्धन गर्ने केन्द्रले मूल वीउका रुपमा गोलभेडा, भन्टा, भेडेखुर्सानी, रायो, मुला र केराउ उत्पादन गर्दै आएको छ। पहिले केन्द्रले विरुवाको जातीय परीक्षण गर्नुका साथै किसानहरूलाई वीउ वितरणसमेत गर्ने गर्थ्यो। कृषकहरूलाई आवश्यक तालिमसमेत यतै हुने गर्थे, तर संकटकालमा माओवादीको कोपभाजनको सिकार केन्द्रको भव्य तालिम केन्द्रका साथै कार्यालयसमेत भएपछि जिल्ला कृषि विकास कार्यालयले कृषकहरूलाई तालिम दिन खुला चौर र ग्यारेजको प्रयोग गर्दै आएको छ।

स्थानीय बासिन्दा दानसिंह भण्डारी भन्छन्, 'सदरमुकामलाई कालोपत्रेले छोएपछि सरकार र गैरसरकारी संस्थाहरू डडेल्धुरातर्फ आकर्षित भएका हुन् भन्दा फरक पर्दैन। यस खेतीको प्रचुर सम्भावना भएको डडेल्धुरामा किसानहरूले अवसर पाएपछि काम गरेर देखाउने मौका मात्रै पाएका हुन्।' स्तरीय होटेल चलाइरहेका भण्डारी तरकारीबाट मात्रै प्रतिवर्ष डेढ लाख नाफा गर्छन्। उसो त उनका बुवा भीमबहादुर भण्डारी जिल्लाकै उत्कृष्ट व्यवसायिक कृषक मानिन्थे।

अहिले सदरमुकाम र वरपरका क्षेत्रहरूले तरकारी खेतीमा ख्याति कमाएका छन्। मुख्यतया जिल्लाको पश्चिमी क्षेत्र यो खेतीमा नमुना मानिँदै आएको छ। महाभारत पर्वतको उत्तरी काख हुँदै छिमेकी भारतीय जिल्ला चम्पावतसँग जोडिएको यो भूभाग नै तरकारी र फलफूल खेतीका लागि उपयुक्त पनि हो।

यो सम्भावनालाई ध्यान दिएर सदरमुकामबाट अन्दाजी ५३ किलोमिटर टाढा रहेको चम्पावत छुने रुपाल गाविससम्म जोड्ने मार्गको निर्माण कार्य आधा सकिएको छ। यो मार्गको अन्तिम बिन्दुबाट अन्दाजी ७ किलोमिटर टाढा सीमा नदी काली बग्छ। यो मार्गले चम्पावत छुने हो भने यहाँको तरकारीका लागि भारतीय राजधानी दिल्लीसम्मको बाटो खुल्ने सम्भावना देखिन्छ।

तरकारीमा देखिएको प्रतिस्पर्धाको अनुपातमा विभिन्न किटनाशक औषधी र रासायनिक मलहरूको प्रयोग पनि ह्वात्तै बढेको देखिन्छ। जससँगै रैथाने तरकारी र खाद्यान्न पनि लोप हुँदै गइरहेको जिल्ला कृषि विकास अधिकृत रामनरेश शर्मा बताउँछन्। उनी भन्छन्, 'मानिसहरूले मुख्यतया स्थानीय काउली, रायो र धान लगाउन बिर्सिसके। सबैजसो किसानले उन्नत जातका तरकारी र खाद्यान्न बाली लगाउन थालेका छन्।'

पछिल्लो समयमा तरकारी खेतीबाट धेरैले जीवन उकास्ने मौका पाए पनि जिल्लाकै ठूलो भूभागमा अझै सम्भावनाका बावजुद अवसर नपाएपछि परम्परागत खेती गर्नु पर्ने बाध्यता छ। विकास कार्यक्रमहरू सदरमुकाम र यसको क्षेत्रलाई छुने गाविससम्म मात्रै सीमित हुने प्रवृत्तिले अन्य क्षेत्र मर्कामा परेको अनुभव यहाँ गर्न सकिन्छ।

उत्पादनका हिसाबले कृषियोग्य ठूलो भूभाग ओगटेको कञ्चनपुर छोएको जोगबुढा उपत्यका र डोटी छुने सेतीबगरतिरको ठूलो मानिने दिपायल क्षेत्रमा सडक सुविधा हुँदाहुँदै पनि किसानहरू व्यवसायिक खेतीतर्फ आकर्षित भएका पाइँदैनन्।

आफूहरू विकास कार्यक्रममा अपायकताको सिकार र सिँचाइ सुविधाबाट वञ्चित भएकाले यसो भएको उनीहरूको तर्क छ। हुन त डडेल्धुरामा ठूलो लगानीमा निर्माण एक दर्जनभन्दा धेरै सिँचाइ आयोजना रहेका छन्, तर तीमध्ये एक-दुइटालाई छोडेर अन्य नाम मात्रका आयोजना बनेका छन्। यस सम्बन्धमा सिँचाइले उपभोक्तालाई दोष थुर्पाछ भने उपभोक्तले सिँचाइलाई दोष थुपार्छन्। सिँचाइमा झन्डै अर्बौं रुपैयाँभन्दा बढी लगानी भइसकेको अनुपातमा उपभोक्ताले सुविधा भने नपाएकै हुन्। सदरमुकामवरपर पछिल्लो समयमा साना प्रकृतिका सिँचाइ योजनाहरू निर्माण नभएका होइनन्। तीमध्येमा योजनाका संरचना मात्रै पनि देखिने गरेका छन्। हावापानी र भौगोलिक विविधताले डडेल्धुरामा तरकारी र फलफूल खेतीका धेरै सम्भावना रहेको बताउँदै बागबानी विकास अधिकृत दिलबहादुर विष्ट भन्छन्, 'ठूलो समस्या बजारको थियो, त्यो पनि अब समाधान भएको छ। कृषकलाई अझै प्राविधिक सहयोग उपलब्ध गराउने हो भने तराईका जिल्लामा भारतबाट आयात हुने तरकारी कम गर्न सकिन्छ।' ■



## अनुभवि जोशी

**पेशाले शिक्षक** भए पनि आफुलाई कृषक भन्न नै रुचाउँछन्, ५० वर्षीय दिलीपराज जोशी। उनी डडेल्धुराका आदर्श किसान हुन्। उनका पुर्खा छिमेकी भारतको कुमाउँबाट आएर डडेल्धुराको बगरकोट गाविसमा बसेका थिए। जहाँबाट उनले आफ्नो युवा समयमा सुरु गरेको तरकारी र फलफूल खेतीका कारण उनको जीवनशैली परिवर्तन हुन सहयोग पुग्यो। जिल्लाको पश्चिमी भेगमा यात्रा गर्ने जो कोही पनि जोशीको बारी देखेर एकचोटि अडिन्छन्। कृषि अधिकृतहरूका अनुसार पनि उनको बारी रहेको क्षेत्र सबै दृष्टिले उपयुक्त छ।

जोशी तरकारी र फलफूल खेतीबाट सरदर वर्षको दुई लाख आय आर्जन गर्छन्। जमिनका हिसाबले अन्दाजी १० रोपनीबाटै उनले यो उत्पादन गर्न भ्याएर धेरै जमिन चाहिन्छ भन्ने मान्यतालाई नै गलत सावित गरेका छन्। सुन्तला खेतीका लागि विशेषज्ञ मानिने जोशीले उत्पादन गरेका बिरुवा जिल्ला कृषि विकास कार्यालयले खपत गर्ने गरेको छ। बेला बेलामा उनीलाई कार्यालयबाट बगैंचा सुधारका लागि सहयोग पनि पाइने गरेको छ। अन्य खेतीभन्दा तरकारी खेतीमै राम्रो आयआर्जन देखेका जोशी गर्वसाथ भन्छन्, 'मैले एक वर्षमा साढे तीन लाखसम्मको तरकारी र फलफूल बेचेको छु।' ■

## विश्व बैंकको अन्तरिम सहायता रणनीति

उच्च शिक्षाका लागि ६ करोड अमेरिकी डलर अनुदान बोर्डबाट स्वीकृत 'नयाँ नेपाल' निर्माणको अभियानमा समर्थन जनाउँदै विश्व बैंकले नेपालका लागि अन्तरिम सहायता रणनीति तय गरेको छ। फेब्रुअरी तेस्रो साता सम्पन्न विश्व बैंकका कार्यकारी निर्देशकहरूको बैठकले उच्च शिक्षाका लागि नेपाललाई ६ करोड अमेरिकी डलरको सहयोग अनुदान स्वीकृत गर्दै नेपालको विकास परियोजनामा आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। 'निसन्देह बैंक नेपालको विकास प्रक्रियाका साथै शान्ति सिर्जना र राज्य निर्माणमा यथासम्भव व्यवहारिक रूपबाट निरन्तर संलग्न रहनेछ', अन्तरिम रणनीति पत्रमा उल्लेख गरिएको छ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी) र सात दलबीचको शान्ति सम्झौतालाई स्वागत गर्दै विश्व बैंकले शान्ति प्रक्रियाको सफलता सुनिश्चित गराउने प्रयोजनका लागि आफ्नो सहयोग जुटाउने प्रतिबद्धता पनि दोहोऱ्याएको छ। तर संविधानसभाको निर्वाचन नभएसम्म र सबै पक्षले त्यसको परिणाम स्वीकार नगरेसम्म राजनीतिक अवस्था अस्थिर रहने र जोखिम कायमै रहेको मानिने पनि रणनीति पत्रमा लेखिएको छ। नेपाल अहिले संक्रमणकालीन अवस्थामा रहेको विश्लेषण गर्दै 'विकृत'तर्फ उन्मुख नभएमा र संक्रमणकाल स्थिर रहेमा नेपाल विकासको गतिमा अगाडि बढ्ने विश्वास विश्व बैंकको छ। शान्ति प्रक्रिया सफलतापूर्वक अगाडि बढ्नु त्यसका लागि आवश्यक सर्त रहने पनि निर्देशकहरूले जनाएका छन्। 'निसन्देह बैंक नेपालको विकास प्रक्रियाका साथै शान्ति र राज्य निर्माणमा यथासम्भव व्यवहारिक रूपबाट निरन्तर संलग्न रहनेछ', अन्तरिम रणनीति पत्रमा उल्लेख छ।

बैंकले नयाँ राष्ट्रिय दृष्टिकोण तयार गर्न र द्वन्द्वपछि प्रमुख आर्थिक कार्यक्रमको विकासमा पनि सहयोग उपलब्ध गराउनेछ। शान्ति प्रक्रियाको कार्यान्वयन, सुधारको कार्यान्वयन वा द्वन्द्वपछिको कार्यक्रमको कार्यान्वयनसँग सम्बन्धित अवसरहरू आएमा र परिस्थिति सकारात्मकतर्फ उन्मुख भएमा बजेट सहयोग लगायत अतिरिक्त बैंक सहायता उपलब्ध गराउन सकिने प्रतिबद्धता पनि बैठकले जनाएको छ। त्यस्तो सहयोग आर्थिक वृद्धि तीव्र बनाउन र रोजगारी सृजना गर्नेतर्फ केन्द्रित रहनेछ। स्थिति खराब भएमा बैंकको सहयोग बढी छनोटपूर्ण रहने जानकारी पनि नेपाललाई गराइएको छ।

## कोडाक डिजिटल प्रविधिमा

कोडाकले आधुनिक डिजिटल प्रविधि अँगाल्ने भएको छ। बजारमा डिजिटल प्रविधिको बढ्दो आकर्षणसँगै कोडाकले पनि आधुनिक प्रविधिमा जाने निर्णय लिएको छ। कोडाकले आफू मातहत संचालित सबै ल्याबहरूलाई डिजिटल प्रविधिमा लैजाने तयारी अन्तिम चरणमा रहेको बताएको छ। इस्टम्यान कोडाकका उपाध्यक्ष वारेन विस्नेस्कीले आफ्नो परम्परागत बजारका कारण फोटोग्राफीमा विकसित मुलुकमा ४० प्रतिशत हिस्सा गुमाउनु परेको बताएका छन्। नेपाल र भारतमा यो हिस्सा १५ प्रतिशत रहेको छ। आगामी दिनमा फिल्म नचाहिने गरी क्यामेरा तथा मोवाइल फोनबाट तत्काल तस्बिर निकाल्ने प्रविधि अवलम्बन गरिने जानकारी पनि उनले दिएका छन्। कम्पनीले लिने रणनीतिका बारेमा जानकारी गराउन कोडाकले यसै साता काठमाडौंमा दक्षिण एसियाली बिक्रेताहरूको भेला पनि सम्पन्न गरेको छ।

## राष्ट्र बैंकमा दुई प्राध्यापक

सरकारले नेपाल राष्ट्र बैंकको संचालक समितिमा अर्थशास्त्रका दुई वरिष्ठ प्राध्यापकहरूलाई नियुक्त गरेको छ। मन्त्रिपरिषद्को हालै सम्पन्न बैठकले प्राध्यापकहरू डा. विश्वम्भर प्याकुरेल र डा. पार्थिवेश्वर तिमिल्सिनालाई उक्त पदमा नियुक्त गरेको हो। उनीहरूको कार्यकाल पाँच वर्षको रहनेछ। उनीहरूको नियुक्तिले राष्ट्र बैंक संचालनमा नयाँ गति आउने विश्वास गरिएको छ।





अर्मीका व्यवस्थापक कर्णेल विनोद विष्ट आफ्ना खेलाडीलाई निर्देशन दिँदै

# हरिलाई कार !

**अखिल नेपाल** फुटबल संघ (एन्फा)ले गत वर्षदेखि राष्ट्रिय लिगमा उत्कृष्ट ठहरिने खेलाडीलाई कार उपहार दिने व्यवस्थालाई निरन्तरता दिने निर्णय गरेपछि यस वर्ष कार चढ्ने भाग्यमानी फुटबल खेलाडीको रूपमा महेन्द्र पुलिस क्लबका राष्ट्रिय स्ट्राइकर हरि खड्का पर्ने लगभग निश्चित भएको छ । एन्फा स्रोतले दिएको जानकारीअनुसार हरि यो वर्षको लिगको उत्कृष्ट खेलाडी घोषित हुँदै छन् । उनी उत्कृष्ट खेलाडीबाट पुरस्कृत भएमा २५ लाख ९५ हजार पर्ने टोयटा यारिस कार पाउनेछन् । नेपाल सरकारले करिब १७ लाख भन्सार छुट दिएको यो कार लिगको उत्कृष्ट खेलाडी ठहरिने खेलाडीलाई दिने सम्बन्धमा एन्फा र टोयटा कम्पनीको अधिकृत बिक्रेता युनाइटेड ट्रेडर्स सेन्डिकेट प्रालिबीच गत साता सम्झौता भएको थियो ।

राष्ट्रिय टोलीमा एक दशकभन्दा बढी समय बिताएका हरि अन्तर्राष्ट्रिय फुटबलमा नेपालबाट



सर्वाधिक गोल गर्ने खेलाडी पनि हुन् । महेन्द्र पुलिस क्लबको कप्तान पनि रहेका उनले यस वर्षको लिगमा आफ्नो क्लबलाई उपाधि नजिकै पुऱ्याउन महत्त्वपूर्ण योगदान गरेका छन् । उनले यो लिगमा सात गोल गरिसकेका छन् । ■

## आर्मी–पुलिस

# मनोवैज्ञानिक लडाइँ

**दुई टोली, भिन्न रणनीति ।** उपाधिका लागि उत्तिकै घम्साघम्सी । दुवै टोली विभागीय भए पनि यो वर्ष सहिद स्मारक एन्फा सानमिगेल लिगको उपाधिका लागि उत्रिँदा त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा प्रतिद्वन्द्विताको आगो ओकल्नेछन् । नेपालको प्रतिष्ठित राष्ट्रिय लिगको यो वर्षको उपाधि सेनाको त्रिभुवन आर्मी नभए पुलिसको महेन्द्र पुलिस क्लबमा भित्रिने पक्का भइसकेको छ । यी दुई विभागीय क्लबबीच हुने लिगको अन्तिम भिडन्तपछि २०६३ सालको राष्ट्रिय लिगको गौरवशाली इतिहास कसले कोर्नेछ । त्यो निर्णय हुनेछ ।

निर्णायक मोडमा आइसकेको नेपालकै सर्वाधिक कुल धनराशि पुरस्कार भएको यो बर्षको राष्ट्रिय लिग अहिले राष्ट्रिय खेलकुद परिषद्मा भएको तालाबन्दीका कारण अनिश्चितकालका लागि स्थगित भएको छ । तर, जहिले लिगको बाँकी खेलका लागि त्रिपुरेश्वरस्थित दशरथ रंगशाला तयार रहनेछ । त्यति बेला पुनः त्रिभुवन आर्मी र महेन्द्र पुलिस क्लबबीचको प्रतिद्वन्द्विता मैदानमा उजागर हुनेछ ।

'यो मनोवैज्ञानिक लडाइँ हुनेछ', त्रिभुवन आर्मी क्लबका व्यवस्थापक कर्णेल विनोद विष्टले समयलाई प्रतिक्रिया दिए । त्रिभुवन आर्मी क्लब अहिले लिगको शीर्षस्थानमा छ । उसलाई लिग जित्न पुलिस क्लबविरुद्धको अन्तिम खेललाई बराबरीमा रोकेमात्र पर्याप्त हुनेछ । 'हामी राम्रो अवस्थामा छौं', उनले पुलिसको प्रतिद्वन्दिता स्विकार्दै भने । लिगको अन्तिम खेल बाँकी रहँदा त्रिभुवन आर्मी क्लबले २५ खेलमध्ये २० खेल जितिसकेको छ भने ३ खेललाई बराबरी र २ खेलमा पराजय भोग्दै लिग तालिकामा सर्वाधिक ६३ अंक बटुल्दै शीर्षस्थानमा रहेको छ । महेन्द्र पुलिस क्लब २५ खेलमध्ये १९ मा विजयी, ५ खेललाई बराबरी र १ खेलमा पराजय भोग्दै ६२ अंकका साथ लिग तालिकामा दोस्रो स्थानमा छ । महेन्द्र पुलिस क्लबलाई लिग उपाधि जित्न त्रिभुवन आर्मी क्लबविरुद्धको अन्तिम खेल जसरी पनि आफ्नो कब्जामा पार्नु पर्ने बाध्यता छ । 'विगतलाई फर्किएर हेर्दा आर्मीविरुद्ध हाम्रो प्रदर्शन उत्कृष्ट छ', महेन्द्र पुलिस क्लबका कप्तान हरि खड्का आर्मीसँगको उपाधिको भिडन्त मनोवैज्ञानिक नै रहने दाबी गर्दै भन्छन् ।

हरि अहिले घुँडामा लागेको चोटका कारण चाँडै नै लिग सुचारु भयो भने मैदानमा उत्रिने अवस्थामा छैनन् । तर, उनी आफ्ना अन्य स्टार खेलाडीहरू स्वस्थ रहेका कारण आफ्नो अनुपस्थितले पनि टोलीमा त्यति फरक नपर्ने विचार राख्छन् ।

यसै वर्ष दशरथ रंगशालामा भएको सुवर्ण शम्शेर नकआउट फुटबल प्रतियोगिताको फाइनलमा महेन्द्र पुलिस क्लबसँग सुरुमा ३ गोल खाएर पनि दोस्रो हाफमा ३ गोल फर्काएको रेकर्डबाट निकै आशावादी देखिएका विष्ट विगत तीन वर्षको कडा मेहनतपछि आर्मी क्लब फर्ममा रहेको बताउँछन् । 'इतिहास पुरानो भइसक्यो । यसपालि हामी राम्रो फुटबल खेलिरहेका छौं', यो लिगमा लगातार अठारवटा खेल अपराजित भएर खेलेको आर्मीका विष्ट बताउँछन् । आर्मीले पहिलो लेगको खेलमा रेलिगेसनमा परिसकेको सरस्वती क्लब र महेन्द्र पुलिस क्लबसँग बराबरीबाहेक अन्य ११ खेललाई आफ्नो पक्षमा पारेको थियो । दोस्रो लेगमा मच्छेन्द्र क्लबसँग अप्रत्यासित २-१ गोलले पराजित बन्न पुगेपछि आर्मीको अठार खेलको अपराजित यात्रा टुंगिएको थियो । दोस्रो लेगमा यो टोलीले रानीपोखरी कर्नर टिम (आरसिटी)सँग ५-१ को नमिठो पराजय व्यहोर्नु परेको थियो । गत वर्षको लिग विजेता मनाङ मर्स्याङ्दीसँगको पहिलो लेगको खेलमा विजयी भए पनि दोस्रो लेगमा १-१ गोलको बराबरीमा चित्त बुझाउनु पऱ्यो ।

राजु तामाङ र रामकुमार विश्वासको रुपमा दुईजनामात्र राष्ट्रिय खेलाडीले सुसज्जित यो क्लबमा कुनै बेला थ्रीस्टार क्लबको रिर्जभ बेन्चमा बस्ने युवा स्ट्राइकर विकर्ण श्रेष्ठ बलियो हतियार बनेर देखा परेका छन् । 'हाम्रो सफलताको परिभाषा टिम वर्क नै हो । फेरि २०६१ सालमा लिगमा समावेश भएदेखि अनवरत ट्रेनिङ गर्दै आइरहेका छौं', विष्ट भन्छन् । २०६१ सालमा चौथो स्थानमा रहेको आर्मी २०६२ सालको लिगमा तेस्रो स्थानमा थियो । यसपालि आर्मी लिग उपाधिको धेरै नजिक छ । तर, यो क्लबले आधा दर्जन राष्ट्रिय खेलाडीले सुसज्जित महेन्द्र पुलिस क्लबका खेलाडीहरूको मनोविज्ञान कसरी तोड्छ, यो भने यी दुई विभागीय क्लबबीचको फाइनल भिडन्तले देखाउनेछ ।

■ **नवीन अर्याल/काठमाडौं**




गणेश अधिकारी

तालाबन्दी भएको राष्ट्रिय खेलकुद परिषद्को मूलढोका

# राजनीतिक अखडा बनाउने तयारी

■ **नवीन अर्याल/काठमाडौं**

नेपाल गणतान्त्रिक खेलकुद संगठनले राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य-सचिव जीवनराम श्रेष्ठको एकसूत्रीय राजीनामा माग राख्दै त्रिपुरेश्वरस्थित परिषद्मा लगाएको ताला दुई सातासम्म नखुलेपछि परिषद्का सम्पूर्ण प्रशिक्षक तथा कर्मचारीहरू यसको विरोधमा उत्रिएका छन् ।

यसले खेलकुदमा भिडन्तको स्थिति निम्त्याएको मात्र छैन, लामो समयदेखि स्वतन्त्र हैसियतले कार्यरत राखेप कर्मचारी, प्रशिक्षक र खेलाडीहरूबीच अन्योलको स्थिति सिर्जना भएको छ । यतिमात्र होइन, यसै महिनादेखि खेलकुद कर्मचारी संघको एक प्रतिनिधि राखेप बोर्डमा समावेश हुने नयाँ ऐन सदनबाट पारित भइसकेको स्थितिमा गणतान्त्रिकले आफ्नो छुट्टै कर्मचारी संघ खोल्नुले भविष्यमा नेपाली खेलकुद राजनीतिको सबैभन्दा ठूलो अखडाको रुपमा प्रयोग हुने संकेत देखिएको छ । यसले स्कुल, कलेज र विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थामा देखिने राजनीतिक दलका भ्रातृ संगठनहरू जस्तै खेलकुदमा पनि विभिन्न दलका संगठनहरू बन्ने खतरा उत्पन्न भएको छ । हाल परिषद्मा आठ सय ७८ स्थायी र करार गरेर लगभग एक हजार कर्मचारी रहेका छन् ।

आफूलाई माओवादी निकट भन्दै आइरहेको गणतान्त्रिक खेलकुद संगठनले फागुनको पहिलो साता सदस्य-सचिव श्रेष्ठको एकसूत्रीय राजीनामा माग राख्दै प्रशासनिक काम ठप्प हुने गरी परिषद्को मुख्यद्वारमा तालाबन्दी गरेको थियो । तर, परिषद्का प्रशिक्षकहरूले गणतान्त्रिकको तालाले ट्रेनिङ लगायत खेलाडीहरूको स्वास्थ्य परीक्षणमा गम्भीर असर परेको भन्दै यो विवादलाई वार्तामार्फत नसुल्झाए आफूहरूले नेपालभरि कुनै खेलको गतिविधि सञ्चालन हुन नदिने चेतावनी दिएका छन् । उनीहरूले विरोधस्वरुप गणतान्त्रिकले त्रिपुरेश्वरस्थित परिषद्को मुख्यद्वारमा लगाएको तालामाथि अर्को तालाबन्दी मात्र गरेका छैनन्, दशरथ रंगशालालगायत लैनचौरस्थित टेबुलटेनिस प्रशिक्षण केन्द्रमा पनि ताला लगाएका छन् । 'हाम्रो माग प्रशासनिक कार्यसहित स्वच्छ राखेपको निर्माण हो । हामी खेलकुदमा राजनीतिकरणको विरोधी हौं', बक्सिङका सहायक प्रशिक्षक ओम मास्केले *समय*सँग भने ।

प्रशिक्षकहरूको यो निर्णयले समाप्तिको क्रममा रहेको यस वर्षको सहिद स्मारक एन्फा सानमिगेल लिगको अन्तिम तीन दिनको खेल अनिश्चितकालका लागि रोकिएको छ । गणतान्त्रिकले फागुन २३ देखि २७ गतेसम्म आयोजना गर्ने भनेको पूर्व निर्धारित पाँच खेलको राष्ट्रिय प्रतियोगिता पनि ओझेलमा पर्न पुगेको छ ।

'खेलकुद भनेको शुद्ध व्यवसायिक ठाउँ हो । त्यसैले यो ठाउँमा राजनीति गर्नु हुँदैन भन्ने मेरो मान्यता छ । सबैले यो ठाउँलाई राजनीतिक महत्त्वाकांक्षाका लागि उपयोग गरे भने नेपाली खेलकुदको अवस्था के हुन्छ ?', राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव जीवनराम श्रेष्ठ प्रतिप्रश्न गर्छन् । नेपालमा लोकतान्त्रिक सरकार स्थापनापछि सदस्य-सचिव पदमा नियुक्त श्रेष्ठले गत महिना वर्षौंदेखि बढुवा नपाएका २ सय १ कर्मचारीलाई उनीहरूको योग्यताको आधारमा बढुवा गरेका थिए, जसमा

## घुसपैठ छ – मल्ल

गणतान्त्रिक खेलकुद संघका अध्यक्ष ध्रुवविक्रम मल्लले पहिलोपल्ट आफ्नो संघमा खराब व्यक्तिहरूको घुसपैठ भएको स्विकारेका छन् । उनले *समय*लाई छोटो अन्तर्वार्ता दिने क्रममा आगामी केही दिनमै ती व्यक्तिहरू बाहिरिने संकेत दिए । 'फागुन २१ र २२ गते राष्ट्रिय सम्मेलन गर्ने योजना छ । यसपछि त्यस्ता उच्छृंखल व्यक्तिहरू संघबाट बाहिरिनेछन्', उनले भने । उनले पहिलोपल्ट राखेपका सदस्य-सचिव जीवनराम श्रेष्ठको राजीनामाको एकसूत्रीय मागलाई पनि भुलको संज्ञा दिएका छन्, 'त्योचाहिँ अलिकति अव्यवहारिक हो ।' जो व्यक्तिसँग माग राखिएको छ, त्यसैको राजीनामा मागिनु कति उचित छ ? भन्ने प्रश्नको जवाफ दिँदै मल्लले भने, 'उनले यो माग अगाडि आउनुमा आफूभन्दा पनि संघमा घुसपैठ भएका व्यक्ति जिम्मेवार छन् ।' आफूहरूले परिषद्मा गरेको तालाबन्दीविरुद्ध उत्रिने प्रशिक्षकहरूलाई सदस्य-सचिव श्रेष्ठको मान्छे भन्दै यसको विरोध गरे । 'सदस्य-सचिवका नजिकैका मान्छेहरूले त्यो ताला लगाएका हुन्', उनले भने । गणतान्त्रिकले फागुनको अन्तिम साता आयोजना गर्न लागेको राष्ट्रिय प्रतियोगिताका लागि ४५ लाख ४१ हजार रुपैयाँको बजेट विनियोजन गरेको बताए । 'सहयोगी साथीहरूले पैसा दिएका छन्', उनले आफूले उठाएको पैसाको स्रोत खुलाउन चाहेनन् ।

गणतान्त्रिकका अध्यक्ष ध्रुवविक्रम मल्ल, सदस्यहरू श्रीमान् थापा र जयन्त चन्द पनि परेका थिए। उनीहरूले बढुवाको पत्र बुझेर बढेको तलब खाइसके पनि बढुवा प्रक्रिया चित्तबुझ्दो नभएको भन्दै दोहोरो मापदण्ड अपनाउँदै आइरहेका छन्। मल्ल स्वयं राखेपका कर्मचारी भए पनि उनले नियम-कानुनको खिल्ली उडाउँदै शाही शासनकालका सदस्य-सचिव किशोरबहादुर सिंहको दाहिने हात मानिने डा. प्रकाश प्रधानलाई सल्लाहकारको रुपमा नियुक्त गर्दै करिब तीन महिनाअघि परिषद्को समानान्तर संघको रुपमा नेपाल गणतान्त्रिक खेलकुद संगठन गठन गरेका थिए। उनले गठन गरेको संगठनको केन्द्रीय कमिटीमा परिषद्को कर्मचारीको हैसियतले तलब र भत्ता खाने थुप्रै व्यक्तिहरू रहेका छन्।

यति हुँदाहुँदै गणतान्त्रिकले गत महिना आफ्नो कमिटीमै रहेका पदाधिकारीहरूलाई समावेश गरेर २१ सदस्यीय कर्मचारी संघ गठन गरेपछि अहिले खेलकुदमा भिडन्तको स्थिति सिर्जना भएको छ। गणतान्त्रिकले कर्मचारी संघमा आफ्नो प्रतिनिधित्व गरेको भनेर प्रचार-प्रसार गरेका पूर्वाञ्चलका रञ्जन थापाले आफूलाई पत्तो नदिई उपाध्यक्ष पदमा नियुक्त गरेको भनेर यसको खण्डन गरिसकेका छन्। यद्यपि, राखेपमा कर्मचारीहरूको एउटै स्वतन्त्र निकाय हुनु पर्ने मुद्दामा सहमति जनाउँदै गणतान्त्रिक, राखेपको कर्मचारी संघ र प्रशिक्षकहरूबीच फागुन १५ गते बसेको वार्तामा निकास निकाल्ने सहमति भएको वार्तामा बसेका एक कर्मचारीले समयलाई बताए। तर, गणतान्त्रिकको पछिल्लो समयमा कुरा एउटा गर्ने र काम अर्को गर्ने विरोधाभासपूर्ण व्यवहारले उनीहरूप्रति पूर्ण आश्वस्त हुन नसकिने राखेपका वरिष्ठ कर्मचारी र प्रशिक्षकहरू बताउँछन्। कर्मचारी संघको चुनाव फागुन २६ गते हुँदै छ। अन्तिमपल्ट २०४७ सालमा चुनाव भएर अहिले तदर्थवादमा चलिरहेको कर्मचारी संघलाई पछिल्लो समयका सदस्य-सचिव विनोदशंकर पालिखे र किशोरबहादुर सिंहले आफ्नो स्वार्थका लागि अत्यधिक प्रयोग गरेको आरोप लाग्ने गरेको छ।

'हाम्रो चुनावमा खेलसँग सम्बन्धित सबै कर्मचारी उठ्न पाउनेछन्। त्यसैले हाम्रो मान सम्मानमाथि चढेर आफ्नो अस्तित्व खोज्ने काम भयो भने त्यो दुःखद परिणाम हुनेछ। बलको राजनीति भयो भने हामी प्रतिकारमा उत्रिनेछौं', भर्खरै सदनबाट पारित भएर राखेपको ऐनमा स्वतन्त्र अस्तित्वका साथ समावेश भएको कर्मचारी संघका कार्यवाहक अध्यक्ष नवीन उप्रेतीले *समय*लाई प्रतिक्रिया दिए। उनी सबै कर्मचारीहरू गणतान्त्रिकझैं राजनीतिमा उत्रिए खेलकुदमा दसवटा कर्मचारी संघ गठन हुने र यस्तो स्थिति आएमा परिषद्, खेल क्षेत्र र खेलाडी सबैका लागि दुर्भाग्यपूर्ण हुने चेतावनी दिन्छन्।

गणतान्त्रिकका अध्यक्ष ध्रुवविक्रम मल्ल स्वयं पनि खेलकुदमा राजनीतिकरणको विरोध गर्छन्। तर, उनी खेल क्षेत्रमा लागेका मान्छेहरूको राजनीतिक आस्था जुन दलसँग भए पनि आफ्नो संगठनले स्वच्छ खेलकुदको अभिभारा उठाएको हुनाले सबैलाई आफ्नो संगठनसँग मिलेर हिँड्न आह्वान गर्छन्। 'खेल क्षेत्रमा लागेका व्यक्तिहरूको बेग्लै राजनीतिक आस्था भए पनि हामीसँग मिल्न सक्नु पर्‍यो', उनले प्रतिक्रिया दिए। ■



# व्यस्त हुने भए क्रिकेटर

नेपाली क्रिकेट खेलाडीहरू यो वर्ष निकै व्यस्त रहनेछन्। यो वर्ष मात्र नेपालले चारवटा अन्तर्राष्ट्रिय क्रिकेट प्रतियोगितामा खेल्ने जानकारी नेपाल क्रिकेट संघ (क्यान)ले दिएको छ। नेपालले यस वर्ष अगस्तमा आयोजना हुने एसिसी युथ-१९ इलाइटकप क्रिकेट प्रतियोगितादेखि नोभेम्बरमा हुने एसिसी युथ-१५ इलाइटकपमा भाग लिने पक्का भइसकेको छ। यसैगरी यसै वर्ष हुने भनिएको एसिसी २०-२० क्रिकेट र एसिसी महिला क्रिकेटमा पनि नेपालले भाग लिने जनाइएको छ।

नेपाली युथ-१९ टोली एसिसी इलाइटकप खेल्न अहिले छनोट खेलहरूमा व्यस्त छ। यो प्रतियोगिता १८देखि २९ अगस्टसम्म मलेसियामा हुँदै छ। प्रतियोगितामा नेपालबाहेक मलेसिया, कुवेत, कतार, युएई र हङकङ समावेश रहनेछन्। 'नेपाल इलाइट समूहमा परेको छ', प्रतियोगिताबारे जानकारी दिँदै नेपाल क्रिकेट संघका सदस्य तारकमणि दीक्षितले भने।

काठमाडौंमा १४ देखि २५ नोभेम्बरसम्म हुने एसिसी युथ-१५ इलाइटकपमा १० टोलीको सहभागिता रहने क्यानले जनाएको छ। प्रतियोगितामा नेपाल, युएई, मलेसिया, ओमान, भुटान, अफगानिस्तान, कुवेत, बहराइन, सिंगापुर र हङकङको सहभागिता रहनेछ। २०-२० क्रिकेटका लागि मिति र स्थान तय नभए पनि यस प्रतियोगितामा नेपाल, युएई, मलेसिया, बहराइन, कुवेत, सिंगापुर, हङकङ, अफगानिस्तान, कतार र ओमान सम्मिलित रहनेछन्। यसै वर्ष आयोजना हुने भनिएको महिला क्रिकेटको मिति, स्थान र टोली तय नभए पनि प्रतियोगिताको मिति तय भएपछि भाग लिन आवेदन दर्ता गराइने दीक्षित बताउँछन्। 'हामी प्रयासरत छौं', उनले भने।

# जब सपनाहरू मर्छन्

**उपन्यासमा पात्र र घटनाको आकर्षक वर्णन छ । लय र गति कस्तो छ भने कतै पनि पात्र र घटनालाई अवमूल्यन गरेर 'जम्प' गरेजस्तो लाग्दैन । भावना र दर्शनमा बग्दा कतिपय ठाउँमा उपन्यासकार कवि बनेका छन् । कतिपय व्याख्याहरू अतिशयोक्तिपूर्ण लाग्छन् ।**




**सुकरातका पाइलाहरू (उपन्यास)**
**डा. गोविन्दराज भट्टराई**
**प्रकाशक : मोडर्न बुक्स**
**मूल्य : रु. १५०/-**
**पृष्ठ : १९५**

**माध्यमिक तहको** पुरानो पाठ्यक्रममा डा. तारानाथ शर्माले लेखेको 'दार्शनिक सुकरात' भन्ने पाठ हामी खुब चाख दिएर पढ्थ्यौं । क्याम्पस हुँदै विश्वविद्यालय पुग्दा सुकरातका बारे अझ धेरै थाहा हुँदै गयो । स्कुल पढ्दै देखेको अनुहार कुच्चिएको उनको एउटै फोटो अहिलेसम्म पाठ्यपुस्तक, इन्टरनेट, बाहिरी किताबमा कति हेरियो कति ! तीन हजार वर्ष पुराना हजुरबाले उत्तिखेर फोटै कसरी पो खिचेका थिए होला र देख्नु विभिन्न कोणका उनका तस्बिरहरू । हक्की स्वभावका यी बाजेको नामचाहिँ खासमा 'सोक्रेटस' रहेछ, नौ कक्षामा पहिलोपल्ट 'सुकरात' भनेर चिनेका यी बुढाको सक्कली नाम मलाई पछि मात्र थाहा भयो ।

एक दिन डा. गोविन्दराज भट्टराईले फोन गरे, 'भाइ, मेरो नयाँ उपन्यासको विमोचन छ, एकेडेमीमा, आउनू है !' विमोचनमा त गइनँ, तर के लेखेछन् उनले भन्ने चुमचुम थियो मनमा । उनले तीस वर्षअघि लेखेका दुईवटा उपन्यास 'मुगलान' र 'मणिपुरको चिठी' दस पन्ध्रवर्षअघि पढ्दै मलाई उनकौ शैलीले तानिसकेको थियो । विश्वविद्यालयमा पढाएर, वर्तमान विश्व पढेर र समालोचनामा आधा दर्जन गहकिला किताब लेखेर खारिएका भट्टराईले ५३ वर्षको उमेरमा लेखेको उपन्यास गतिलै हुनुपर्छ भन्ने मलाई लागेको थियो ।

पढेँ, 'सुकरातका पाइलाहरू', झन्डै २ सय पृष्ठ मोटो उपन्यास । फुर्सदको एक बेलुका पढ्न बसेको, रात नसकिँदै उपन्यास सकियो । ६-७ महिनाअघि पढेको कृष्ण धरावासीको 'राधा'ले पनि मलाई अचम्मै गरी तानेको थियो, तर त्यो एक रातमा पढिसकिने खालको थिएन, निकै मोटो । पछि यही किताबका लागि धरावासीले मदन पुरस्कार थापेपछि राधाको औपन्यासिक आकर्षणले मलाईमात्र होइन, थुप्रैलाई समातेको रहेछ जस्तो लागेको थियो । सरल स्वभावका भट्टराईको कलमले सरल शब्दहरूबीच वर्तमान समयको जटिलतालाई कति प्रभावकारी ढंगले चित्रण गरेको छ भने नायक अनन्तसहित उपन्यासका अधिकांश पात्रहरूले भोगेको जीवन पाठकलाई आफैंले बाँचिरहेको कष्टकर युगजस्तो लाग्छ । पात्रहरूमा पाठक छिर्छन् र उनीहरूलाई युगको यथार्थसँग नजिक उपन्यासका काल्पनिक चरित्रहरू नभई आफ्नै छिमेकीहरूजस्तो महसुस गर्छन् ।

त्रिभुवन विश्वविद्यालयको विद्यार्थीका रूपमा दुई वर्ष बिताउँदा मैले हजारौं अनन्तहरू देखेको छु, कतिलाई नजिकबाट चिनेको छु र केहीको संघर्षसँग जोडिएकै छु । अनन्तहरू जो गाउँबाट सार्थक जीवनको सपना बोकेर, केही गर्छु भन्ने आँटले भरिएर, सुविस्ताले जिन्दगी बिताउने बाटो पत्ता लगाउँछु भनेर काठमाडौं आउँछन्, तर राजधानीको भुमरीमा कस्तरी रुमलिन्छन् भने बाहिर निस्कने सानो मार्गसम्म फेला पार्न सक्दैनन् । अनेकौं हन्डर, ठक्कर र झन्झावातले अनन्तहरूलाई कति गाल्छ भने उनीहरू दार्शनिक बन्छन्, कवि बन्छन्, वैरागी बन्छन् । तर, मैले उपन्यासको पात्र सुकरातजस्तो प्रोफेसर विश्वविद्यालयमा भेटेको छैन । उपन्यास पढ्दै जाँदा मेरो दिमागमा अनन्तको अनुहार आइरहयो, जुन छिनछिनमा फेरिरहन्थ्यो । सुकरातको अनुहार मैले बनाउनै सकिनँ, कहिलेकाहीँ भट्टराईकै अनुहारसँग उपन्यासका प्रोफेसर पात्रको अनुहार जुधाउनुबाहेक । उपन्यासका पात्र सुकरातजस्ता विद्यार्थीहरूलाई पर्याप्त समय दिने, घरमै ज्ञानगुनका कुरा सिकाउने र जीवनवादी बन्न प्रोत्साहन दिने प्रोफेसरहरू को छ र त्रिभुवन विश्वविद्यालयमा ? सबैसँग आफ्नै भागदौड छ, आफ्नै व्यस्तता र समस्याहरूमा अल्झिरहेका देखिन्छन्, विश्वविद्यालयका प्रोफेसरहरू । विद्यार्थीहरूलाई भट्टराईले कल्पना गरेजस्तो जीवनदर्शनका अनेकौं आयामसँग परिचित गराएर जीवनवादी बन्न प्रोत्साहित गर्ने सुकरातजस्ता प्रोफेसर मैले त्रिभुवन विश्वविद्यालयमा अहिलेसम्म भेटेको छैन ।

प्रोफेसर सुकरातको मुखबाट भट्टराईले आफ्नो जीवन दर्शन बोलेका छन्, नयाँ र पुरानो समयसँग तालमेल मिलाउनुपर्ने यो युगका युवाहरूको पीडा गम्भीर ढंगले व्याख्या गरेका छन्, यौवनपूर्ण सपनाहरू कसरी छिन्नभिन्न भएर टुक्रिरहेका छन् भनेर आँखैअघि देखाइदिएका छन् । अहिलेको समयका अनन्तहरूसँग पीडाको खात छ, भिडन्तमा मायालु मर्छे, कमाइ खाने कुनै अवसर छैन, विदेश जान खोज्दा दलालले पैसा खाइदिन्छ, पढ्न मन लाग्दैन, गाउँ फर्कने कुनै आधार छैन, जीवनका सानाभन्दा साना सपनाहरू पनि अधुरै रहन्छन् अनि जापानी लेखक वातारु सुरुमीको 'द कम्प्लिट म्यानुअल अफ स्युसाइड' नपढेर के गरून्, भट्टराईको पात्र अनन्तले जसरी ?

भट्टराई विश्वविद्यालयका प्रोफेसर हुन् । उनले त्रिभुवन विश्वविद्यालयलाई नजिकबाट देखेका छन् । त्यहाँ देशभरिबाट अनेकौं सपना सँगालेर पढ्न आउने विद्यार्थीको हुल छ, अनन्तजस्तै । उनको उपन्यासमा कीर्तिपुरवरपरको सजीव वर्णन छ । तर, उनले विद्यार्थी आन्दोलन (त्यो कुनै कुनै बेला विभाग र प्रोफेसरविरुद्धसमेत हुन्छ) बारे लेख्दा विश्वविद्यालय र प्राध्यापकको पक्ष लिएका छन्, जुन एकपक्षीय छ । त्रिभुवन विश्वविद्यालय, विभाग र योसम्बद्ध क्याम्पसहरूमा लापरवाही हुँदै हुँदैन भन्नु नेपालमा भ्रष्टाचार छँदै छैन भनेजस्तो हो । भट्टराई सज्जन छन्, तर त्रिभुवन विश्वविद्यालयमा उनीजस्ता सज्जनहरूको संख्या सानो छ ।

उपन्यासमा पात्र र घटनाको आकर्षक वर्णन छ । लय र गति कस्तो छ भने कतै पनि पात्र र घटनालाई अवमूल्यन गरेर 'जम्प' गरेजस्तो लाग्दैन । भावना र दर्शनमा बग्दा कतिपय ठाउँमा उपन्यासकार कवि बनेका छन् । कतिपय व्याख्याहरू अतिशयोक्तिपूर्ण लाग्छन् । अहिलेको समयमा बाँचिरहेका नेपालीको संघर्षमाथि लेखिएको यथार्थपरक उपन्यासमा कवितात्मक भाखा उति रुचिकर लाग्दैन, कतै कतै । यद्यपि उत्तरआधुनिकताका ज्ञाता (पछिल्ला केही समालोचना कृतिहरूपछि उनलाई यसो भन्दा फरक पर्दैन) भट्टराईले समयको पछिल्लो कालखण्डलाई जस्ताको तस्तै उतार्न सम्भव प्रयास गरेका छन्, उपन्यासमा । बालुवाका कण जसरी चोइटिएर मसिना-मसिना सपनाहरूको मृत्यु भएपछि अहिलेका अनन्तहरू कुन हदसम्म विरक्तिन्छन्, कतिसम्म निरास हुन्छन् र एउटा जीवनवादी युवा हृदयका सबै आशाहरूले कसरी आत्महत्या गर्छन् भन्ने थाहा पाउन 'सुकरातका पाइलाहरू' पढ्नै पर्छ ।

**■ मनोज दाहाल**

# मुक्तिका सपनाहरू



■ कृष्ण धरावासी

सिनेमा जस्तै भएका छन् सपनाहरू । दिनदिनै नयाँ नयाँ रंगरूपका भएर आइरहन्छन् आँखामा । दिनदिनै फेरिइरहन्छन् । सपना देखाउने अनुहारहरू पनि फेरिन्छन्, सपना भन्ने स्वर पनि फेरिन्छन्, सपनालाई सपनै बनाएर सजाउन खोज्नेहरू पनि फेरिन्छन् । फेरिएका हरेक सपनाहरूमा आफ्नो स्थान खोज्दाखोज्दै हैरान भएका हामीलाई अब हरेक सपना ऐठनजस्ता लाग्न थालेका छन् । रातको कल्पना नै डरलाग्दो भएको छ । जबजब रात पर्दै जान्छ, सपना देख्नुपर्ने त्रासले मन आत्तिन थाल्छ ।

किन देखाउन रहर गर्छन् मानिसहरू हामीलाई सपना ? हामी किन बाध्य छौं देख्न तिनीहरूको सपना ?

कहिले देशको सपना देखाउँछन्, कहिले विदेशको सपना देखाउँछन् । कहिले पहाडको सपना देखाउँछन्, कहिले मधेसको सपना देखाउँछन् । भोक, अनिकाल, गरिबी र आतंकको भुमरीमा लपेटिएको यो वर्तमान किन सपनाको खोल ओडेर पुसको ठिहिरो रात काट्न विवश छ ? सधैं नाराहरू, जुलुसहरू, बन्दहरू, तोडफोड, हत्या र आतंकका बीच भोलि उदाउने घामको प्रतीक्षामा यो ठिहिर्‍याउँदो रात किन भोग्न बाध्य छौं हामी ?

मलाई जहिले पनि एउटै कुराले पिरोल्छ –

सपनाका निर्देशकहरू सधैं नयाँनयाँ खाले योजनाहरू आँखाका पर्दामा देखाएर युग पर्खिन सिकाइरहेछन, नआत्तिन, धैर्य रहन, सहादात हुन र मर्न प्रेरित गरिरहेछन् । आकाश पनि, हावा पनि, हिमाल पनि सबै उनीहरूकै चिन्तन सीमाको घेरामा पर्छ भन्छन् । भन्छन् - अब एक पाइलो सार्नुअघि उनीहरूलाई सोधिनुपर्छ,, एक गाँस खानुअघि उनीहरूतिर हेरिनु पर्छ ।


कहाँकहाँसम्म पुग्ने यात्रा थालेका हौं भन्थे, आज गड्यौलाझैँ एकै ठाउँ गुटमुटिएर बसिरहेका छन् उनीहरू तर यो स्वीकार गर्न असमर्थ छन् कि उनका सपनाहरू तन्द्रा होइनन्, ऐठन होइनन् । उनीहरू भन्छन् - ती सबै उनले पुर्‍याउन चाहेको मार्गका पुलहरू हुन् तिनमै टेकेर मात्र पुग्न सकिन्छ मुक्तिमा ।

हजारौं युग बितिसक्यो मुक्तिका सपनाहरू बोकेर । मुक्तिका कल्पनामा मर्नेहरूका नाम पनि अब असंख्य छन् । आला मुक्ति चिहानहरूमा आँसु झार्नेहरूसमेत छैनन्, आज । केवल निर्धुम आँखाले टाढा क्षितिजतिर हेरेर टोलाएको संवेदनशून्य पात्रमा परिणत भइरहेको यस वर्तमानमा तिनले देखाउने हरेक सपनाहरू अब सादा भइसके, रंग उडेका ।

आज फेरि मलाई एकपल्ट आफैंले कुनै दिन लेखेको त्यो कविता याद आइरहेछ । –

मुक्तिका सपनाहरू सब बेकार हुन्  
मानिसहरू एक एकवटा आस्थाको किलोमा कैद छन्  
एउटै रामलाई मर्यादा पुरुष बनाउनका निम्ति  
भक्तहरू रामभित्रको हराम देख्न असमर्थ छन् ।

ओ ! सिद्धार्थ गौतम !  
ओ ! एडोल्फ हिटलर !  
ओ ! जड भरत !  
कहाँ छ मानिसको मुक्तिफल ?  
कहाँ छ यो आस्थाको धरातल ?



एक एकवटा महत्त्वाकांक्षाहरू आफैं अगिलएर उभिन खोज्दा उसले टेक्ने लौरो बनाउँछ, जनतालाई देखाउने कुनै रंगीन सपना । आँखामै टक पर्ने गरी उसले देखाएका सपनाहरू विगत र वर्तमानको विस्मृतिको छायाँ बन्छ चेतनामा । फेरि एकपल्ट कुद्न मन लाग्छ जुलुसमा, फेरि एकपल्ट ताली पिट्न मन लाग्छ भाषणमा । एकपल्ट मरिदिन मन लाग्छ आन्दोलनमा । लाग्छ- सबै थोक एक्लै गरिदिऊँ, एक्लैले ल्याइदिऊँ त्यो युग ।

उसले फुकेको सिटीमा कुदिहालियो आफू त, सबै कुदेकै होलान् ठानेर तर, पर भड्खालामा पुगेर पछि फर्की हेर्दा आफूसँग त थिएनन् कोही पनि । एक्लै पो यो उमेरसम्म भोकै नांगै उसले फुकेको सिटीको स्वरमा बहकिएछ । आज जब सपना ऐठन भयो, वर्तमान आँखामै बिलायो, हिजो हिँडेर आएका सबै बाटा अँध्यारा गल्लीमा परिणत भए । हो ! आज उभिएर यहाँ, म देखिरहेछु इतिहासको यो दुर्गति जसले बितेको यत्रो युगलाई बीच बाटोमै कहाँ खसाएछ कहाँ ?

मुक्ति आफैं बन्धनमा परिणत भइरहेका बेला सपनाहरू पनि अब अत्यासलाग्दो दृश्य भएका छन् । हामीले हिमालको सुन्दरताको वर्णन गरिरहेका बेला हिउँको ठिहिरोको त चर्चै गर्न भुलेछौं, हामीले उज्यालो घामको कुरा गरिरहेका बेला त्यसको रापिलो तेजको त कुरै उठाएनछौं, आज यो वर्तमानमा आइपुग्दा अब थाहा हुँदै छ, आफैंले आफ्नो शरीरको मासु काट्दै मुक्ति यज्ञमा चरु बनाउन परिरहेको छ । जति दुखे पनि ऐय्या भन्न भएको छैन, जति पीडा भए पनि बोल्न भएको छैन । तर ... के साँच्चै न्यायको प्रतीक्षामा अन्यायलाई दाह्रा किटेर खपिरहनु ?

सपनाका निर्देशकहरूका ठूला ठूला फोटाहरू छातीमा टाँसेर, आफैंलाई बिर्सदै, आफैंलाई छेल्दै हिँडिरहनु परेको छ । हरेक रामभित्र लुकेको हरामलाई सलाम गर्दै आफूलाई सबैभन्दा निरीह बनाउनु परिरहेछ । एउटा-एउटा व्यक्ति तानाशाह जन्मेर घर-घरमा अब उभिन असम्भव भएको छ । सबैले मिलेर बनाएको बाटो अब कुनै पार्टीको बपौती भएको छ, कुनै झन्डाको जमिनदारी भएको छ, आफ्नै सम्पत्ति मानिएको संरचना कुनै जुलुसको उत्सव बनेको छ । आफ्नो विचार अब बोल्न भएन, उसकै विचार मात्र दोहोऱ्याउनु परेको छ । मानिस हुने लडाइँ लडेथ्यौं हामीले तर आज थाहै नपाई कसैका घोडामा परिणत भइरहेका छौं ।

मनैले त आजसम्म कोही पनि मरेन यहाँ । मर्नैपर्छ भनेर भाषण गर्नेहरू त कोही पनि मरेनन् आजसम्म यहाँ । यहाँ त तिनीहरू मात्र मरे, जसलाई यो जुलुसमा जाँदा मरिन्छ भन्ने थाहा थिएन, यो चिट्ठी बोक्दा मरिन्छ भन्ने थाहा थिएन, यो झोलाभित्र के छ भन्ने थाहा थिएन, यो बोलीको प्रतिक्रिया के हुन्छ भन्ने थाहा थिएन । थाहा थिएन - यहाँ मर्नुको यो हविगत हुन्छ भन्ने पनि, समर्पणको यो उपलब्धि पनि ।

'*मर्नैपर्छ एकदिन सबैले, हामी पनि मर्छौं*
*हामी मर्दा जनताको शिर उठाई मर्छौं"* भनी गीत गाउनेहरू कोही पनि मरेका छैनन्, तर यो गीत सुन्न भेला भएकाहरू मरेका छन्, यो गीत सुन्दा किन मर्नुपर्छ भन्ने नजान्नेहरू मरेका छन् । मर्नका निम्ति हातमा बन्दुक थमाउने गिरिजाप्रसादहरू जिउँदै छन्, तर रामलक्ष्मणहरू मरेको कत्ति भयो भयो । प्रचण्ड बाबुरामहरू भाषण गर्दै छन्- तिनका भाषण पढेर बन्दुक बोक्नेहरूका चिहानको पनि आज टुंगो छैन । राजा ज्ञानेन्द्रका निम्ति बलि हुन्छु भन्ने कुनै राजभक्त कहाँ कसरी समाप्त भयो थाहा छैन ।

अरूलाई मर्न प्रेरित गरी, अरूको लास काँधमा हाली नगरपरिक्रमा गर्दै आफूलाई सपना निर्देशक बनाउन उद्यत नयाँ नयाँ अनुहारहरू निरन्तर जन्मिरहेका छन् । बाँच्नै कठिन भएको यस वर्तमानमा भविष्यतिर फेरि पनि आशा अड्याउनु परेको छ । दिन प्रतिदिन यहाँ –

*मालिकहरू मुक्तिका सपना लिएर आउँछन्*
मालिकहरू मर्यादाका उपदेश बोकेर आउँछन्
मालिकहरू आस्थाको किलो गाड्दै आउँछन्
र मानिसहरू क्रमशः दास हुँदै जान्छन्
*मुक्तिका सपना देख्दै जान्छन्* ।

अब त उभिन मन लागेको छ । अब त मन लागेको छ आफ्नै आँखाले उधारो आकाश हेर्न, आफ्नै हत्केलाले न्यानो आगो ताप्न, आफ्नै पाइतालाले हिमाल टेक्न । अरूले बोकाएको भारी, अरूले देखाएको गोरेटो, अरूले उठाएको झन्डा अब काम नलाग्ने भएको छ । आफैंले आफ्नो अस्तित्व उभिएको देख्न नसके अब बाँच्नुको सार्थकता अनुपस्थित भएको छ ।

उनीहरू त जुधाएर, फुटाएर, फटाएर, मराएर शासन गर्न प्रेरित छन् कालान्तरदेखि नै । कहिले विदेशदेखि खतरा छ भनेर हामीलाई भुलाए, कहिले देशभित्रै खतरा छ भनी हामीलाई तर्साए । सधैं एउटा एउटा मानसिक आतंकको रचना गरी भोगिरहे उनीहरूले हाम्रो लाचार उपस्थिति । आज पनि कहिले पहाडका कुरा गर्छन्, कहिले मधेसका कुरा गर्छन्, कहिले जातजातिका कुरा गर्छन्, कहिले भाषाभाषीका कुरा गर्छन् । उनीहरूले कहिल्यै राष्ट्रका कुरा गरेनन्, कहिल्यै विकासका कुरा गरेनन्, कहिल्यै जनताको यथार्थ हितका कुरा गरेनन् । आज हामीलाई मुक्ति दिएँ भन्नेहरू आफैं बन्दकारी बनेका छन् । आफ्नै आँगन र घरमा दूरी बढेको छ, आफ्नै आँखा र निधारमा परिचय हराएको छ ।

यस अँध्यारो मनको आँगनमा उभिएर म कुन आस्थाको कुरा गरूँ ? कुन सपनाको चित्र सोचूँ ? यो क्षण म उदासीन भएको, निरास भएको, हारेको मानसिकताको क्षण भनिन सक्छु, ऊर्जा गुम्दै गएको मानिन सक्छु तर मलाई लाग्छ म - कठपुतली हुनबाट रोकिन आँटिको, भ्रमबाट अलग्गिन आँटिको, देखेको सत्यको अभिव्यक्ति बन्न आँटेको क्षणमा छु ।

अब मलाई यसो भनिरहँदा, प्राप्त भएको लोकतन्त्र गुम्ला, हातमा बन्दुक हुनेहरूले तर्साउला, आफ्नै आस्थाबाट विचलित भएको आरोप लाग्ला र मैले टेकेको कुनै आधारबाट खुस्कनु पर्ला भन्ने पीर छैन । र छैन अब कुनै डर पनि, हीनता पनि र लज्जा पनि । म दिल खोलेर भन्न सक्छु - मैले रामभित्रका हरामहरू देखेको छु र अब मैले तिनको नाम छोराका लागि भोलि बनाइने इतिहासमा लेखेको छु । ■

**कविता**

## लोड सेडिङ



■ **विक्रम सुब्बा**

जंगी हाकिम र हतियार-माफियाका
सरदारहरूसँग
कहाँ कसरी ताण्डव मचाउने
र हतियारको भव्य व्यापार गर्ने ?
जुल्फिकर अलि भुट्टोलाई जस्तै
क-कसलाई झुन्ड्याएर सिध्याउने ? आदि
बारेमा
छलफल गरिरहेका थिए बुस महासय
अचानक टोर्नेडोले सबथोक उडायो
झ्याप्प बिजुली गयो पेन्टागन अँध्यारो भयो
बुस र वरिपरि जुटेका
ब्वाँसाहरूलाई सारै दिक्क लाग्यो ।

'बिनलादेनको ज्यानभन्दा लोभलाग्दो
अफगानिस्तानको छातीको ग्याँस कब्जा गर्न
अमेरिकाले आक्रमण गरेको' भन्ने
सिद्धान्तलाई
नारायण ढकाल र म
इन्टरनेटमा पढ्दै थियौं
सत्ता हत्याएका राजाका सैनिकले फोनलाइन
काटे
इन्टरनेट डिस्कनेक्ट भयो
र अमेरिकाका खतरनाक नियतहरूको
सर्वांग बासलातको
पूर्ण पाठ पढ्नै नपाएर दिक्क लाग्यो ।

'सद्दामको रगतभन्दा पनि शक्तिवर्धक
इराकी तेल र तेलका कुवाहरू कब्जा गर्न
अमेरिकाले सद्दामलाई फाँसी गरेको' भन्ने
नोम चोम्स्कीको डक्ट्रिन,
खगेन्द्र संग्रौला र म
अल जजिरामा हेर्दै-सुन्दै थियौं
झ्याप्प बिजुली गयो
र अमेरिकी हर्कतका
सम्पूर्ण तन्तुहरू हेर्न नपाएर दिक्क लाग्यो ।

'व्यवस्थापिका-संसद्‌मा साम्यवादी बढे
अब सरकार कम्युनिष्टहरूले चलाउनेछन्
यहीँबाट फेरि साम्यवाद दुनियाँभर फैलन
सक्छ
संघीय-गणतन्त्र र समानुपातिक चुनाव
क्यापिटलिज्मका लागि आत्मघाती हुनेछ'
भन्ने सन्देश बोकेर भत्कौरो-राजदूत
अमेरिकी दूतावासबाट बालुवाटार-दरबार
पसेको
गगन थापा र रुबिन गन्धर्वसँग
कान्तिपुर टेलिभिजन हेर्दै थियौं
झ्याप्प बिजुली गयो
बालुवाटारबाट-अमेरिकी झन्डावाल गाडी
फर्केको हेर्नै पाइएन र सारै दिक्क लाग्यो ।


विपना थापा

# बिस्तारै बिहे


गौरी मल्ल

झरना बज्राचार्य

**पर्दाको दुनियाँमा हजारौं दर्शकको ताली पाउने नायिकाहरूको वास्तविक जीवन उस्तो रमाइलो हुँदैन, तर उनीहरू विवाहलाई प्राथमिकता दिँदैनन् भन्ने आरोपलाई चुनौती दिँदै नेपाली नायिकाहरू भकाभक वैवाहिक जीवनमा बाँधिन थालेका छन् ।**

■ **ज्योति देवकोटा/काठमाडौं**

**हिन्दी सिनेमाकी सदावहार** नायिका रेखाले भारतका धनाढ्य मुकेश अग्रवालसँग विवाह गरिन् । सबैले बाहिर हल्ला चलाए - रेखालाई मुकेशसँग बस्न गाह्रो हुन्छ । ऊ मुकेशसँग बस्न सक्दिन, तर भयो अर्कै । पति-पत्नीबीच देखिएको विवादका कारण अन्ततः मुकेशले आत्महत्या गरे र रेखा एक्लै भइन् ।

त्यसैगरी नेपाली सिनेमाकी एक समयकी चर्चित नायिका नवीना श्रेष्ठले विवाह गरिसकेपछि घरलाई समय दिन नसकेको भन्दै परिवारमा देखिएको आन्तरिक किचलोकै कारण अन्ततः आत्महत्या गर्नु पर्‍यो । फिल्मी क्षेत्रलाई सधैं तताइरहने यस्ता घटनाले यो क्षेत्रमा काम गर्ने नायिकाहरूको वैवाहिक जीवनलाई पनि सधैं अन्योलमा पार्ने गरेको छ । यसले गर्दा पछिल्ला वर्षहरूमा विवाह गर्ने उमेर भइसक्दा पनि यतातिर ध्यान नदिएका नायिकाहरू यो सोच र मान्यतालाई अन्त्य गर्दै भकाभक विवाह गर्ने तरखरमा लागेका छन् ।

सिनेमाको जीवन र यथार्थ जीवनलाई एउटै आँखाबाट दाँज्ने प्रवृत्तिका कारण सिनेमाका पर्दामा अनेक भूमिकामा देखिने नायिकाहरूको वास्तविक जीवन खासै सफल हुने गरेको छैन । पश्चिमी मुलुकहरूमा महिनैपिच्छे पति र पार्टनर फेर्दा पनि नायिकाको करियरमा फरक पर्दैन ।

नेपालमा भने यसलाई असहज रुपले हेरिन्छ । विवाहले नायिकाको करियरमा धक्का पुग्छ । त्यसैले नेपाली नायिकाहरूले उमेर ढल्किसक्दा पनि विवाह गर्नेतिर बढी ध्यान नदिने र वैवाहिक जीवनलाई पनि खासै प्राथमिकता नदिने गरेको बताइन्छ ।

उमेरले नेटो काट्न लागिसक्दा पनि वैवाहिक जीवनलाई प्राथमिकतामा राख्न नसक्नु के कारण हुन सक्छ त ? समाजशास्त्री खगेन्द्र प्रसाई भन्छन्, 'फिल्म लाइनमा छिरेपछि क्यारियरको कुरा टड्कारो रुपमा उठ्छ । यसैमा समय जाने भएका कारण फिल्म लाइनमा काम गर्ने नायिकाहरूले वैवाहिक जीवनलाई प्राथमिकतामा नराखेको हुनु पर्छ । करियर बनाउने भन्दाभन्दै समय चिप्लिएको थाहै

हुँदैन । यो पनि एउटा कारण हो ।'

नेपालमात्र होइन, विश्वकै फिल्मनगरीको विश्लेषण गर्ने हो भने सिनेमामा कार्यरत नायिकाहरूको वैवाहिक जीवन तुलनात्मक रूपमा कम सफल भएको पाइन्छ । फिल्मनगरीमा पाइलो हालेर सफलतातिर उक्लिँदा नायिकाहरूमा देखिने अहंले पनि यस्तो भूमिका खेल्ने बताउँछन्, फिल्म निर्देशक अशोक थापा ।

नेपाली फिल्ममा आफ्नो पकड जमाएकी अविवाहित नायिका विपना थापा भने यसलाई अस्वीकार गर्छिन् । 'करियर बनाउने सोचमा समय बितेको पत्तै हुँदैन । त्यसले वैवाहिक जीवन पर सर्छ, तर यसको अर्थ वैवाहिक जीवनलाई नायिकाहरूले प्राथमिकतामा राख्दैनन् भन्ने होइन ।' आफूलाई पनि परिवारबाट विवाह गर्न दबाब आइरहेको र यसको छिनोफानो चाँडै हुने विपनाले बताइन् ।

पछिल्लो समयमा केही नेपाली नायिकाहरू विवाह बन्धनमा बाँधिएका छन् । नायिका जल शाह अमेरिका पलायन भएपछि त्यहाँ लामो समयदेखि बसोवास गरिरहेका ४० वर्षीय शरद रिमालसँगै विवाह गर्दै छिन् भने अर्की नायिका तथा टेलिभिजन कार्यक्रम प्रस्तोता कृति भट्टराईले पनि आफ्नै सहकर्मी रवि श्रेष्ठसँग विवाह गर्ने भएकी छन् । त्यसैगरी नयाँ पुस्ताकी चर्चित नायिकामा गनिने सज्जा मैनालीले पनि गत मंसिरमा अमेरिकामै बसोवास गर्ने युवकसँग विवाह गरेकी छन् । सारंगा श्रेष्ठले पनि अमेरिका बसाइँकै क्रममा अमेरिकी नागरिकसँगै बिहे गरेकी छन् ।

अहिले विपना थापा, मेलिना मानन्धर, झरना बज्राचार्य, रेजिना उप्रेती, उषा पौड्यालको आफ्नो करियरकै कारण वैवाहिक जीवन कम प्राथमिकतामा परेका छन् । 'विवाह गरेपछि म कसैकी श्रीमती हुन्छु, अहिले म एक्लो हुँदा जति समय बाहिर दिन सक्छु, त्यो बेला दिन सक्दिनँ । त्यसैले मैले अहिले विवाहलाई प्राथमिकतामा राखेकी छैन', बिहे नगर्नुको कारणबारे निरुता सिंह भन्छिन् । नायिका मिथिला शर्मा त उमेर निकै घर्किसकेकाले अब बिहे नगर्ने बताउँछिन् ।

तर, फिल्मनगरीमा कार्यरत नायिकाहरूको वैवाहिक जीवन तुलनात्मक रूपमा कम सफल देखिन्छ । गौरी मल्ल, मौसमी मल्ललगायत नायिकाहरूको वैवाहिक जीवन सफल भएन । कि एउटै क्षेत्रमा काम गर्ने पतिलाई रोजेकाहरूको वैवाहिक जीवन सफल भएको छ कि विवाहपछि पूर्णरुपमा पलायन भएकाहरूको जीवन सफल भएको छ । 'अन्य क्षेत्रमा कार्यरत व्यक्तिसँग विवाह गर्ने हो भने असमझदारी पैदा हुन्छ, जसका कारण वैवाहिक जीवन सफल हुन सक्दैन', नायिका झरना झापा भन्छिन् । उनी निर्माता सुनीलकुमार थापासँग विवाह गरेर सफलतापूर्वक करियर अघि बढाइरहेकी छन् ।

फिल्म निर्माता छवि ओझासँग वैवाहिक बन्धनमा बाँधिएकी रेखा थापा, विनोद मानन्धरसँग विवाह गरेकी करिष्मा मान्धरको जीवन तुलनात्मक रूपमा सफल भएको मानिन्छ । 'नाम चलेका नायिकाहरूलाई पाल्न गाह्रो हुन्छ भन्ने मानसिक त्रासलाई स्विकारेर सजिलैसित नायिकासँग कमैले विवाह गर्न चाहन्छन्, तर एउटै क्षेत्रमा काम गरेकाहरूको भने वैवाहिक जीवन सफल भएको छ', फिल्म निर्माता प्रकाश सायमीको भनाइ छ ।

वैवाहिक जीवनलाई प्राथमिकतामा राखिने भए पनि नायिकाका रुपमा फिल्ममा काम गर्न थालिसकेपछि विवाह गौण हुँदै जाने भनाइ नायिका विपना थापाको छ । अन्य क्षेत्रमा काम गर्ने महिलाहरूभन्दा फिल्मी क्षेत्रमा काम गर्ने नायिकाहरूको सोचाइ फराकिलो हुन्छ । त्यसैले उनीहरू वैवाहिक जीवनका लागि नहतारिने बताउँछिन्, उनी । तर, अधिकांश नायिकाहरूको वैवाहिक जीवन सफल नहुनुको बारेमा भने उनको धारणा यस्तो छ । 'वैवाहिक जीवनपछि पति-पत्नीबीच हुने समझदारीको अभावले यस्तो अवस्था आउन सक्छ ।'

'फिल्मी क्षेत्रमा काम गर्ने ऊर्जाको समय भनेको २५ देखि ३५ वर्षको उमेरलाई मानिन्छ । यसैले यो अवधिमा कमैले विवाहतर्फ ध्यान दिन्छन्', नायिका रेजिना भन्छिन् । सिनेमामा चाल र चरित्र दुवैलाई सँगै लानु पर्ने हुन्छ । 'यी दुवैलाई सँगसँगै लग्ने नायिकाहरूको व्यवसायिक र वैवाहिक जीवन सफल भएको छ, अन्यथा बीचैमा टुक्रिन्छ', विपना थापा भन्छिन् ।

नेपाली समाजले हेर्ने दृष्टिकोणलाई विस्तारै परिवर्तन गर्दै लान थालेपछि पछिल्ला पुस्ताका नायिकाहरूलाई सजिलो भएको भनाइ छ, अधिकांश नायिकाहरूको । 'कुनै बेला समाजले फिल्ममा काम गर्ने महिलाप्रतिको हेराइ नै फरक हुने गरेको थियो । विस्तारै यो शैली परिवर्तन हुन थालेको छ', विवाहित झरना थापा भन्छिन् । फिल्म क्षेत्रका काम गरिरहेका नायिकाहरूले बढी अपेक्षा राख्ने हुनाले पनि अधिकांश नायिकाहरूको वैवाहिक जीवन सफल नहुने उनको तर्क छ - समझदारीविना विवाह गरियो भने पनि यस्ता समस्या निम्तिन्छन् । पहिला विवाह गर्नेहरूले समझदारीको विषयलाई गौण बनाएको हुनुपर्छ ।

नेपाली क्षेत्रमा सफलता पाएका अधिकांश नायिकाहरूले आफ्नो धरातल बिर्सेर विवाह गर्ने भएका कारण सफलता पाउन नसकेको तथ्य पहिलेदेखि दोहोरिँदै आएको छ । मानसिक, आर्थिक र सामाजिक रूपमा आइपर्ने अवस्थालाई सजिलै कसैले स्विकार्न नचाहने भएका कारण नायिकासँग विवाह गर्न नमान्ने र उनीहरूको उमेर ढल्किने बताइए पनि '२० वर्षको उमेरमा यो क्षेत्रमा पसेपछि कम्तीमा पनि आफ्नो करियर बनाउन १० वर्ष लाग्छ । यसले स्वभावैले वैवाहिक जीवन ढिलो हुन पुग्छ', नायिका मेलिना भन्छिन् ।

जे होस्, असफल भएका वैवाहिक सम्बन्धलाई बिर्सेर नायिकाहरूले आफूलाई विवाहित बनाउन आतुर भएका नेपाली नायिकाहरूलाई लिने हो भने नेपाली सिनेमा क्षेत्रलाई हेर्ने परम्परागत सोचाइ विस्तारै हट्दै जाने थालेको प्रस्टिएको छ । ■



सर्वोत्कृष्ट नायिकाको मनोनयनमा परेकी पेनोलप क्रुज

## बूढा कलाकारलाई ओस्कार

**उनासियौं ओस्कार** तुलनात्मक रूपमा बूढा नायक-नायिकाहरूले हात पारेका छन्, कम उमेरका कलाकारहरूलाई पछि पार्दै । 'दि क्विन'का लागि सर्वोत्कृष्ट ओस्कार हात पारेकी हेलेन मिरेन गत वर्ष यही विधामा सिनेमा क्षेत्रको यो उच्च सम्मान हासिल गर्ने ३० वर्षीया रिज विदरस्पुनभन्दा ३२ वर्ष जेठी छन् । उता 'दि लास्ट किङ अफ स्कटल्यान्ड'बाट सर्वोत्कृष्ट अभिनेताको ओस्कार घर लैजाने ४५ वर्षीय फरेस्टर हिवट्याकर पनि गत वर्ष यसै विधाका विजेता फिलिप सेमुर होफम्यानभन्दा ६ वर्ष जेठा छन् ।

हिवट्याकरले टाइटानिक नायक लियोनार्दो डी क्याप्रियो र अर्का चर्चित हास्य नायक विल स्मिथलाई उछिनेर सर्वोत्कृष्ट अभिनेताको उनासियौं एकेडेमी अवार्ड हात पारेका हुन् । तीन दशकलेखि हलिउडमा अभिनय गरिररहेकी मिरेनले ३२ वर्षीया पेनोलप क्रुज र ३१ वर्षीया केट विन्स्लेटजस्ता चर्चित र कान्छी नायिकाहरूलाई उछिनेकी हुन् । मनोनयनमा परेका ७२ वर्षीया जुडी डेन्च र ५७ वर्षीया मेर्ल स्ट्रिपचाहिँ मिरेनका समकक्षी नायिकाहरू हुन् । 'ड्रिम गर्ल्स'का सर्वोत्कृष्ट सहनायिकाको ओस्कार जित्ने जेनिफर हड्सन आफ्नो यो पछिल्लो सिनेमाका कारण निकै चर्चित छिन् ।

सर्वोत्कृष्ट निर्देशन र सिनेमामात्र होइन, कथा र सम्पादनमा समेत ओस्कर जितेर 'डिपार्टेट' यो वर्ष धेरै विधामा एकेडेमी अवार्ड जित्ने सिनेमा बनेको छ । सातपल्ट ओस्कार मनोनयनमा परेर पनि रित्तै घर फर्कनु परेका डिपार्टेटका निर्देशक मार्टिन स्कोरसेस अवार्ड घोषणाको साँझ कति खुसी थिए भन्ने थाहा पाउन अब ढिला भइसकेको छ, प्रत्यक्ष प्रसारणमा मात्र त्यो देख्न सकिन्थ्यो । ■

# भयरहित स्वतन्त्रता


एक रातको एक दृष्य

**गतसाता अन्तर्राष्ट्रिय** सम्मेलन केन्द्र, नयाँबानेश्वरमा विपी कोइरालाद्वारा लिखित 'एक रात' कथालाई नाटकका रुपमा मञ्चन गरियो। कथाका प्रमुख पात्र किशोरले मुलुकको स्वतन्त्रताको लागि बलिदान गरेको घटनालाई जीवन्तरुपमा प्रस्तुत गरिएको थियो। स्वतन्त्रता संग्रामको अविचलित योद्धा किशोर यति दृढ थियो कि मृत्युदण्ड दिने व्यक्तिसमेतले आत्मग्लानि महसुस गर्‍यो। नाटकले भयरहित स्वतन्त्रता, नागरिक अधिकार र प्रजातन्त्रविना मुलुकको यात्रा सुगम नहुने सन्देश दिएको थियो।

यौनमनोविज्ञानमा आधारित दर्जनौं कथाका सर्जक विपीका थोरै राजनीतिक कथामध्ये 'एकरात' पनि एक हो, जसलाई सर्वनाम नाट्य समूहले भारतीय राजदूतावास र विपी कोइराला नेपाल-भारत फाउन्डेसनले प्रदर्शन गरेको थियो। एक रात कथा पञ्चायतकालमा झुन्ड्याएर मारिएका सहिद दुर्गानन्द झाको जीवनीमा आधारित भएर विपीले सुन्दरीजल जेलजीवन कालमा लेखेका थिए। नाटकमा प्रमुख पात्र किशोरको क्रान्तिकारी छविलाई सशक्तरुपमा प्रस्तुत गरिएको थियो। प्रहरी प्रशासनले आत्मसमर्पणको लागि अनेक प्रयत्न गराउँदा पनि स्वतन्त्रताको पक्षपाती किशोर लोभलालचमा नफसी आफ्नो अडानमा दृढ रहन्छ, अलिकति पनि विचलित नभईकन।


लोकतन्त्र स्थापनाका लागि सञ्चालन गरिएको जनआन्दोलन-२ मा सहादत प्राप्त गर्ने सहिदहरूको समेत झल्को दिएको थियो, नाटकले। रंगकर्मी तथा साहित्यकार अशेष मल्लले विपीको उक्त कथालाई नाटकको रुपमा ढालेर निर्देशन गरेका थिए भने त्यसमा हरिश्चन्द्र केसीको सहनिर्देशन रहेको थियो। उक्त नाटकमा ओममणि शर्मा, सविता लामा, शिरोमणि दवाडी, गोपाल खतिवडा, सविन सिंह, पवन घिमिरे, मुरारी लामिछाने, अनुप खड्कालगायतले जीवन्त अभिनय गरेका थिए। नाटकको सुरुको प्रस्तुति औसत रहे पनि समापनको दृश्य मार्मिक बन्न पुग्यो। स्वतन्त्रताको पक्षपाती किशोरलाई फाँसीमा चढाएपछि प्रहरी जवानमा पैदा भएको हीनताबोधको दृश्यले दर्शकलाई तानेको थियो। यो नाटक माघ महिनाको अन्तिम साता बनारसमा समेत मञ्चन गरिएको थियो। ■

# राजधानीमा रुसी सिनेमा

**राजधानीमा भएको** रूसी फिल्म महोत्सवको पछिल्लो संस्करणले गहन कथानक र यथार्थपरक विषयवस्तुमा आधारित सिनेमाप्रति नेपाली र काठमाडौंमा बसिरहेका विदेशी दर्शकलाई आकर्षण गरेको छ। तीन दिनसम्म चल्ने भनिए पनि नेपाल बन्दका कारण दुई दिन लम्बिएको उक्त महोत्सवमा पाँचवटा रुसी सिनेमा देखाइएका थिए।

पाँचवटै सिनेमाले रूसी भाषा, संस्कृति, साहित्य तथा जीवनशैलीलाई उद्घाटन गरेका थिए। महोत्सवका आकर्षणले विद्यार्थी र युवालाई राम्रै आकर्षण गरेको थियो। पहिलो दिनदेखि नै सर्वसाधारण र विभिन्न कलेजका विद्यार्थीहरूको भीड थियो। रूसी भाषामा बनिएका सिनेमाहरूमा अंग्रेजी सब टाइटल राखिएका थिए।

पहिलो दिन देखाइएको चलचित्र 'द ट्राभल वियोन्ड द थ्री सिज' एफान्सी निकिटनको आत्मवृत्तान्तमा आधारित छ। तत्कालीन




सोभियत संघ र भारतीय सिनेकर्मीहरूद्वारा निर्मित यो फिल्म निकितनले युरोपदेखि भारतसम्मको आफ्नो भ्रमणबारे कौतुहल जगाउने गरी बनाएका छन्। यसमा प्रसिद्ध रूसी कलाकार ओलेग लग इस्ट्रिजेनोभ र भारतीय कलाकार नरगिसले प्रमुख भूमिका निर्वाह गरेका छन्। अर्को सिनेमा 'द क्याप्टेन्स डटर' अलेक्जेन्डर पुस्किनमा आधारित छ। पुस्किनसँगै मिल्दो नाम भएका अलेक्जेन्डर प्रोस्किन्सद्वारा निर्मित यो फिल्ममा रुसी राष्ट्रकवि पुस्किनले गरेका ऐतिहासिक काम समावेश गरिएको छ।

चेखबको सिर्जनामा आधारित सिनेमा 'अबाउट लभ'मा अलेक्जेन्डरले आफ्नी पत्नी र ५ वर्षको छोरालाई कसरी आफ्नै साथीको कारणले छोड्नुपर्‍यो भन्ने देखाइएको छ। फिल्मका पात्रले आफ्ना जीवनमा घटेका तितामिठा घटना दर्शकलाई बताउँछन्। मिखाइल ए बुल्गाकोभको सिर्जनामा आधारित 'द डग्स हार्ट'मा एकजना वृद्ध प्रोफेसर र उनका युवक डाक्टर साथीले कुकुरको दिमागमा मान्छेको दिमाग राखेर दुई सातासम्म परीक्षण गर्दा कुकुरले मानिस जस्तै सोच्न थालेको रमाइलो पारामा देखाइएको छ। मिखाइल सोलोखोभको सिर्जनामा आधारित 'दे फाउट फर द मदरल्यान्ड'ले १९४२ जुलाइमा युद्धताका युद्धभूमिमा बगेको रगत र सोभियत सैनिकहरूको बलियो प्रतिरक्षात्मक शैली देखाइएको छ।

ऐतिहासिक विषयवस्तु समेटिएका यी सिनेमा हेरेपछि दर्शकमा रहेको रुसी जीवनप्रतिको कौतुहल केही हदसम्म साम्य हुने निश्चित छ।

**■ मीना बोगटी/काठमाडौं**



# विडो थाम्दै

**पर्यटकहरूका लागि रातिको समय थारु सांस्कृतिक कार्यक्रम सबैभन्दा ठूलो आकर्षण बन्न पुगेको छ**

रवीन्द्र श्रेष्ठले आठ वर्षअघि एउटा परिकल्पना तयार पारे, चितवनमा थारू संस्कृतिको जगेर्ना गर्ने। उनले यसका लागि पर्यटकहरूको घुइँचो लाग्ने सौरहालाई केन्द्र बनाए र सौरहामा रहेको आफ्नै जग्गामा २०५३ सालमा थिएटर पनि खोले। रवीन्द्रको यो परिकल्पना लामो समय चल्न सकेन र उनले केही वर्षमै थिएटर बन्द गरे।

अहिले दाजु रवीन्द्रको त्यही परिकल्पनालाई साकार पार्न जुटेका छन्, भाइ रञ्जन श्रेष्ठ। उनी यसमा विस्तारै सफल पनि हुँदै गइरहेका छन्। हात्ती र गैंडा हेर्न घुइँचो लाग्ने सौरहामा अहिले स्वदेशी तथा विदेशी पर्यटकहरूका लागि रातिको समय थारू सांस्कृतिक कार्यक्रम सबैभन्दा ठूलो आकर्षण बन्न पुगेको छ। साँझको साढे सात बज्यो कि सौरहामा रहेका सबै पर्यटकहरू मयूरी डान्स, भोजपुरी डान्स, झुम्रा डान्स र डान्डी डान्सको लुप्तता उठाउन थिएटरमा पुगिसक्छन्। 'घाटाका कारण दुई वर्ष थिएटर बन्द भयो', २८ वर्षीय रञ्जनले *समय*सँग भने। विदेशी पाहुनाहरूलाई तराईको संस्कृतिबारे छोटो जानकारी दिने उद्देश्यले बीच-बीचमा उद्घोषण पनि गर्ने गरेका रञ्जन विगत चार महिनादेखि राम्रो कमाइ हुन थालेको बताउँछन्। उनले थिएटर सञ्चालनका लागि २२ जनालाई काम दिएका छन्। 'मासिक १९ हजार खर्च हुन्छ', उनी भन्छन्। सयजना दर्शक अटाउने थिएटरमा अहिले अफ-सिजनमा पनि दैनिक ३०-३५ जनाको हुल देखेर अचम्ममा परेका रञ्जन भन्छन्, 'हिजोआज होटलबाट प्याकेज लिएर सो हेर्न आउँछन्।' ■





युवराज घिमिरे

# शासनको कुन नमुना अपनाएको छ, संक्रमणकालीन नेपालले ?

**सक्षम र सार्थक** संक्रमणकाल व्यवस्थापनका लागि न्यूनतम समझदारी र सहमतिका आधारमा निर्मित सक्षम नेतृत्वको सरकार अपरिहार्य हुन्छ । जनआन्दोलनको दबाब र ढिलै भए पनि दमनबाट शासनलाई निरन्तरता दिन सकिँदैन भन्ने राजाको सोच र आन्दोलन र शासनपक्षबीच सीमित सहमति स्थापना गर्न मुख्यतया भारत तथा अन्तर्राष्ट्रिय जगत्को सफल भूमिकाका कारण संसद् पुनःस्थापना र शान्ति प्रक्रिया सुरु भएको हो । र, त्यसका लागि मुलुकमा उत्पन्न परिस्थितिमा पूर्व स्वीकार्य व्यक्ति गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा सात दलीय सरकार बनेको हो, जसमा केही दिनमै माओवादी सामेल हुनेछन् ।

निश्चय पनि सर्वसम्मतिबाट अभिभारा सम्हालेका कोइरालाको नेतृत्वमा संक्रमणको व्यवस्थापन प्रजातान्त्रिक र संसदीय व्यवस्थाका मौलिक मान्यताबाट होस् भन्ने स्पष्ट चाहना थियो, मुलुकको । सशस्त्र आन्दोलनबाट सत्ता हात नलाग्ने र आफ्नो संघर्षले अन्तर्राष्ट्रिय समर्थन हासिल गर्न नसकेको तथ्य स्वीकार गरेर माओवादी नेतृत्वले कोइरालाको नेतृत्वलाई सहयोग पुऱ्याएको मात्र छैन, व्यवस्थापन प्रक्रियालाई अझ सहज पुऱ्याएको पनि हो ।

तर सरकार वा त्यसको नेतृत्व यदि आफ्ना एजेन्डालाई स्पष्टसँग प्रस्तुत गर्दा र त्यसको कार्यान्वयन गर्न अपेक्षित गतिभन्दा धेरै पछाडि पर्छ भने त्यसप्रतिको जनआक्रोश र निराशा स्वभाविकरुपमा उठ्छ नै । विगत १० महिनाको शासनले अहिले ती कुरा नै भोगिरहेको छ । अझ बढी यो सरकारबाट 'शान्ति प्रक्रिया'को रटानमा बाहेक अन्य केही पनि देखापर्न सकेको छैन ।

राजनीतिमा सम्भावनाहरू खोजिन्छ, तर सरकारको पूर्ण अनुपस्थितिले अराजकता जन्माउने मात्र हैन, त्यसलाई फैलन पनि मद्दत गर्छ । एकातिर स्पष्ट सोच र कार्यक्रमको अभाव अर्कोतिर जवाफदेहिताको सामान्य संसदीय परम्परालाई तीलाञ्जली दिने वर्तमान सत्ताको आचरणले ठूला दुर्घटनाहरूको संकेत दिन थालेको छ ।

राजनीतिमा सम्भावनाहरू खोजिन्छ, तर सरकारको पूर्ण अनुपस्थितिले अराजकता जन्माउने मात्र हैन, त्यसलाई फैलन पनि मद्दत गर्छ । एकातिर स्पष्ट सोच र कार्यक्रमको अभाव अर्कोतिर जवाफदेहिताको सामान्य संसदीय परम्परालाई तीलाञ्जली दिने वर्तमान सत्ताको आचरणले ठूला दुर्घटनाहरूको संकेत दिन थालेको छ ।

सत्तामा जवाफदेहिताको अभावभन्दा बढी खतरनाक छ, जवाफदेहिताविनाको सत्ताभोग । कोइराला सरकारमा खास गरी उनका गृहमन्त्री षड्यन्त्रपूर्ण सौजन्यबाट माओवादीहरूले सरकारमा प्रवेशअघि नै जवाफदेहिताविना सत्ता सञ्चालन गर्न थालेका छन् । सरकारको तर्फबाट र कांग्रेसपार्टीका तर्फबाट आएका टिप्पणीहरूले सरकार असफल भएको त देखाउँछ नै । उनीहरूको एउटा तर्कहीन जवाफ छ - यो कोइराला र नेपाली कांग्रेसको मात्र असफलता हैन, आठै दलको असफलता हो । संसदीय परम्परामा प्रधानमन्त्रीसँग असफल र अयोग्य कुनै पनि मन्त्रीलाई हटाउने शक्ति हुन्छ । त्यसो गर्न चाहेनन् कोइरालाले । राज्यद्वारा ३५ जनाको हत्या हुँदा यदि प्रधानमन्त्री आफ्ना गृहमन्त्रीलाई विकल्पहीन मान्छन् भने राज्यद्वारा भएको त्यो अपराधको नैतिक र कानुनी जिम्मेवारीबाट कोइराला बच्न पाउँदैनन् ।

वर्तमान सत्ता प्रजातन्त्रको आधारभूत मान्यताविपरीत कानुनको पहुँचभन्दा माथिको वर्गको निर्माणमा लागेको छ । निजी सेनाका बन्दुकहरूको घेरामा र भद्दा आडम्बरपूर्ण खर्चिलोरूपमा गरिब जनताको उपहास गर्दै प्रचण्डले जनसभाहरू गर्न थालेका छन् । जनताका आवाज सुन्न नचाहने एउटा अर्को दलको रूपमा प्रस्तुत हुनेछन्, माओवादीहरू । माघ १९ पछिका राजाको भन्दा कुन रूपमा भिन्न देखिन्छन् प्रचण्ड ? र कोइराला सरकारले माओवादी नेतृत्व र दललाई शान्ति प्रक्रिया र आचारसंहिताका मान्यताभन्दा बाहिर गएर जवाफदेहिताविनाले सत्ताका रूपमा स्थापित गरेको छ ।

शान्ति प्रक्रियालाई अनुगमन गर्न कुनै सक्षम समिति बनाउन सरकारले सक्रियता नदेखाउनुको पछाडि पनि सरकारको अस्तित्वविना जिम्मेवार छ । आचारसंहिताको उल्लंघन माओवादी वा सत्तापक्ष जताबाट भए पनि त्यसले शान्ति प्रक्रियालाई कमजोर बनाउनुका साथै आमविश्वास घटाउने काम गर्छ । माडीदेखि कोपुन्डोलसम्मका माओवादी ज्यादतीका घटना हुन् वा गैरकानुनीरूपमा शाही शासनका मन्त्रीलाई थुन्नेदेखि लिएर उनीहरूले स्वतन्त्ररुपमा 'आवागमन'को अधिकारमाथि अंकुश लगाउने कामले निरन्तरता पाइरहेका छन् ।

वर्तमान सरकारले त्यति नै अन्याय र गैरजवाफदेहितापूर्ण तरिकाले सुरक्षानिकायहरूको मनोबल गिराएको छ । उसले रायमाझी आयोगलाई एउटा स्वच्छ न्यायिक आयोगका रूपमा नभएर आतंकको औजारका रूपमा प्रयोग गऱ्यो । शान्ति प्रक्रिया र अन्तरिम संविधानमा सत्य तथा मेलमिलाप आयोगको व्यवस्था गरिए पनि द्वन्द्वमा मारिएका, घाइते बनाइएका वा बेपत्ता पारिएका एउटा पक्ष वर्तमानबाट उपेक्षित मात्र हैन, उसबाट न्याय नपाउने निष्कर्षमा पुगेको देखिन्छ । त्यो निराशामा उग्रता पनि देखिन थालेको छ । सेनाबाट अवकाशप्राप्त एउटा उच्च तह त्यो निराशाका कारण बाहिर बसाइँ सर्ने क्रममा देखिन्छन् भने केही अन्यायका विरुद्ध लड्न सेनाले केही गर्नुपर्ने वातावरण बनाउन पनि सक्रिय देखिन्छन् ।

सत्य तथा मेलमिलाप आयोगको गठन तत्काल नभएमा मुलुकमा वर्तमान सरकारले एउटा खतरनाक मोडतर्फ मुलुकलाई धकेल्न सक्छ, जसको परिणति गृहयुद्ध हुनसक्छ । त्यो रोक्न सरकारलाई आफ्नो अस्तित्व, कर्तव्य र न्यूनतम मर्यादा बोध हुनु आवश्यक छ ।

माओवादीले हतियार व्यवस्थापनमा छद्मपन देखाएर वा वर्तमान सरकारमा केही मन्त्रीहरूलाई आफ्नो बैसाखी बनाएर राजनीति गर्छ भने त्यसले उसको राजनीतिक धरातल र विकल्पको सम्भावनालाई धेरै नै कमजोर तुल्याउनेछ छिट्टै नै । बरु हतियार व्यवस्थापनले पूर्णता पाउनुअघि नै अन्तरिम सरकारमा लान खोज्नुभन्दा सत्य तथा मेलमिलाप आयोगको गठनलाई त्यसको पूर्वसर्त बनाएमा उनीहरूले संसदीय मर्यादा र मान्यतालाई आत्मसात गरेको प्रमाण हुनेछ, त्यो । र, कुनै पनि हालतमा सरकारले त्यसलाई बेवास्ता गर्न सक्नेछैन ।

माओवादीको रानजीतिक इमानदारी र सदासयताले मुलुकमा प्रजातान्त्रिक अभ्यासलाई दरिलो बनाउन अभूतपूर्व मद्दत पुऱ्याउन सक्छ । तर, त्यसका लागि सरकारले न्यूनतम सावित गर्नैपर्छ । ■